



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
वर्ष ३४ अंक १७६ काठमाडौं | २८ साउन २०८३ बिहीबार श्रावण शुक्लपक्ष प्रतिपदा | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, August 13, 2026 | पृष्ठ १० | १० रुपैयाँ

standard chartered
घर कर्जा (Home Loan)
सीमित अवधिको अफर
वार्षिक ब्याजदर
• स्थिर (Fixed) @५.९९ %*
• परिवर्तनीय (Variable) @५.४९ %*
आवेदन दिन स्क्यान गर्नुहोस्।
थप जानकारीका लागि:
• कल ब्याकका लागि ९७०००९९४६६ मा मिस्ड कल दिनुहोस्।
• हाम्रो २४X७ क्लाइन्ट केयर सेन्टर ०१ ५९७१८०० मा सम्पर्क गर्नुहोस्।
• आफ्नो नजिकैको शाखामा सम्पर्क गर्नुहोस्।
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड
*सर्तहरू लागू हुनेछन्

# मिनी संसद् : नागरिकको पहरेदार कि सरकारको छाया ?

## सरकारलाई जवाफदेही बनाउनुपर्ने संसदीय समितिहरूकै भूमिका कमजोर, बरु उल्टै सरकारको प्रतिरक्षामा देखिएपछि अधिकांश समितिमाथि प्रश्न



**समीक्षा बाँस्कोटा**
सभापति, कानुन, न्याय तथा मानवअधिकार समिति



**अशोककुमार चौधरी**
सभापति, कृषि तथा प्राकृतिक स्रोत समिति



**आशिष गजुरेल**
सभापति, पूर्वाधार विकास समिति



**आकृति अवस्थी**
सभापति, महिला तथा सामाजिक मामिला समिति



**हरि ढकाल**
सभापति, राज्य व्यवस्था तथा सुशासन समिति



**ओजस्वी शेरचन**
सभापति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति



**भरतबहादुर खड्का**
सभापति, सार्वजनिक लेखा समिति



**बोधनारायण श्रेष्ठ**
सभापति, संसदीय सुनुवाइ समिति (संयुक्त)



**गणेश कार्की**
सभापति, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन समिति (संयुक्त)



**कृष्णहरि बुढाथोकी**
सभापति, अर्थ समिति



**सुम्निमा उदास**
सभापति, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति



**रहबर अन्सारी**
सभापति, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानवअधिकार समितिले २० साउनमा राखेको बैठकको एजेन्डा सर्वोच्चका न्यायाधीशका विषयमा तीन अन्तर्राष्ट्रिय संस्थाले जारी गरेको विज्ञप्तिसँग सम्बन्धित थियो । एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स (आईसीजे) र ह्युमन राइट्स वाचले सर्वोच्चका न्यायाधीशलाई राजीनामा दिन सरकारले दबाब दिएको दाबीसहित ८ साउनमा संयुक्त विज्ञप्ति जारी गरेका थिए । यही विषयमा समितिको बैठकमा चार घण्टा छलफल भयो ।

बैठकले ती अन्तर्राष्ट्रिय संस्थासँग स्पष्टीकरण माग्न सरकारलाई निर्देशन दिने निर्णय गर्‍यो । सरकारका कामकारबाहीमाथि प्रश्न उठाउनुपर्ने समिति नै सरकारमाथि प्रश्न उठाउने संस्थासँग स्पष्टीकरण माग्नुपर्ने निर्णयमा पुगेको थियो । यस कार्यले आफ्नो भूमिका बिर्सेर सरकारको सहयोगी हुन पुगेको भन्दै समितिको आलोचना भयो ।

ती संस्थाको दाबीलाई आधार बनाएर समितिले आफ्नै तहबाट तथ्य खोज्ने र अनुसन्धान गर्न सक्ने विकल्प पनि थियो । त्यसो नगरेर समितिले आफ्नो 'म्यान्डेट' विपरीत काम गरेको सत्तारूढ रास्वपाकै सांसद अमरेशकुमार सिंह बताउँछन् । 'राज्यका निकायलाई जवाफदेही बनाउने समितिको भूमिका हो, राज्य बाहिरका निकाय र व्यक्ति कसले के भन्छ, त्यो छलफल गर्ने म्यान्डेट समितिलाई छैन,' उनले भने, 'भोलि कुनै विदेशी राजदूतले सार्वजनिक रूपमा केही बोल्लान् । अनि अन्तर्राष्ट्रिय सम्बन्ध समितिले राजदूतलाई बोलाएर छलफल गर्न मिल्ने ?' **बाँकी पृष्ठ ९**

### एजेन्डा बनाएर छलफल नगरेका सार्वजनिक सरोकारका सवाल

- व्यवस्थापनको योजनाबिना सुकुमवासी बस्ती विस्थापन
- सीमा मामिलामा प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्ति
- सुनसरीमा दुई समूहबीच विवादले उत्पन्न तनाव
- उद्योगी-व्यवसायी पक्राउ तथा घर खानतलासी
- राहदानी ठेक्का प्रकरणमा अख्तियारका पदाधिकारीमाथि प्रधानमन्त्रीको सचिवालयको दबाब
- फेसबुकमार्फत प्रधानमन्त्रीबाट शिक्षा र स्वास्थ्यको समता करमा फिर्ताको घोषणा
- त्रिभुवन विश्वविद्यालयको एमबीएसको प्रश्नपत्र 'लिक'
- ग्यास अभाव
- भारतीय सीमानाकामा भन्सारको कडाइ
- किसानलाई मल अभाव
- कृषि अनुदान तथा वितरणमा समस्या
- सञ्चारमाध्यमका कार्यालयमा अवरोध
- गणेश नेपालीको आत्मदाह
- माजिद अन्सारीलगायत जेन-जी अगुवाको पक्राउ
- राहदानी लिन सास्ती
- सवारी लाइसेन्स वितरण प्रक्रिया अवरुद्ध
- ट्राफिक जरिवाना वृद्धि
- आह्वान भइसकेको संसद् अधिवेशन स्थगन गराएर अध्यादेश जारी

# पत्रकार श्रेष्ठ पक्राउ, वैयक्तिक गोपनीयता हनन गरेको आरोप



काठमाडौं (कास)- पत्रकार किशोर श्रेष्ठलाई प्रहरीले बुधबार साँझ ललितपुरस्थित उनकै निवासबाट पक्राउ गरेको छ । श्रेष्ठलाई पक्राउ गर्न उपत्यका अपराध अनुसन्धान कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंको प्रहरी टोली परिचालित थियो । उनीविरुद्ध वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ विपरीतको कसुर गरेको आरोपमा अनुसन्धानका लागि पक्राउ गरिएको प्रहरीको भनाइ छ ।

यो ऐनको दफा ३ मा व्यक्तिको शारीरिक तथा निजी जीवनको गोपनीयतासम्बन्धी व्यवस्था छ । उपदफा (३) ले 'कुनै व्यक्तिलाई निजको निजी जीवनसँग सम्बन्धित जैविक वा आनुवंशिक पहिचान, लैंगिक पहिचान, यौनिकता, यौनसम्बन्ध, गर्भाधान वा गर्भपतन, कुमारीत्व, पुरुषत्व, नपुंसकत्व वा शारीरिक रोग जस्ता विषयको गोपनीयता कायम राख्ने अधिकार हुने' भनिएको छ ।

यस्तै उपदफा (४) मा कुनै पनि व्यक्तिको निजी जीवनमा असर पर्ने, आघात पुग्ने वा बेइज्जत हुने गरी कुनै पनि विषय लेखेर, बोलेर, प्रकाशन गरेर वा विद्युतीय माध्यम प्रयोग गरेर वा अन्य कुनै पनि प्रकारले सार्वजनिक गर्न वा गराउन नहुने भनिएको छ । श्रेष्ठ जनआस्था साप्ताहिकका अध्यक्ष हुन् । जिल्ला प्रहरी परिसर, काठमाडौंका एसएसपी दिलीप घिमिरेले कान्तिपुरसँग कुरा गर्दै श्रेष्ठविरुद्ध एक पीडितले उजुरी दिएको बताए । 'केही दिनअघि उहाँको सञ्चारमाध्यममा आएको तस्बिरसँग सम्बन्धित विषय हो,' उनले कान्तिपुरसँग भने, 'अहिलेसम्म एउटा मात्र उजुरी आएको हो ।' **बाँकी पृष्ठ ९**

# सम्पत्तिमाथि प्रश्न उठिरहेका बेला पाँच महिनाको विदेश बसाइपछि फर्कंदै देउवा



फाइल तस्बिर

**मातृका दाहाल र यज्ञ बञ्जाडे** (काठमाडौं)

सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान चलिरहेका बेला 'स्वास्थ्य उपचार' गराउन भन्दै विदेश पुगेका पूर्वप्रधानमन्त्री एवं कांग्रेस पूर्वसभापति शेरबहादुर देउवा र उनकी पत्नी एवं पूर्वपरराष्ट्रमन्त्री आरजु राणा देउवा अझै नेपाल फर्किएका छैनन् । पूर्वसभापति देउवा भने कांग्रेस इतरपक्षको भेलामा समेत सहभागी हुने गरी बिहीबार नेपाल आउन लागेको कांग्रेस नेताहरूले बताएका छन् ।

पूर्वप्रधानमन्त्री देउवा १३ फागुनमा त्रिभुवन विमानस्थलबाट सिंगापुर उडेका थिए । त्यसयता उनी विदेशमै छन् । पूर्वपरराष्ट्रमन्त्री राणा २१ पुसमा त्रिभुवन विमानस्थलबाट दिल्ली प्रस्थान गरेकी थिइन् । दुवैले आफूहरू स्वास्थ्योपचारका क्रममा रहेको बताएका छन् । तर कुन देशमा, कुन अस्पतालमा, कुन रोगको विषयमा उपचार भइरहेको भनेर खुलाएका छैनन् । दुवै जना सुरुमा सिंगापुर र त्यसपछि हङकङ पुगेको बताइन्छ ।

आरजु काठमाडौंबाट दिल्ली हुँदै सिंगापुर पुगेकी थिइन् । देउवा काठमाडौंबाट सिंगापुर गएका थिए । देउवा दम्पतीले आफ्नो बसाइबारे आधिकारिक रूपमा केही खुलाएका छैनन् । अनुसन्धान छलेर विदेश भागेको आरोप पनि उनीहरूविरुद्ध लाग्ने गरेको छ । यति लामो अवधिसम्म विदेश बसाइ र 'उपचार खर्च'को स्रोत के हो भन्ने प्रश्न पनि उठेको छ । देउवा दम्पतीले 'विदेशमा उपचाररत' रहेको बाहेक अरू खुलाएका छैनन् ।

२५ चैतमा देउवाले फेसबुक पोस्टमार्फत 'स्वास्थ्य उपचारका निम्ति हाल हामी विदेशमा छौं र अझै उपचारका क्रम जारी रहेको जानकारी गराउन चाहन्छु, वास्तविकता समयक्रमसँगै खुल्दै जाने नै छ, अतिरञ्जना गरी सार्वजनिक भएका विवरणहरूबाट भ्रममा नपर्न सबैमा अपिल गर्दछु' भनेका थिए । यसबारे कांग्रेस पनि मौन छ । कांग्रेस प्रवक्ता देवराज चालिसे देउवा उपचारका क्रममा विदेशमा रहेको भन्नेबाहेक अरू कुरामा पार्टीलाई आधिकारिक जानकारी नभएको बताउँछन् ।

देउवा पक्षको भेलामा ६ वटा प्रस्तावमाथि छलफल हुने
पृष्ठ ९

'उहाँहरू उपचारका क्रममा विदेशमा हुनुहुन्छ भन्ने जानकारी आएको हो, यसबाहेक पार्टीलाई अरू कुरा भनिएको छैन,' हाल पार्टी कामका सिलसिलामा विदेशमा रहेका चालिसेले कान्तिपुरसँग फोनमा भने, 'उहाँहरू कहाँ हुनुहुन्छ ? उपचार खर्च के भइरहेको छ ? यावत् विषयबारे म अनभिज्ञ छु ।'

नेपालको सार्वजनिक ठेक्कापट्टासँग जोडिएका व्यक्तिको 'सेल्टर' र कारोबारको पहिलो गन्तव्य सिंगापुर, हङकङ र दुबईलगायत देश रहेकाले देउवा दम्पतीको विदेश बसाइ र यसको कनेक्सन भए-नभएको खोजबिनको विषय भएको एक सचिवले बताए । **बाँकी पृष्ठ ९**



V.G. Impex Pvt. Ltd.
(Authorized Importer & Distributor for Great Wall Motor Co. Ltd.)
THAPATHALI 01-5322630/5322614 | BUTWAL 9869163482 | BIRATNAGAR 9819076393 | CHITWAN 9851268461 | POKHARA 9856023793 | FOR BOOKING & ENQUIRIES: +977 9802322362/ 9802333324

# ‘विवाह’ को सामाजिक घेरा तोड्दै नेपाली महिला

**विवाहलाई वयस्कता र सामाजिक प्रतिष्ठाको एक मात्र मापदण्ड मान्ने सोच कमजोर बन्दै जाँदा महिलाहरूले विवाह आफ्ना लागि उपयुक्त छ कि छैन भन्ने आधारमा निर्णय लिने क्रम बढ्दो**



निर्वाणा भण्डारी



निरूपा प्रसून

**ऋषिका ढकाल** (काठमाडौं)

२९ वर्षीया रीमा भुसाल (नाम परिवर्तन) कहिलेकाहीँ आफैंसँग अनौठो प्रश्न गर्छिन्- ‘यदि मैले कहिल्यै विवाह गरिनँ भने के हुन्छ ?’

नेपाली समाजमा वयस्क महिलालाई विवाहसँग सम्बन्धित प्रश्न सबैभन्दा धेरै सोधिन्छ। अनि विवाहलाई जीवनकै महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिन्छ। राम्रो केटासँग बिहे गर्नु महिलाको जीवनको सफलता र असफलतासँग जोडेर हेर्ने सामाजिक मान्यता अझै बलियो छ। विवाहलाई स्थायित्व, सम्मान र वयस्कताको अन्तिम प्रमाणजस्तो मानिन्छ। र, विवाह नगरेका महिलामाथि प्रश्न उठाउनु सामान्य मानिन्छ।

तर यस्ता परम्परागत सोचमा बिस्तारै बदलाव आउन थालेको देखिन्छ। रीमाजस्ता महिलाले विवाह आवश्यकता हो कि सामाजिक अपेक्षा मात्रै भनेर प्रश्न गर्न थालेका छन्। विसं २०७८ को राष्ट्रिय जनगणनाअनुसार ३५ वर्ष उमेर नाघिसकेका र आफ्नो इच्छाले कहिल्यै विवाह नगरेका नेपाली महिलाको हिस्सा ०.७ प्रतिशत पुगेको छ। संख्या सानो भए पनि यसले एउटा परिवर्तनतर्फ संकेत गर्छ- धेरै महिलाका लागि विवाह अब बाध्यता नभई रोजाइ बन्दै गएको छ।

यस्तै परिवर्तन दक्षिण कोरियामा पनि देखिन्छ। त्यहाँ महिला जनसंख्याको ठूलो हिस्साले आफूलाई बिहोन अर्थात् स्वेच्छाले अविवाहित वा विवाह नगर्ने भन्ने गर्छन्। यो अभियानले महिलाले विवाह गर्नुपर्ने, सन्तान जन्माउनुपर्ने र पारिश्रमिकविहीन घरेलु कामको भार बोक्नुपर्ने सामाजिक अपेक्षालाई ठाडै खारेज गर्छ।

> कोरियामा जनसंख्याको ठूलो हिस्साले आफूलाई बिहोन अर्थात् स्वेच्छाले अविवाहित रहने भन्ने गर्छन्। यो अभियानले महिलाले विवाह गर्नुपर्ने, सन्तान जन्माउनुपर्ने र पारिश्रमिकविहीन घरेलु कामको भार बोक्नुपर्ने सामाजिक अपेक्षालाई अस्वीकार गर्छ।

भुसालका लागि सानैदेखि विवाहको कुनै विकल्प थिएन। बरु स्वाभाविक प्रक्रियाका रूपमा उनले त्यसलाई स्वीकार गरेकी थिइन्। उनले सुनाइन्, ‘यो पूर्वबाट सूर्य उदाएजत्तिकै स्वाभाविक र प्रश्नै गर्न नपर्ने कुराजस्तो लाग्थ्यो। मैले विवाह गर्ने कि नगर्ने भन्ने प्रश्न नै थिएन, बरु कोसँग र कसरी विवाह गर्ने भन्ने मात्र थियो।’

हुर्किंदै जाँदा उनले यदि विवाह अपरिहार्य हो भने कम्तीमा सहज रूपमा मिल्न सक्ने व्यक्तिसँग विवाह गर्नुपर्छ भन्ने बुझ्दै गइन्। विवाह होला भनेर जतनसाथ हुर्काएको सम्बन्ध टुटेपछि भने उनको मन फेरियो। अनि आफैंलाई प्रश्न गर्न बाध्य भइन्, ‘आफूले कहिल्यै पूर्ण रूपमा विश्वास नगरेको संस्थालाई किन पछ्याइरहेकी छु ?’ त्यस क्रममा उनले श्रीमती र बुहारीबाट राखिने अपेक्षाबारे पनि सोच्न थालिन्। उनमा विवाह त महिलाले पुरुषको तुलनामा धेरै त्याग गर्नुपर्ने असमान संस्था हो भन्ने बुझाइ विकसित भयो। महिलामाथि हुने हिंसा र दैनिक जीवनमा देखिने-सुनिने लैंगिक असमानताले पनि उनको शंका थप बलियो बनाउँदै लग्यो। ‘मेरो हकमा आर्थिक र भावनात्मक आत्मनिर्भरताले फरक भविष्यको कल्पना गर्न सम्भव बनायो’, उनले सुनाइन्।

वृद्धावस्थामा एक्लोपनबाट बच्न विवाह र सन्तान आवश्यक हुन्छ भन्ने आम तर्कलाई पनि भुसाल अस्वीकार गर्छिन्। ‘पछि गएर आफ्नो हेरचाह गरून् भनेर विवाह गर्नुपर्छ र सन्तान जन्माउनुपर्छ भन्ने सोच मलाई निकै स्वार्थी लाग्छ,’ उनी भन्छिन्, ‘यदि संसारमा नयाँ जीवन ल्याउनुको मुख्य उद्देश्य त्यही हो भने, त्यो निष्पक्ष वा इमानदार सोच हो जस्तो मलाई लाग्दैन।’ परिवारको अपेक्षा र सामाजिक दबाबले आफू कहिलेकाहीँ दोधारमा पर्ने गरेको बताउँदै उनले अब अविवाहित रहनुलाई असफलता होइन, वैध र शान्त जीवनशैलीका रूपमा हेर्न थालेकी छन्।

भुसालको सोच समयसँगै विकसित भएको हो। तर ३४ वर्षीया नारीवादी लेखिका निर्वाणा भण्डारीको भने बेग्लै कथा छ। उनी विवाह नगर्ने आफ्नो निर्णयलाई विवाह संस्थाकै ‘सचेत अस्वीकार’ का रूपमा लिन्छिन्। उनी आफू निर्णयमा अडिग रहनुलाई आर्थिक आत्मनिर्भरता र शिक्षालाई महत्त्वपूर्ण मान्छिन्। भन्छिन्, ‘विवाह वास्तवमै आवश्यक छ कि छैन भनेर प्रश्न गर्न सक्ने ठाउँ पाएपछि मात्रै त्यसलाई अस्वीकार गर्न सकिन्छ।’

आर्थिक रूपमा अरूमाथि निर्भर महिलाका लागि वा विवाहबाहेकका जीवनशैलीबारे सोच्ने अवसर नपाएका महिलाका लागि विवाह अस्वीकार गर्नु अझै विशेषाधिकारकै विषय भएको उनको तर्क छ।

समय क्रममा आफू वरपरका व्यवस्थित र प्रेम विवाहहरू नियाल्दै जाँदा भण्डारीले विवाहलाई लैंगिक असमानतासँग जोडिएको पितृसत्तात्मक संस्था भनेर बुझ्न थालिन्। श्रीमती र बुहारीमाथि राखिने असमान अपेक्षाका कारण धेरै महिलाले विवाहलाई अस्वीकार गर्न थालेको देख्दा उनको असहमति थप बलियो बन्दै गएको छ। ‘हामीमध्ये धेरैका लागि यो संस्था (विवाह) सँगै आधारभूत रूपमा असहमत हुने कुरा हो,’ उनले भनिन्।

तर विवाह अस्वीकार गर्नुको अर्थ साथ वा आत्मीयता अस्वीकार गर्नु होइन। भावनात्मक र यौनजन्य आत्मीयता विवाहमा मात्र सीमित हुनुपर्ने आवश्यकता नरहेको भण्डारी बताउँछिन्। ‘विवाह एउटा सामाजिक संस्था मात्र हो। त्यसबिना पनि प्रेम र आत्मीयता प्रशस्त मात्रामा सम्भव छ,’ उनी भन्छिन्।

जीवनभर एक्लै बस्नेभन्दा पनि आफ्नो सर्तमा दिगो सम्बन्ध गाँस्ने उनको चाहना छ। ‘मलाई निश्चित रूपमा जीवनसाथी चाहिन्छ,’ उनले भनिन्, ‘हामी आफ्ना आवश्यकतासँग मिल्ने गरी बेग्लै किसिमको सम्बन्ध बनाउन सक्छौं। सामाजिक रूपमा बनाइएका परिभाषा वा प्रचलित सम्बन्धका सीमाभित्रै बस्नुपर्छ भन्ने छैन।’ उनका निम्ति विवाह अस्वीकार गर्नुको अर्थ प्रेमलाई अस्वीकार गरेको भन्दा पनि प्रेम अनुभव गर्न एक मात्र वैध बाटो विवाह हो भन्ने धारणालाई अस्विकार्नु हो।

भुसाल र भण्डारीको भन्दा फरक छ, ३९ वर्षीया लेखिका निरूपा प्रसूनको बुझाइ। सानैदेखि विवाहलाई जीवनको अंग र उपलब्धिभन्दा पनि बन्धनका रूपमा बुझेको उनले सुनाइन्। ‘मलाई विवाह सधैं एक किसिमको बन्धनजस्तो लाग्यो,’ उनले भनिन्, ‘म त्यसमा बाँधिन चाहन्नथें। म चराझैं स्वतन्त्र भएर बाँच्न चाहन्थें।’ आफ्नो वरपरका सम्बन्धहरू टुटेको देखेपछि उनमा कसैकी श्रीमती नबन्ने दृढता थप बलियो बन्दै गयो। यद्यपि प्रसूनका निम्ति विवाह अस्वीकार गर्नुको अर्थ मातृत्व नै अस्वीकार गर्नु भन्ने होइन।

तीसको उमेरमा प्रवेश गर्दैगर्दा उनमा सन्तानको चाहना बढ्दै गएको छ। आर्थिक रूपमा आत्मनिर्भर भएकाले आफूले एक्लै सन्तान हुर्काउन सक्ने उनको विश्वास छ। उनले भनिन्, ‘म आर्थिक रूपमा आत्मनिर्भर छु। मसँग एउटा बच्चा हुर्काउने क्षमता छ।’

तर, उनलाई एकल अभिभावक बन्नुको व्यावहारिक चुनौतीभन्दा पनि आफ्नो निर्णयले परिवारमा चोट पुग्छ कि भन्ने चिन्ता छ। विवाह नगरी आमा बन्ने निर्णय नेपाली समाजका निम्ति अझै स्वीकार्य नभएको उनको बुझाइ छ। त्यसैले आफू मात्रै नभएर आमाबुबा र दाजुभाइको परिवारले समेत सामाजिक अवगाल खेप्लान् कि भन्ने डर उनमा छ। उनले यो विषयमा आफूले परिवारसँग कुरा गर्ने साहस पटक-पटक जुटाएको तर त्यसो गर्न नसकेको अनुभव पनि सुनाइन्। ‘विवाह नगरी आमा बनेर अभिभावकलाई तनावमा पार्न चाहन्नँ,’ उनले भनिन्। उनले सन्तान जन्माउने चाहना र परिवारप्रतिको जिम्मेवारीको नैतिक द्विविधामा आफू फसेको बताइन्।

हुन त अभिभावकले उनलाई विवाहका लागि कहिल्यै दबाब दिएका छैनन्। बरु उनका हरेक निर्णयलाई सम्मान गर्दै आएका छन्। तर उनकी आमा भने छोरीको भविष्यको चिन्ता गर्दै एक दिन छोरीले आफ्नो निर्णय परिवर्तन गर्लिन् भन्ने प्रतीक्षामा छिन्। त्यसैले त उनकी आमाले बेलाबखत उनलाई भन्छिन्, ‘म मरेपछि यमराजले मेरा सबै छोराछोरीको विवाह गरिदिएको छस् कि छैनस् भनेर सोध्नेछन्। यदि एउटा छोरीको विवाह गरिनँ भने मलाई नर्क पठाउनेछन्।’

त्रिभुवन विश्वविद्यालयकी सहायक प्राध्यापक डा. नीति अर्याल खनालका अनुसार सचेत रूपमा विवाह नगर्ने महिलाको निर्णय विवाहविरुद्धको प्रतिरोध मात्रभन्दा पनि बृहत सामाजिक रूपान्तरणको एउटा पाटो हो। उनले भनिन्, ‘हामी यसलाई केवल विवाहविरुद्धको प्रतिरोध भन्न सक्दैनौं। मानिसलाई भावनात्मक सम्बन्धको आधारभूत आवश्यकता हुन्छ। हामी सबैलाई आफ्नो ख्याल राख्ने र आफूले ख्याल राख्न सक्ने कोही चाहिन्छ।’

खनालका अनुसार महिलाले विवाह नगर्ने निर्णय नयाँ घटना भने होइनन्। तर, पछिल्लो समय यस्तो निर्णय गर्ने महिलाको संख्यामा भने देखिने गरी वृद्धि भएको उनको बुझाइ छ।

ऐतिहासिक रूपमा विवाहले महिलालाई आर्थिक सुरक्षा र सामाजिक स्वीकार्यता दिने गरेको थियो। त्यतिबेला महिलाको भूमिमा मुख्यतः घरायसी काम र हेरचाहमा सीमित थियो। तर शिक्षा, रोजगारी र आर्थिक आत्मनिर्भरताले महिलाका लागि छनोटको दायरा विस्तार भएको छ। त्यसले उनीहरूलाई कोसँग विवाह गर्ने मात्र होइन, विवाह गर्ने कि नगर्ने भन्ने निर्णय लिनसमेत सहज हुन थालेको छ।

महिलाको वैवाहिक जीवनबाहिरको भूमिका जुन गतिमा परिवर्तन भएको छ, विवाहभित्रका अपेक्षा त्यही गतिमा परिवर्तन नआएको खनाल बताउँछिन्। भन्छिन्, ‘उच्च शिक्षा र रोजगारीमा महिलाको उपस्थिति उल्लेख्य वृद्धि भए पनि विवाहपछि घरधन्दा र हेरचाहको जिम्मेवारी वहन गर्नुपर्ने अपेक्षा भने अझै कायम छ।’

यही असन्तुलनका कारण केहीले विवाहलाई साझेदारीभन्दा पनि स्वायत्तता गुमाउने परम्परागत संस्थाका रूपमा लिन थालेको उनको भनाइ छ। तर सबै अविवाहित महिलालाई एउटै दृष्टिले हेर्न नहुने खनाल बताउँछिन्।

कतिपय महिला विवाहलाई संस्थाका रूपमा सिधै अस्वीकार गर्छन् भने कतिपय समाजले बनाएको ‘आदर्श श्रीमती’ वा ‘आदर्श बुहारी’ को मापदण्डमा आफूलाई ‘फिट’ नहुने देखेर अविवाहित रहन्छन्। नेपालमा अझै पनि सामाजिक रूपमा विवाहलाई सबैभन्दा आत्मीय सम्बन्धका रूपमा लिने गरिएको उनी बताउँछिन्। ‘परिवारकेन्द्रित समाजमा कुराकानी र सामाजिक जीवन प्रायः पति-पत्नी र सन्तान वरिपरि घुम्ने भएकाले अविवाहित महिलाले अझै पनि सामाजिक बहिष्करणको अनुभव गर्न सक्छन्,’ उनले भनिन्। तर अविवाहित महिलाहरू अनिवार्य रूपमा एक्ला हुन्छन् भन्ने धारणा पनि गलत रहेको खनाल बताउँछिन्। उनका अनुसार धेरै महिलाले मित्रता, काम र अन्य सामाजिक सम्बन्धमार्फत सार्थक जीवन बाँचिरहेका छन्।

सर्वोच्च अदालतमा कार्यरत अधिवक्ता एवं शाखा अधिकृत श्रेया सञ्जेलका अनुसार नेपालको कानुनले वैवाहिक अवस्थाका आधारमा महिला र पुरुषबीच कुनै भेदभाव गरेको छैन। संविधानले वैवाहिक अवस्थाका आधारमा हुने विभेदलाई निषेध गर्दै विवाहित महिलासरह सम्पत्ति राख्न, मतदान, यात्रा र पैतृक सम्पत्ति प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको सञ्जेलले बताइन्। समस्या कानुनमा भन्दा पनि कानुनी तथा प्रशासनिक प्रणालीमा रहेको सञ्जेल बताउँछिन्। ‘कानुनी रूपमा विवाहित र अविवाहित व्यक्तिबीच स्पष्ट भिन्नता छैन। तर व्यवहारमा भने फरक देखिन्छ,’ उनले भनिन्।

नागरिकता र मतदाता परिचय पत्रजस्ता पहिचानसम्बन्धी कागजातमा महिलालाई प्रायः बाबु वा पतिको पहिचानमार्फत चिनाउने अभ्यास रहेको उनी बताउँछिन्। उनले व्यवहारमा पुरुषलाई श्रीमतीको पहिचानमार्फत चिनाउने अभ्यास विरलै भएको बताइन्। यस्ता अभ्यासले अविवाहित महिलाको अधिकार प्रत्यक्ष रूपमा नखोस्ने भए पनि महिलाको पहिचान अन्ततः विवाहसँग जोडिन्छ भन्ने धारणालाई प्रतिबिम्बित गर्ने उनको भनाइ छ।

अधिवक्ता सञ्जेल कतिपय अवस्थामा कानुनी भाषाले समेत सामाजिक धारणालाई बल पुर्‍याउने गरेको बताउँछिन्। संविधानमै ‘एकल असहाय महिला’ भन्ने शब्दावलीको प्रयोगले एक महिला भन्नासाथ असहाय र जोखिममा रहेको भन्ने गलत धारणा निर्माण गरेको उनको तर्क छ। त्यस्तै, बलात्कारसम्बन्धी कतिपय अदालती फैसलामा अझै पनि महिलाको आफ्नो शरीरमाथिको अधिकारभन्दा पनि यौन हिंसाले महिलाको ‘वैवाहिक सम्बन्धमा’ मा पार्ने असरबारे चर्चा हुने गरेको उनी बताउँछिन्।

समग्रमा, सचेत रूपमा अविवाहित रहने महिलाले भोग्ने अवरोध औपचारिक कानुनी प्रतिबन्धभन्दा पनि कानुनको व्याख्या र कार्यान्वयनमा प्रभाव पार्ने सामाजिक मान्यतासँग बढी सम्बन्धित रहेको सञ्जेल बताउँछिन्। भन्छिन्, ‘कानुनले महिलालाई स्वतन्त्र रूपमा बाँच्न रोक्दैन। तर, मुख्य चुनौती भनेको समाजले व्यवहारमा यो अधिकारलाई सधैं स्वीकार नगर्नु हो।’


## वर्गीकृत विज्ञापन

### घर जग्गा
टुक्रा जग्गाहरू बेच्नु परेमा 9846662001

पांचकरोड तुरुन्तै कर्जाचाहियो घडेरीधितोदिने ९८०२३१५१०६

### सम्पर्क
बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

धितोफुकुवा, बैकलोन, चाहिएमा 9851065811, 9841007757

### निर्माण सफाई
ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9849759072

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

### भाडामा
शंखमूल बाग्मती किनार वरपर UN पार्कदेखि पूर्व, मनहरा पुलदेखि पश्चिमसम्म शान्त वातावरणमा अफिसकोलागि ४/५ कोठाको फ्ल्याट चाहियो सम्पर्क ९८४१३७०४७०

मासिकभाडा ४५०००/सम्मको हात्तीवन ठेव एरियामा घरभाडामा चाहियो सम्पर्क ९८४१५०३५९६

### चाहियो
सेल्सम्यान र ड्राइभर चाहियो ९८५११७३०७३, ९८६८६८६९५

डेलिभरिब्वाइ आवश्यक बाईकलाईसेन्स भएको खानबस्नको व्यबस्था ९८४००५७४२६

School Co-ordenator-1, Math Teacher-1, Secondary English Teacher-1 Salary Rs-35000/- 9841238675, 01-5709224

Basic-Level Maths Teacher-1 Tarkeshwor-7 Phutung, Kathmandu. 9840584998

एकप्रतिष्ठित विद्यालयकालागि Winger Van चालकको आवश्यकता भएकोले ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ९८५१०९७७३४

होटलमाबसेर कामगर्ने कुक चाहियो ९८५११७९१७४

आवश्यकता अनुभवी वेटर र मसाल्ची ९८५११३४७७८

कुक-२७,०००|-, हेल्पर-१८,०००|-, वेटर- १५,०००|- ९८५१०४१५७२

हेल्पर, भांडामाझ्ने खानबस्नसहित १६,०००|-, वेलकम रेष्टुरेन्ट, शंखमूलरोड ९८४१६१९८९७

तु.आवश्यकता:- भुपुसुरक्षागार्ड कार्यालय सहयोगी र हलुका सवारीचालक आवश्यकता, बसुन्धरा र न्यूरोड क्षेत्रकालागि ९८०११५०५४५, ९८०११५०५५२, ९८०११५०५४६

होस्टेललाई कुक र सहयोगी चाहियो, अनुभवीलाई प्राथमिकता खानबस्न सुविधाछ, काठमाडौं ९८४६०४७७५३

होस्टलको लागि महिला कामदार ९८०४८०७२६४

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |

| | | |
|---|---|---|
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |

| | | |
|---|---|---|
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- वर्गीकृत डिस्प्ले श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

* म.अ.क. वाहेक



## पानीमा रुझ्दै ग्यासको पर्खाइ

सुकेधारास्थित श्री ग्यास उद्योग प्रालिमा बुधबार झरी परिरहेको समयमा ग्यास सिलिन्डर लिन पालो कुर्दै उपभोक्ता । कम्पनीले बुधबार १ सय ४० वटा सिलिन्डर वितरण गर्ने जनाएपछि उपभोक्ता लामबद्ध भएका थिए ।

तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

# सत्तारूढ रास्वपाकै झन्डै दुईतिहाइ सदस्य भएको प्रतिनिधिसभामा कोरम पुग्नै मुस्किल

### गत १९ चैतदेखि ३१ असारसम्मका ४१ बैठकमै उपस्थित हुने सांसद रास्वपाका सुनील केसी, रत्नाकुमारी थापा र गोविन्द पन्थी, कांग्रेसका नरेन्द्रकुमार केरुङ र भरतबहादुर खड्का तथा नेकपाकी निराशा चौधरी डगौरा मात्रै, सबैभन्दा कम नेकपा संसदीय दलका नेता पुष्पकमल दाहाल ५ र प्रधानमन्त्री वालेन्द्र शाह ६ वटा बैठकमा मात्र उपस्थित

**जयसिंह महरा** (काठमाडौं)

प्रतिनिधिसभा बैठकमा सांसदहरूको अनुपस्थितिलाई आलोचना हुन थालेको छ । सांसदको प्रमुख काम कानुन निर्माणकै लागि बसेको बैठकमा अधिकांशको अनुपस्थिति देखिएपछि संसद्को प्रभावकारितामाथि समेत प्रश्न उठेको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा खानी तथा खनिज पदार्थ विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा गणपूरक संख्या पुगेन । दिउँसो १ बजे बैठक सुरु हुँदा २ सय २३ सांसद उपस्थित थिए । राति सवा ८:०५ मा सभामुख डीपी अर्यालले उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गरेका थिए । विचार गरियोस् भन्ने प्रस्ताव पारित गरियोस् भन्ने पक्षमा रहेका सांसदले हात उठाएर 'हुन्छ' भनिसकेका थिए । जब विपक्षमा रहेका सांसदहरूको धारणा माग गरियो, प्रमुख प्रतिपक्षी कांग्रेसका सचेतक निश्कल राईले गणपूरक संख्या यकिन हुनुपर्ने भन्दै संवैधानिक प्रश्न उठाए ।

सभामुखले तीन मिनेट घण्टी बजाएर सांसद गणना गर्दा ६१ जना मात्रै उपस्थित थिए । 'संघीय संसद्को कुनै पनि सदनको बैठकमा सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत हुनेछैन,' संविधानको धारा ९४ मा भनिएको छ ।

विधेयक निर्णयार्थ पेस गर्नका लागि कम्तीमा ६९ सांसद बैठकमा उपस्थित हुनुपर्ने थियो । तर झन्डै दुईतिहाइ अर्थात् १ सय ८२ सांसद भएको रास्वपाका एक जना मन्त्रीसहित ५२ जना थिए भने ९२ सांसद भएको विपक्षी बेन्चमा प्रश्न उठाउने कांग्रेस सचेतक राईसहित ८ जना मात्रै थिए ।

बैठकमा गणपूरक संख्या अपुग भएसँगै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले सदनसमक्ष राखेको 'खानी तथा खनिज पदार्थ विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव आगामी १ भदौको बैठकमा निर्णयार्थ पेस हुने भएको छ ।

प्रतिनिधिसभामा सभामुखबाहेक सत्तापक्षमा १ सय ८२ सांसद छन् । जसमा रास्वपाका १ सय ८१ र स्वतन्त्र एक जना सांसद छन् । स्वतन्त्र सांसद महावीर पुन विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री छन् । सत्तापक्षबाट प्रधानमन्त्री वालेन्द्र शाहसहित १७ मन्त्री छन् । संसद् बैठक चल्नका लागि कम्तीमा एक मन्त्रीको उपस्थिति अनिवार्य छ, जुन जिम्मेवारी पूरा गर्न आफ्नै मन्त्रालयको विधेयक भएकाले मंगलबारको बैठकमा मन्त्री गौरी कुमारी उपस्थित थिइन् । गणपूरक संख्यामा मन्त्री र उपसभामुखको पनि गणना हुन्छ । मंगलबारको बैठकमा उपसभामुख रुवी कुमारी अन्तिमसम्म बसेकी थिइन् ।

विपक्षी बेन्चमा प्रमुख प्रतिपक्षी कांग्रेसका ३८, एमालेका २५, नेकपाका १७, श्रम संस्कृति पार्टीका ७ र राप्रपाका ५ सांसद छन् । मंगलबार बैठकको अन्तिम समयसम्म कांग्रेसका निश्कल राई, विष्णुबहादुर खड्का, नरेन्द्रकुमार केरुङ र निनुकुमारी कर्ण उपस्थित थिए भने नेकपाका रमेश मल्ल, गोपाल शर्मा र निराशा चौधरी थिए । श्रम संस्कृति पार्टीका पूर्णप्रसाद लिम्बू उपस्थित थिए । एमाले र राप्रपाका भने एक जना सांसद पनि बैठकको अन्तिमसम्म बसेनन् ।

झन्डै दुईतिहाइ सिट जितेर सरकार र संसद्मा महत्त्वपूर्ण उपस्थिति देखाएको रास्वपामा पहिलो पटक गणपूरक संख्या नपुगेर विधेयक नै अगाडि नबढेपछि त्यसको दोषी को हो भनेर खोजी हुन थालेको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकपछि सचेतक क्रान्तिशिखा धितालले रास्वपा सांसदहरूको ह्वाट्सएप ग्रुपमा यसै सम्बन्धमा सबैलाई आत्मसमीक्षा गर्न भनेकी थिइन् । 'आज सदनमा गणपूरक संख्या नपुग्नुको दोष सबै सांसदलाई जाला । प्रतिपक्षी उपस्थिति पनि निकै कम थियो । तर मुख्य जिम्मेवारी हामीले लिनुपर्छ । सचेतकको हैसियतले म पनि आत्मसमीक्षा गर्नेछु यस परिस्थितिलाई,' धितालले लेखेकी थिइन्, 'सबै माननीयज्यूहरूलाई मेरो अनुरोध छ- यो आज अचानक सिर्जित परिस्थिति होइन । हाम्रो अग्रणी नेतृत्वमा रहेका माननीयज्यू, हामी सबैले सदनको गरिमा, यो अमूल्य समयको महत्त्वलाई ठीक ढंगले ग्रहण गर्न असमर्थ भएकैले आजको स्थिति आएको हो ।'



> हामी निर्मम समीक्षा गर्छौं, आत्मालोचना गर्छौं र संसद्मा आगामी दिनमा यस्तो अवस्था आउन नदिन पूर्वतयारी र सबै सांसदलाई जिम्मेवार बनाउन सबै प्रकारका निर्देशन गर्छौं, सांसदको मूल्यांकन प्रणालीलाई पनि थप कडाइ गर्छौं
>
> **प्रकाशचन्द्र परियार**
> सचेतक रास्वपा



> सदनमा पर्याप्त छलफल गर्नुपर्छ, सरकारको बिजनेसमा सत्तापक्षका साथीहरू नै अनुपस्थित हुनुपर्ने किन ? हाम्रा कुरा सुनुवाइ नभएकाले सरकारसँग हाम्रा सांसद डिमोरलाइज पनि हुनुहुन्छ, हाम्रो अनुपस्थितिका लागि सत्तापक्ष जिम्मेवार छ
>
> **निश्कल राई**
> सचेतक, कांग्रेस

सांसदको हैसियतमा नियमित रूपमा संसदीय गतिविधिमा कति संलग्न भइरहेको हो भन्ने विषय आफैंले बोध गर्न आग्रह गर्दै सचेतक धितालले सत्तापक्षले गणपूरक संख्या नपुर्‍याएको विषयलाई असहज रूपमा लिएको पनि लेखेकी थिइन् । 'हाम्रा अरू प्राथमिकता पन्छाएर भए पनि सदनको महत्त्व बुझौं र नियमित उपस्थित हुने अवस्था निर्माण गरौं,' धितालको आग्रह थियो ।

आफ्नो प्राथमिकता के हो भन्ने भुलेर सांसदहरू हिँड्दा गणपूरक संख्या नपुगेको हुन सक्ने राष्ट्रिय सभाका पूर्वसचिव राजेन्द्र फुयाल बताउँछन् । हाजिर गरेर सांसद कहाँ जान्छन् भन्ने विषयमा संसद्को नेतृत्वले खोज्नुपर्ने पनि उनको भनाइ छ । 'संसद् चलेका बेला प्राथमिक कार्य भनेको संसद् नै हो । सांसद त्यही मूल कामका निम्ति निर्वाचित भएर आएको हुनाले यो प्रभावकारी थिएन, अनि म बसिनँ भन्ने छुट छैन,' फुयालले भने, 'कुनै पनि प्रस्तावको सन्दर्भमा नेतृत्वले संसद्को अथवा एउटा संसद्मा बस्ने व्यक्तिको सीमालाई समेत मध्यनजर गरेर संसद्लाई कति बेलादेखि कति बेलासम्म चलाउने अनि संसद्मा सरकारी बिजनेस र गैरसरकारी बिजनेस हुन सक्छ, प्रश्नोत्तर हुन सक्छ, त्यसलाई मिक्स मोडलमा लग्यो भने कार्यसूचीमा हुने विविधताले संसद्लाई आकर्षण दिन्छ र सांसदहरूलाई पनि सजिलो हुन्छ ।'

प्रमुख प्रतिपक्षी दल कांग्रेसका सचेतक निश्कल राईले विपक्षीको आवाज सुन्ने बानी सत्तापक्षले बसाल्नुपर्ने र आफ्नो बिजनेसप्रति गम्भीर भएर सदनमा प्रस्तुत हुनुपर्ने बताए । 'हामी विपक्षीले पनि सदनप्रति उत्तरदायी भएर कानुन निर्माण गर्ने थलोको गरिमा बढाउनुपर्छ । सदनमा पर्याप्त छलफल गर्नुपर्छ, विपक्षका विचार पनि स्वीकार गर्न सक्ने अवस्था आउनुपर्छ । सत्तापक्षले आलोचना सहने बानी बसाल्नुपर्छ,' उनले भने, 'हिजोको घटनाप्रति हामी पनि जिम्मेवार छौं । हामीभन्दा बढी जिम्मेवारी सत्तापक्ष हो । सरकारको बिजनेसमा सत्तापक्षका साथीहरू नै अनुपस्थित हुनुपर्ने किन ? संसदीय अभ्यासमा बहुमत र अल्पमतबाट प्रस्ताव पारित हुने हो । हाम्रा कुरा सुनुवाइ नभएकाले सरकारसँग हाम्रा सांसद डिमोरलाइज पनि हुनुहुन्छ । हाम्रो अनुपस्थितिका लागि सत्तापक्ष जिम्मेवार छ ।'

विपक्षी नेकपाका सांसद रमेश मल्लले भने बहुमत सदनमा उपस्थित गराउने र सरकारको बिजनेस पास गर्ने जिम्मेवारी सत्ता बेन्चको भएको बताए । 'हाम्रो पनि जिम्मेवारी हो । तर मुख्य दायित्व बहुमतवालाको हो । आफ्नै सरकारले प्रस्तुत गरेको विधेयक पारित गर्नुपर्छ, त्यसका लागि बहुमत चाहिन्छ भन्ने न्यूनतम ज्ञान सत्तापक्षमा हुनुपर्छ,' उनले भने, 'कहिलेकाहीँ प्रतिपक्षले सदन बहिष्कार गर्न सक्छ, त्यसका लागि सचेत त हुनुपर्छ नि । कुनै पनि विधेयक अगाडि बढाउनु हुँदैन भनेर प्रतिपक्षले विरोधको कार्यक्रम राखे सत्तापक्षले बहुमतले पारित गराउनुपर्ने होला र त्यसका लागि तयारी गर्नुपर्ने होला ।'

संसद्लाई प्रभावकारी बनाउन प्रतिपक्षी बेन्चको पनि उत्तिकै भूमिका हुने पूर्वसचिव फुयालको भनाइ छ । उनले समग्रमा संसद्को आकर्षण के कामले गर्दा हुन्छ भन्ने ख्याल गर्नुपर्ने बताए । जेन-जी आन्दोलनको जगमा निर्मित वर्तमान संसद्मा आकर्षण नहुँदा पनि गणपूरकको समस्या भएको हो कि भन्ने आशंका उनको छ । 'संसद्ले आफूलाई व्यवस्थित कार्ययोजना र कार्यतालिकामा चलाउन नसक्दा कस्तो स्थिति उत्पन्न हुन सक्छ भन्ने पनि देखियो । सरकारका प्राथमिकता के हुन् ? विधेयकहरू कहिले लैजाने ? गैरसरकारी प्रस्ताव के छन् ? त्यहाँ सांसद कसरी सक्रिय हुने ? संसद्मा उठेका प्रश्नको जवाफ कहिले र कसरी दिने ? यस्ता विषयमा व्यवस्थित कार्यतालिका भयो भने संसद् प्रभावकारी हुन्छ,' फुयालले भने, 'समसामयिक राजनीतिक विषय संसद्मा उठ्यो र संसद्ले नै समाधान दियो भने पनि संसद्को प्रभावकारिता बढ्छ ।'

रास्वपाका सचेतक प्रकाशचन्द्र परियारले संसद्मा आगामी दिनमा यस्ता घटना दोहोरिन नदिनका लागि पार्टी संसदीय दलले आवश्यक पहलकदमी लिने बताए । 'हिजोको विषयमा निर्मम समीक्षा गरेर प्रतिवेदन तयार गर्छौं । मुख्य सचेतकसँग समन्वय गरी यस अगाडिका परिघटनालाई समेत सम्बोधन गरेर निर्मम समीक्षा गर्छौं । आत्मालोचना गर्छौं र आगामी दिनमा यस्तो अवस्था आउन नदिन पूर्वतयारी र सबै सांसदलाई जिम्मेवार बनाउन सबै प्रकारका निर्देशन गर्छौं,' उनले भने, 'सांसदको मूल्यांकन प्रणालीलाई पनि थप कडाइ गर्छौं । संसद्को बिजनेसलाई थप प्रभावकारी बनाउन सामूहिक सुधारको पहल गर्छौं ।'

रास्वपाले सचेतकद्वय परियार र धिताललाई यसअघि नै सांसदहरूको उपस्थितिका सम्बन्धमा आवश्यक अध्ययन गरेर प्रतिवेदन तयार पार्ने जिम्मेवारी दिएको थियो । परियारले त्यही अध्ययनका क्रममा मंगलबारको गणपूरक संख्या पनि जोडिएको बताए ।

गत १९ चैतदेखि ३१ असारसम्म प्रतिनिधिसभाका ४१ बैठक बसेका थिए । यी सबै बैठकमा उपस्थित हुने सांसदको संख्या ६ मात्रै छ । जसमा रास्वपाका सुनील केसी, रत्नाकुमारी थापा र गोविन्द पन्थी छन् । कांग्रेसका नरेन्द्रकुमार केरुङ र भरतबहादुर खड्का छन् भने नेकपाकी निराशा चौधरी डगौरा हुन् । साउनको बैठकमा को कति उपस्थित भए भन्ने विवरण आइसकेको छैन । संसद् सचिवालयका प्रवक्ता तथा कार्यव्यवस्था महाशाखाका प्रमुख एकराम गिरीले साउनको हाजिरी एकीकृत भइनसकेको बताए ।

प्रतिनिधिसभामा शीर्ष नेताहरूको उपस्थिति न्यून रहेको छ । संसद्को सबैभन्दा ठूलो दल रास्वपा संसदीय दलका नेता तथा प्रधानमन्त्री वालेन्द्र शाह संसद्का ४१ मध्ये ६ बैठकमा मात्र उपस्थित भएका थिए । सभामुख अर्यालले पटक-पटक भेटेर संसद्मा उपस्थित हुन आग्रह गर्दा पनि प्रधानमन्त्रीले इच्छा देखाइरहेका छैनन् ।

प्रतिनिधिसभामा एक मात्र पूर्वप्रधानमन्त्री तथा नेकपा संसदीय दलका नेता पुष्पकमल दाहाल ४१ बैठकमध्ये ५ वटामा मात्रै हाजिर भए । उनले बिरामी भएर र विदेश भ्रमणमा जानुपरेकाले संसद्मा उपस्थित हुन नसकेको बताएका छन् । उनी यसबीचमा श्रीलंका भ्रमणमा गएका थिए । रास्वपा सभापति रवि लामिछाने त्यस अवधिमा २१ दिन हाजिर भए ।

एमाले संसदीय दल नेता रामबहादुर थापा चैतदेखि असारसम्म बसेका बैठकमा २४ दिन उपस्थित थिए । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई र राप्रपा संसदीय दलका नेता ज्ञानबहादुर शाही समान २५ दिन हाजिर भए । प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बे भने ४१ मध्ये ३५ बैठकमा उपस्थित भएका थिए ।

संसद्मा मन्त्रीहरूको उपस्थिति पनि न्यून छ । कतिपय मन्त्रीको उपस्थिति ५० प्रतिशत पनि कटेको छैन । मन्त्रीहरू कार्यकारी भूमिकामा रहने भएकाले आफ्नो मन्त्रालयसँग सम्बन्धित बिजने भएको दिन मात्र प्रतिनिधिसभा बैठकमा उपस्थित हुने गर्छन् । प्रधानमन्त्रीपछि सबैभन्दा कम संसद्मा देखिनेमा ऊर्जा तथा जलस्रोतमन्त्री विराजभक्त श्रेष्ठ हुन् । उनी ७ दिन मात्र संसद्मा उपस्थित भएका थिए । सरकारका प्रवक्तासमेत रहेका शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल ८ दिन मात्र संसद्मा देखिएका थिए ।

पूर्वाधार विकासमन्त्री सुनील लम्साल र परराष्ट्रमन्त्री शिशिर खनाल यस अवधिमा समान ९ दिन मात्रै संसद्मा पुगे । संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल १२ दिन संसद् पुगेका थिए । अर्थमन्त्री स्वर्णिम वाग्ले र सञ्चार तथा सूचना प्रविधिमन्त्री विक्रम तिमिल्सिना समान १५ दिन संसद्मा पुग्दा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता १६ दिन संसद्मा उपस्थित भइन् ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल १७ दिन संसद्मा पुगेकी थिइन् । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी १८, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम २३ दिन र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारी २४ दिन संसद्मा पुगेको रेकर्ड छ । गृहमन्त्री सुधन गुरुङ २४ दिन संसद्मा हाजिर भए । उनी केही समय मन्त्रीबाट बाहिरिएर सांसद मात्रै रहेका थिए ।

# एमाले नेतृत्व पुनर्गठन गर्ने महासचिवको प्रस्ताव ओलीले गरे 'होल्ड'

**गंगा बीसी** (काठमाडौं)

विधान महाधिवेशन वा महाधिवेशन प्रतिनिधि परिषद् अधिवेशनबाट एमालेको नेतृत्व पुनर्गठन गर्नुपर्ने महासचिव शंकर पोखरेलको प्रस्तावलाई अध्यक्ष केपी शर्मा ओलीले 'होल्ड' गरेका छन् । नेतृत्व पुनर्गठनबारे अध्यक्ष र महासचिवबीच मतभेद भएपछि निर्वाचन समीक्षा प्रतिवेदन थाती राखिएको छ ।

एमालेले गत फागुनको चुनावी समीक्षाका लागि उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा गत १० जेठमा कार्यदल गठन गरेको थियो । त्यसको प्रतिवेदन लेख्ने जिम्मा महासचिव पोखरेलले पाएका थिए । पोखरेलले लेखेको करिब एक सय पृष्ठको प्रतिवेदनमा नीति र नेतृत्व पुनर्गठनका लागि विधान महाधिवेशन वा महाधिवेशन प्रतिनिधि परिषद् अधिवेशनको विकल्प अघि सारिएको थियो । त्यसमा ओलीको गम्भीर असहमति रहेको एक पदाधिकारीले बताए ।

महासचिव पोखरेलले तयार गरेको प्रतिवेदनमा 'सरकारको काम र क्रियाकलापका कारण आजको संकट उत्पन्न भएकाले पार्टीको मुख्य नेतृत्वले नैतिक जिम्मेवारी लिनुपर्छ' उल्लेख गरिएको ती पदाधिकारीले बताए । प्रदेश र काठमाडौंमा गरी ११ वटा भेलाबाट प्राप्त सुझाव प्रतिवेदनमा समेटिएको उनको भनाइ छ ।

ती पदाधिकारीका अनुसार महासचिवले लेखेको प्रतिवेदनलाई व्यापक संशोधन गर्ने पक्षमा ओली छन् । पार्टी पराजय हुनुमा पार्टी नेतृत्वको हैसियतले आफू जिम्मेवार नभएको ओलीले दाबी गर्दै आएका छन् । प्रतिवेदन महासचिव पोखरेलले कार्यदल संयोजक थापालाई बुझाएका थिए । त्यसपछि थापाबाट अध्यक्ष ओलीकहाँ पुगेको एक पदाधिकारीको भनाइ छ । भदौ पहिलो साता सचिवालय र त्यसपछि केन्द्रीय कमिटी बैठक बोलाउने तयारी छ ।

उपाध्यक्षहरू विष्णु पौडेल, पृथ्वीसुब्बा गुरुङ, गोकर्ण बिष्ट, महासचिव पोखरेल, उपमहासचिव योगेश भट्टराईलगायत नेताले जेन-जी आन्दोलनपछि नेतृत्व हस्तान्तरण हुनुपर्ने माग गर्दै आएका छन् । मंसिर २०८२ मा भएको ११ औं महाधिवेशनबाट आफू निर्वाचित भएकाले अरूले माग गर्दैमा नेतृत्व नछाड्ने अडानमा ओली छन् । महाधिवेशनबाट निर्वाचन केन्द्रीय कमिटीमा ओलीकै बहुमत भएकाले उनी त्यही कमिटीको निर्णयअनुसार अघि बढ्ने तयारीमा छन् । पछिल्लो समय पार्टीमा युवा पुस्ताको आकर्षण घट्दै गइरहेकाले नेताको 'कार्यकाल र उमेर हद पुनःस्थापना' जरुरी रहेको पनि पोखरेलले प्रतिवेदनमा उल्लेख गरेका छन् । 'विधान संशोधन गरी उमेर हद र कार्यकालको व्यवस्था गर्नु आवश्यक छ,' महासचिव पोखरेलको मत छ ।

नेताको कति कार्यकाल नेतृत्वमा रहने र उमेर हद कति तोक्ने विधानमै राखियो भने युवा आफ्नो भविष्य हेरेर पार्टीमा जोडिने पोखरेलले निकट नेताहरूसँग भन्ने गरेका छन् । 'त्यसैले कार्यकाल र उमेर हदको व्यवस्था विधानमै गर्नुपर्छ,' उनको भनाइ छ । एमालेमा युवालाई नेतृत्वमा ल्याउन र एउटै व्यक्तिले पटक-पटक अवसर लिँदा असन्तुष्टि बढेकाले 'एक व्यक्ति, एक पद' व्यवस्था गर्नुपर्ने प्रस्ताव पनि प्रतिवेदनमा गरिएको छ । अवसरको न्यायपूर्ण वितरणका लागि एक व्यक्ति, एक पद आवश्यक भएको महासचिव पोखरेलको निष्कर्ष छ ।

एउटै व्यक्ति लगातार दुई पटकभन्दा बढी प्रधानमन्त्री, मन्त्री, सांसद, स्थानीय तहको प्रमुख हुन नपाउने, समानुपातिक सांसद पनि दोहोरिएर हुन नपाउने सुझाव प्रदेशहरूबाट आएको प्रतिवेदनमा उल्लेख गरिएको छ । पोखरेलले एमालेमा तीन पुस्तालाई संयोजन गर्ने नीति अघि सारी विधि बनाउनुपर्ने उल्लेख गरेका छन् । पार्टी नेतृत्व निर्माण र हस्तान्तरणको सहज प्रणाली स्थापित गर्ने गरी विधान संशोधन गर्नुपर्ने उनको सुझाव छ ।

पोखरेल विगतमा ओलीसँग निकट थिए । पछिल्लो समय उनले पार्टी संकटमा पुगिसकेपछि मूल नेतृत्वले आफैं महसुस गरी विधिमा सहमत भई नेतृत्व सुम्पनु उचित हुने निकटस्थलाई बताउने गरेका छन् । निर्वाचन परिणाम आइसकेपछि उपाध्यक्ष विष्णु पौडेल र महासचिव पोखरेलले ओलीलाई भेटेर 'सम्मानजनक रूपमा नेतृत्व हस्तान्तरण गर्न' सुझाव दिएका थिए ।

एमाले सचिव एवं पार्टी पुनर्गठन कार्यदल सदस्य भानुभक्त ढकालले प्रतिवेदनमाथि कार्यदलमा छलफल नै नभएको बताए । 'कार्यदल संयोजक र महासचिवलाई प्रतिवेदन मस्यौदा तयार गर्ने जिम्मेवारी हो । उहाँहरूले कार्यदलमा प्रतिवेदनमाथि छलफल गर्नुभएको छैन,' उनले भने, 'प्रतिवेदनमा उल्लेख गरिएको भनी सार्वजनिक भएका विषय संस्थागत होइनन्, कसैका चासोका विषय होलान् ।'

ढकालले पार्टी पुनर्गठनको विषय विधि र पद्धतिअनुसार अघि बढ्ने तर केही नेताले आफ्नो अनुकूल प्रचार गरेको आरोप लगाए । 'पार्टी पुनर्निर्माण, नीति र नेतृत्वमाथि समीक्षा विधि र पद्धतिअनुसार सम्बन्धित कमिटीले गर्ने हो । केही नेताको चाहनाअनुसार विधि बाहिर गएर हुने कुरा होइन,' उनले भने ।

पार्टी नीति र पुनर्गठनका लागि विधान महाधिवेशन वा प्रतिनिधि परिषद् अधिवेशन नै विकल्प रहेको केन्द्रीय सदस्य पदम गिरीले बताए । 'देशभरबाट पार्टी नीति, नेतृत्व र संगठन पुनर्गठनका लागि सुझाव आएको छ । त्यसका लागि विधान महाधिवेशन वा नेतृत्व पुनर्गठनका लागि आवश्यक निर्णय गर्न महाधिवेशन प्रतिनिधि परिषद् अधिवेशन गर्नु आवश्यक हुन्छ,' उनले भने । एमाले विधानको धारा १२ मा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बोलाउन सक्ने उल्लेख छ । राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरू अर्को राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि निर्वाचित नभएसम्म राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्य रहनेछन् ।

परिषद्को बैठक दुई राष्ट्रिय महाधिवेशनको बीचमा सामान्यतया एक पटक आयोजना गरिने र त्यसले केन्द्रीय कमिटी र केन्द्रीय निकायका तर्फबाट प्रस्तुत प्रतिवेदनहरूमाथि छलफल गरी पारित गर्ने र केन्द्रीय कमिटी र केन्द्रीय निकायको समग्र कामको समीक्षा गर्ने र आवश्यकताअनुरूप निर्देशन दिने विधानमा उल्लेख छ ।

> निर्वाचन समीक्षा प्रतिवेदनमा महासचिव पोखरेलले नेतृत्व पुनर्गठनका लागि विधान महाधिवेशन वा महाधिवेशन प्रतिनिधि परिषद् अधिवेशनको विकल्प अघि सारेका थिए तर त्यसमा ओलीको असहमति

भदौ ०८२ मा भएको विधान महाधिवेशनले ओली तेस्रो कार्यकालका लागि अध्यक्ष बनाउन नेताको ७० वर्षे उमेर हद र एउटा व्यक्ति दुई कार्यकालभन्दा बढी कार्यकारी पदमा बस्न नपाउने प्रावधान संशोधन गरेको थियो । त्यतिबेला तत्कालीन वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, अष्टलक्ष्मी शाक्यले फरक मत राखेका थिए । विधान संशोधनको केही महिनामै भएको महाधिवेशनबाट ओली पुनः अध्यक्षमा निर्वाचित भएका थिए ।

एमालेको नीति र नेतृत्व पुनर्गठनका लागि पार्टी निकट बौद्धिक परिषद्का अध्यक्ष गजेन्द्र थपलियाको संयोजकत्वमा रहेको एमाले पुनर्जागरण अभियानले केन्द्रीय कमिटी बैठक बोलाउन माग गरेको छ । पुस अन्तिम सातायता केन्द्रीय कमिटी बैठक बसेको छैन ।

थपलियाको नेतृत्वमा केन्द्रीय कार्यालयका मुख्य सचिव भीष्म अधिकारीलाई बुझाइएको मागपत्रमा विधानसम्मत ढंगले कमिटी परिचालन गर्दै आपसी छलफल, समीक्षा र निर्णयमार्फत पार्टीलाई निकास दिन केन्द्रीय कमिटी बैठक आवश्यक भएको उल्लेख छ । 'पार्टीले गठन गरेको निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलले विभिन्न स्थानमा गरेको सुझाव संकलनका क्रममा सार्वजनिक भएका विवरणहरूमा ठूलो संख्यामा नेता तथा कार्यकर्ताले पार्टीलाई बदला अवस्था र शैलीमा अगाडि बढाउन नसकिने, पार्टीको व्यापक रूपान्तरण, पुनःसंरचना र पुनर्गठन आवश्यक रहेको धारणा राखेको देखिन्छ,' मागपत्रमा भनिएको छ ।

सम्पादकीय

# स्वास्थ्य सेवामा पहुँच र गुणस्तरको सवाल

आर्थिक रूपमा कमजोर वा राजनीतिक-प्रशासनिक रूपमा जीर्ण भएको अवस्थामा पनि राज्यले आफ्नो दायित्व भुल्न नहुने केही क्षेत्रमध्ये पर्छ- नागरिक स्वास्थ्य। स्वास्थ्य उपचार, खोप तथा परामर्श जस्ता पक्षको व्यवस्थापन मिलाउनु राज्यको जिम्मेवारी हो। साथै, राज्यले स्वास्थ्य सेवामा नागरिकको लगानी यथाशक्य कम हुने प्रबन्ध मिलाउनुपर्छ। नेपालका राजनीतिक र प्रशासनिक नेतृत्वले भने यही ढंगले सोचेको पाइँदैन। किनकि, अझै पनि उपचारका लागि नागरिकबीचमै समान अवसर उपलब्ध छैन। पछिल्लो समय विभिन्न किसिमका खोप अभाव हुन थालेका छन्। उपचार प्रक्रिया अति खर्चिलो छ, जसले गर्दा जटिल प्रकृतिका रोग लाग्नासाथ बिरामीको जायजेथा सकिने गरेको छ। यसबीच स्वास्थ्य उपचारमा नागरिकको आर्थिक भार कम गर्ने उद्देश्य राखिएको स्वास्थ्य बिमा कार्यक्रम भने असफलप्रायः छ। यस्तो अवस्थाले राज्यप्रति नै नागरिक भरोसा कमजोर हुँदै जाने भएकाले सरकारले स्वास्थ्य सेवालाई सहज, कम खर्चिलो र गुणस्तरीय बनाउने रणनीति अख्तियार गर्न आवश्यक छ।

यतिबेला सरकारी स्वास्थ्य संस्थामा कतिपय खोप तथा औषधिको चरम अभाव छ। देशभरका अधिकांश सर्पदंश उपचार केन्द्रका साथै सर्पदंशको उपचार हुने अस्पतालमा एन्टिभेनमको अभाव छ। जबकि, यतिबेलै सर्पदंशका घटना उल्लेखनीय रूपमा वृद्धि हुन्छन्। १ वैशाखयता सर्पदंशबाट कम्तीमा ६० जनाको मृत्यु भइसकेको छ भने ८ सय ६६ जना अस्पताल भर्ना भएका छन्। त्यस्तै, गर्भवती, सुत्केरी तथा किशोरीका लागि रक्तअल्पता कम गर्न दिइने अत्यावश्यक आइरन चक्कीसमेत महिनौंदेखि सरकारी स्वास्थ्य संस्थाहरूमा छैनन्। यद्यपि, आइरन चक्की निजी स्वास्थ्य संस्थाबाट पनि किन्न पाइन्छ। जापानी इन्सेफ्लाइटिस (जेई) को संक्रमण बढ्दो छ। एक महिनामै ९ जनाको ज्यान गइसकेको छ भने अन्य ३७ जनामा संक्रमण पुष्टि भएको छ। कीटजन्य रोगमध्ये सबैभन्दा बढी मृत्यु गराउने जेईको असर कम गर्न खोप लगाउन सकिन्छ। तर सबै नागरिकलाई लगाउन सरकारसँग खोप छैन, सबै नागरिकलाई खोप लगाउने बजेट पनि छुट्याइएको छैन। रेबिजविरुद्धको खोपको पनि लामै समयदेखि अभाव छ।

समस्या खास खोप वा औषधि अभावमा मात्रै सीमित छैन। स्वास्थ्य उपचार वा परामर्शका लागि अस्पताल पुग्ने हरेकजसो बिरामीले दैनिक अनेकौं समस्यासँग जुध्नुपरिरहेको हुन्छ। काठमाडौंको नयाँबानेश्वरस्थित सिभिल अस्पतालमा बिहान रातिदेखि नै टिकट काट्नेहरू लाइन लाग्ने गर्छन्। उपचार प्रक्रिया पूरा गर्दा दिन नै बित्ने गर्छ। यस्तै अवस्था देशका सबैजसो सरकारी अस्पतालको छ। बिरामीको चाप हुने भएकाले ओपीडीमै पनि धेरै चिकित्सकको पर्याप्त समय पाइँदैन। सरकारी अस्पतालमा शल्यक्रियाका लागि महिनौं पर्खिनुपर्ने समस्या त सामान्य नै हो। उपचारका धेरै सुविधा काठमाडौं वा ठूला सहरमा केन्द्रित छ, जसले गर्दा देशका सबै भूगोलका मानिसले उस्तै गुणस्तरको उपचार पाउन सकेका छैनन्। विकल्पमा देशभर नै निजी अस्पताल उपलब्ध छन्, तर त्यहाँको शुल्क धेरै नागरिकले सहजै बेहोर्न सक्दैनन्। सरकारी अस्पताललाई नै नागरिकमैत्री बनाउने तथा बिमामार्फत नागरिकको उपचार खर्चलाई न्यूनीकरण गर्ने कामलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्छ।

उपचार प्रक्रिया सहज नहुँदा त्यसले सम्बन्धित बिरामी र परिवारको आर्थिक-सामाजिक आत्मविश्वास कमजोर बनाउँछ। त्यसले नागरिकको उत्पादनशीलता त कमजोर बनाउँछ नै, राज्यप्रतिको भरोसा पनि कमजोर बनाउँछ। राज्यले पनि निरोगी मानिसबाट जुन किसिमको लाभ लिन सक्छ, त्यो गुमाउनुपर्छ। वर्षौंको लगानीबाट जनस्वास्थ्य क्षेत्रमा देशले हासिल गरेका उपलब्धिसमेत गुम्ने जोखिम रहन्छ। किनकि, खोप लगायतका माध्यमबाट कतिपय रोग उन्मूलनसमेत भएका हुन्छन् वा राज्यले वर्षौंदेखि तय गर्दै आएको लक्ष्य पूरा गरेर अन्तर्राष्ट्रिय समुदायमाझ प्रशंसा कमाएको हुन्छ। तर, खोप, औषधि वा अत्यावश्यक स्वास्थ्य सामग्रीको लामो समयसम्म अभाव हुँदा दीर्घकालीन असर पर्न सक्छ। उपलब्धिहरू जोगाइराख्नु राज्यको दायित्व हो। तर त्यसका लागि स्वास्थ्य क्षेत्रका समस्या समाधान गर्नेतर्फ राज्य संवेदनशील हुनुपर्छ।

स्वास्थ्य क्षेत्रमा देखिएका समस्या प्रस्ट छन्- सबै भूगोलका नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा पाउन सकेका छैनन्। स्वास्थ्य सेवा झन्झटिलो छ, जसलाई आफ्नो दैनिकीसँग मिलाउन नागरिकलाई कठिनाइ परेको छ। निजी अस्पतालमा उपचार प्रक्रिया महँगो छ, जसले गर्दा निम्न वा मध्यम वर्गीय मानिसलाई खर्च व्यवस्थापन गर्न कठिनाइ पर्ने गरेको छ। खोप तथा कतिपय औषधि सरकारले खरिद गर्ने प्रक्रिया समयमै अघि नबढाउँदा अभाव देखिने गरेको छ। सरकारले यस्तै समस्या समाधानमा केन्द्रित रहेर स्वास्थ्य क्षेत्रसँग सम्बन्धित समस्या समाधान गर्ने रणनीति अख्तियार गर्नुपर्छ। स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच वृद्धि गर्नका लागि नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकता दिइनुपर्छ।

# विज्ञताको बन्धनमा अर्थतन्त्र



भोजराज पौडेल
(पौडेल विकास अर्थशास्त्री हुन्)




फाइल तस्बिर : कान्तिपुर

**सफलता केही सीमित समूहको विशेषाधिकार हुने अर्थतन्त्र वा किसान, श्रमिक, विद्यार्थी, साना उद्यमी र प्रविधि क्षेत्रमा काम गर्ने युवा सबैले सम्मानजनक अवसर पाउने अर्थतन्त्र ? यही प्रश्नको उत्तरले नेपालको आर्थिक भविष्यका साथै सामाजिक एकता र लोकतन्त्रको दिशा पनि तय गर्नेछ।**

सरकार बनेको तीन महिनाभन्दा बढी भइसक्दा पनि अर्थतन्त्रले प्राण पाउन सकेको छैन, जुन सबैभन्दा ठूलो आशा थियो। अर्थतन्त्रले लय समात्न नसक्नुका कारण के हुन् भनेर खोज्न थाल्यो भने धेरै विषय सतहमा आउन सक्छन्। तर सरसर्ती हेर्दा यो सरकारको सुरुदेखिको रवैया विज्ञता र क्षमतामा आधारित रहेर शासन सत्ता चलाउँछौं भन्ने थियो। त्यसमा आम मानिसले एक हदसम्म विश्वास गरेका थिए। किनभने विगतमा सम्पूर्ण राज्यसत्ता सञ्चालनमा राजनीति हावी भयो भन्ने भाष्य निर्माण भएको थियो। त्यो सत्य पनि हो।

तर अब त्यो अति राजनीतीकरणबाट बाहिर निस्कने वचन कहाँ छ, अर्थतन्त्र किन चलायमान हुन सकेको छैन, निजी क्षेत्र किन हतोत्साहित छ र लगानीकर्ता किन हात बाँधेर बसेका छन् भनेर खोज्ने बेला भएको छ। यो आलेखमा म बदलिँदो विश्व परिवेशमा हामी किन आधारभूत रूपमा नै पछि परेका छौं ? सरकार कसरी चुकिरहेको छ र कसरी अर्थतन्त्र विज्ञताको बन्धक बन्ने जोखिम बढिरहेको छ भन्नेमा चर्चा गर्नेछु।

### अर्थतन्त्रको विरोधाभास

अहिले नेपालको अर्थतन्त्रको सबैभन्दा ठूलो विशेषता विरोधाभास हो। बाह्य क्षेत्रका तथ्यांक हेर्दा अर्थतन्त्र तुलनात्मक रूपमा सुरक्षित र सहज देखिन्छ। तर बजार, उद्योग र रोजगारीको वास्तविकता हेर्दा भने उत्साहित हुनुपर्ने अवस्था छैन। आर्थिक वर्ष २०८२/८३ को पहिलो एघार महिनामा विप्रेषण ३८.२ प्रतिशतले बढेर रु. २१ खर्ब २० अर्बभन्दा माथि पुगेको छ। चालु खाता रु. ८ खर्बभन्दा बढी बचतमा छ र शोधनान्तर स्थिति रु. ९ खर्बभन्दा बढी बचतमा रहेको छ। विदेशी विनिमय सञ्चिति रु. ३७ खर्ब ५५ अर्बभन्दा माथि पुगेको छ, जसले वस्तु तथा सेवा आयात करिब १९ महिनासम्म धान्न सक्ने अवस्था देखाउँछ।

यी सूचकहरू निश्चय नै राहतका विषय हुन्। केही वर्षअघि विदेशी मुद्रा सञ्चिति, आयात धान्न सक्ने क्षमता र बाह्य भुक्तानीको दबाबलाई लिएर जुन चिन्ता थियो, त्यसको तुलनामा आजको अवस्था बलियो छ। तर बाह्य क्षेत्र सुदृढ हुनु मात्र अर्थतन्त्रको स्वास्थ्य होइन। रेमिट्यान्सका कारण विदेशी मुद्रा सञ्चिति बढेको छ। तर त्यसले उद्योग सञ्चालन, उत्पादन वृद्धि, रोजगारी सिर्जना र नागरिकको क्रयशक्ति स्वतः बढाएको छैन। विप्रेषणको पछाडि ठूलो संख्यामा युवा श्रमशक्ति विदेशिनु पनि छ। त्यसैले बढ्दो रेमिट्यान्सले देखाउने देशभित्र अवसरको अभावको ऐना पनि हो।

अर्कोतर्फ, मुलुकको समस्या पैसा नभएको मात्र होइन। पैसा उत्पादनशील क्षेत्रमा नपुगेको हो। बैंक तथा वित्तीय संस्थामा निक्षेप बढेर रु. ८० खर्बभन्दा माथि पुगेको छ। ब्याजदर घटेको छ। वाणिज्य बैंकहरूको औसत कर्जा ब्याजदर अघिल्लो वर्षको तुलनामा घटेर ६.६४ प्रतिशतमा झरेको छ। आधारदर पनि ४.८८ प्रतिशतमा आएको छ। सामान्य आर्थिक तर्कले हेर्दा कम ब्याजदर, पर्याप्त तरलता र बलियो विदेशी मुद्रा सञ्चितिले लगानीलाई गति दिनुपर्ने हो। तर निजी क्षेत्रमा जाने कर्जाको वृद्धि वार्षिक करिब ६.४ प्रतिशतमा सीमित छ। यसले के देखाउँछ भने समस्या केवल ब्याजदरको होइन, विश्वासको हो। उद्योगीले ऋणको लागत मात्र हेरेर लगानी गर्दैनन्। उनीहरूले बजारमा माग छ कि छैन, नीतिगत स्थिरता छ कि छैन, प्रशासनिक प्रक्रिया कति सहज छ र मुख्य रूपमा कानुनी सुरक्षा कति भरपर्दो छ भन्ने पनि हेर्छन्। हरेक नयाँ बजेटसँगै करको संरचना बदल्ने, नियम-कानुनको व्याख्या फरक-फरक ढंगले गर्ने, अनुमतिका लागि नेतासँग पहुँच हुनुपर्ने र कार्यालय धाउनुपर्ने अवस्थामा लगानीकर्ताले जोखिम लिँदैनन्।

निजी क्षेत्रलाई सधैं शंकाको दृष्टिले हेर्ने राजनीतिक संस्कारले पनि समस्या बढाएको छ। अहिलेको सरकारको दृष्टिकोण त अझ डरलाग्दो छ। व्यवसायीलाई कर छल्ने सम्भावित पात्र, नाफा कमाउने मात्र समूह वा राजनीतिक पहुँच खोज्ने समुदायका रूपमा बुझ्ने प्रवृत्ति छ। निश्चय नै व्यवसायमा पारदर्शिता, प्रतिस्पर्धा र अनुशासन आवश्यक छन्। तर केही गलत अभ्यासका आधारमा सम्पूर्ण उद्यमशीलतालाई अविश्वास गर्नु अर्थतन्त्रका लागि घातक हुन्छ। निजी क्षेत्र केवल नाफा खोज्ने समूह होइन। यही क्षेत्रले रोजगारी सिर्जना गर्छ, कर तिर्छ, प्रविधि ल्याउँछ, निर्यात बढाउँछ र राज्यलाई सेवा विस्तार गर्ने आर्थिक आधार दिन्छ।

### खर्च, महँगी र व्यापार घाटा

हामीले हेर्नुपर्ने सरकारको खर्च संरचना पनि हो। यसले पनि अर्थतन्त्र सुस्त हुनु पछाडिको कारण स्पष्ट पार्छ। एघार महिनामा कुल सरकारी खर्च रु. १३ खर्ब ४६ अर्बभन्दा बढी पुगेको छ, तर पुँजीगत खर्च अघिल्लो वर्षको तुलनामा ७.५ प्रतिशतले घटेर रु. १ खर्ब ३२ अर्बमा सीमित भएको छ। चालु खर्च बढ्ने, वित्तीय व्यवस्थापनमा खर्च बढ्ने तर विकास निर्माणमा खर्च घट्ने अवस्था अर्थतन्त्रलाई गति दिने नीति हुन सक्दैन। सडक, सिँचाइ, ऊर्जा प्रसारण, औद्योगिक क्षेत्र, विद्यालय, अस्पताल, डिजिटल संरचना र स्थानीय पूर्वाधारमा खर्च नभएपछि बजारमा माग कसरी बढ्छ ? यस्तो अवस्थामा निर्माण व्यवसायीको भुक्तानी रोकिन्छ, आपूर्ति शृंखला कमजोर हुन्छ, बैंकको कर्जा जोखिममा पर्छ र रोजगारीका अवसर संकुचित हुन्छन्।

पुँजीगत खर्चलाई सरकारले केवल बजेट कार्यान्वयनको प्राविधिक विषय ठान्नु हुँदैन। यो राज्यको आर्थिक विश्वसनीयताको प्रश्न हो। समयमै ठेक्का नलाग्ने, ठेक्का लागे पनि काम नहुने, काम भए पनि भुक्तानी नहुने र आयोजनाको लागत बढिरहने चक्रले निजी क्षेत्रलाई राज्यसँग काम गर्न निरुत्साहित बनाउँछ। जब सरकार स्वयं आफ्नो प्रतिबद्धता पूरा गर्न कमजोर देखिन्छ, तब उसले निजी क्षेत्रलाई लगानी गर्न गरेको आह्वान प्रभावकारी हुन सक्दैन।

महँगीले नागरिकको दैनिक जीवनमा थप दबाब सिर्जना गरेको छ। वार्षिक उपभोक्ता मुद्रास्फीति ५.२२ प्रतिशत पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा झन्डै दोब्बर हो। फलफूलको मूल्य १७.४ प्रतिशत, घिउ तथा तेलको मूल्य १५.१ प्रतिशत र यातायात खर्च १५.३१ प्रतिशतले बढेको छ। उपभोक्ताले महँगी अनुभव गरिरहेका बेला औसत मुद्रास्फीति कम थियो भन्ने तर्कले राहत दिँदैन। नागरिकले आफ्नो भान्सामा, यातायातमा, बालबालिकाको शिक्षामा र उपचारमा कति खर्च बढ्यो भन्ने हेर्छन्।

थोक मूल्य मुद्रास्फीति ८.४७ प्रतिशत पुग्नु झन् चिन्ताको विषय हो। विशेषगरी उत्पादनमा प्रयोग हुने मध्यवर्ती वस्तुको मूल्य १४.६४ प्रतिशतले बढ्नुले उद्योगको लागत बढ्ने संकेत गर्छ। उद्योगको लागत बढ्दा या त वस्तुको मूल्य बढ्छ या नाफा घट्छ या उत्पादन नै घट्छ। तीन वटै परिणामले अन्ततः अर्थतन्त्रलाई कमजोर बनाउँछन्। बजारमा माग पहिले नै कमजोर रहेको अवस्थामा लागत बढ्नु उद्योगीका लागि दोहोरो दबाब हो।

व्यापारतर्फ पनि संरचनागत कमजोरी छ। निर्यात १२.३ प्रतिशतले बढेर रु. २ खर्ब ७७ अर्बभन्दा बढी पुग्नु सकारात्मक हो। तर आयात १५.२ प्रतिशतले बढेर रु. १८ खर्ब ९४ अर्बभन्दा माथि पुगेको छ। व्यापार घाटा १५.७ प्रतिशतले बढेर रु. १६ खर्ब १६ अर्बभन्दा बढी पुगेको छ। निर्यात-आयात अनुपात घटेर १४.७ प्रतिशतमा झरेको छ। यसले हामीले उत्पादन गरेर कमाउनेभन्दा आयात गरेर खर्च गर्ने अर्थतन्त्रलाई रेमिट्यान्सले धानेको अवस्था कायम रहेको देखाउँछ।

### फड्को मार्ने समय

हामी यी यावत् विषयमा अल्झिरहेका छौं तर विश्व अर्को निर्णायक परिवर्तनबाट गुज्रिरहेको छ– कृत्रिम बुद्धिमत्ता (एआइ)। विश्व बैंकले आफ्नो विश्व विकास प्रतिवेदन– २०२६ मा एआईलाई वाष्पशक्ति, विद्युत् र इन्टरनेटजस्तै सामान्य प्रयोजनको रूपान्तरणकारी प्रविधिका रूपमा व्याख्या गरेको छ। यसको अर्थ एआई कुनै सीमित प्रविधि कम्पनीको विषय मात्र रहेन। यसले कृषि, स्वास्थ्य, शिक्षा, वित्त, उत्पादन, पर्यटन, सार्वजनिक प्रशासन र साना व्यवसायको काम गर्ने तरिका बदल्न सक्छ।

नेपालजस्तो विकासोन्मुख देशका लागि एआईको बहस गलत ठाउँबाट सुरु हुनु हुँदैन। हामीले तुरुन्तै विश्वस्तरीय मोडेल बनाउने, विशाल डाटा सेन्टर खडा गर्ने वा अमेरिका र चीनसँग चिप्सको प्रतिस्पर्धा गर्ने सपना देख्नु यथार्थवादी प्राथमिकता होइन। हाम्रो प्राथमिकता उपलब्ध एआई उपकरणलाई अपनाउने, नेपाली भाषा र स्थानीय आवश्यकताअनुसार अनुकूल बनाउने तथा सार्वजनिक सेवा र निजी उत्पादनमा प्रयोग गर्ने हुनुपर्छ। यही नै विश्व विकास प्रतिवेदनले सुझाएको 'अपनाउने, अनुकूल बनाउने र अघि बढ्ने' बाटो हो।

नेपालले एआईबाट सबैभन्दा छिटो लाभ कहाँ लिन सक्छ भन्ने छलफल जरुरी छ। कृषि पहिलो क्षेत्र हो। किसानलाई स्थानीय मौसमको सूचना, बाली रोग पहिचान, माटोको अवस्था, बजार मूल्य र बीउ-मलसम्बन्धी सल्लाह नेपाली भाषामा उपलब्ध गराउन सकिन्छ। दुर्गम क्षेत्रमा एआईमा आधारित आवाज सेवा वा सामान्य मोबाइलमार्फत कृषि सूचना पुर्‍याउन सकिन्छ। यसका लागि सबै किसानसँग महँगा स्मार्टफोन वा तीव्र इन्टरनेट हुनैपर्छ भन्ने छैन। साना एआई मोडेलहरू सीमित उपकरणमा वा आवाजमार्फत पनि उपयोगी हुन सक्छन्।

स्वास्थ्य अर्को सम्भावनायुक्त क्षेत्र हो। धेरैजसो प्राथमिक स्वास्थ्य केन्द्रमा सीमित जनशक्ति छ। एआईले चिकित्सकको विकल्प बन्न सक्दैन, तर प्रारम्भिक परीक्षण, बिरामीको प्राथमिकता निर्धारण, रोगसम्बन्धी सूचना व्यवस्थापन र स्वास्थ्यकर्मीलाई निर्णय गर्न सहयोग पुर्‍याउन सक्छ। शिक्षा क्षेत्रमा पनि एआईले शिक्षकलाई विस्थापित गर्नुभन्दा विद्यार्थीलाई व्यक्तिगत सिकाइ सहयोग प्रदान गर्न सक्छ। नेपाली भाषामा पाठ्य सामग्री, अभ्यास, व्याख्या र पहुँचयोग्य सिकाइ सामग्री विकास गर्न सकिन्छ।

सार्वजनिक प्रशासनमा यसको सम्भावना अझ ठूलो छ। नेपालको प्रशासनिक समस्या केवल कर्मचारीको संख्या होइन, कागजी प्रक्रिया, कमजोर अभिलेख, निर्णयमा ढिलाइ र सेवाग्राहीलाई सताउने संस्कार हो। जग्गा, व्यवसाय दर्ता, कर, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र न्यायसँग सम्बन्धित अभिलेख व्यवस्थित रूपमा डिजिटल बनाउने हो भने एआईले सेवा वितरणलाई छिटो, पारदर्शी र लक्षित बनाउन सक्छ। तर यसका लागि पहिले डाटा विश्वसनीय हुनुपर्छ। गलत, अपूर्ण वा पक्षपाती डाटामा आधारित एआईले न्यायपूर्ण सेवा होइन, नयाँ प्रकारको अन्याय जन्माउन सक्छ।

### विज्ञताको अहंकार

एआईको प्रश्न अर्थतन्त्रसँग मात्र होइन, सामाजिक न्यायसँग पनि जोडिन्छ। दार्शनिक माइकल स्यान्डेलले आफ्नो पुस्तक 'द टायरनी अफ मेरिट' मा आधुनिक मेरिटोक्रेसीको आलोचना गर्दै सफल मानिसहरूमा 'मेरिटोक्रेटिक अहंकार' र पछि परेकाहरूमा अपमान तथा बहिष्करणको भावना जन्माउने बताएका छन्। सफल व्यक्ति आफ्नो सफलता केवल आफ्नै मिहिनेतको परिणाम हो भन्ने विश्वास गर्न थाल्छ। तर उसले राम्रो विद्यालय, परिवारको सामाजिक हैसियत, भाषा, नेटवर्क, आर्थिक सुरक्षा र संयोगले दिएको अवसर बिर्सन्छ।

नेपालमा पनि यो प्रश्न छ। सहरका निजी विद्यालय, अंग्रेजी भाषा, डिजिटल पहुँच र पारिवारिक नेटवर्क भएका युवाले अवसर सजिलै भेट्छन्। ग्रामीण क्षेत्र, कमजोर विद्यालय, सीमित इन्टरनेट र आर्थिक अभावबाट आएका युवाले समान प्रतिभा हुँदाहुँदै पनि प्रतिस्पर्धाको सुरुआतमै पछाडि पर्छन्। यदि एआईलाई पनि केवल सहरी, अंग्रेजी बोल्ने र प्रविधिमा पहुँच भएका समूहको सुविधा बनाइयो भने यसले असमानता घटाउने होइन, अझ गहिरो बनाउनेछ।

एआई युगमा नयाँ 'क्रेडेन्सियलवाद' जन्मिन सक्छ– जहाँ डिग्रीसँगै महँगा प्रमाणपत्र, अंग्रेजी दक्षता, प्रिमियम डिजिटल उपकरण र अन्तर्राष्ट्रिय नेटवर्क भएकाहरूलाई मात्र योग्य मानिनेछ। त्यसले लाखौं श्रमिक, किसान, साना व्यवसायी र औपचारिक डिग्री नपाएका दक्ष जनशक्तिलाई 'कम योग्य' ठहर्‍याउन सक्छ। यो आर्थिक रूपमा मात्र होइन, लोकतन्त्रका लागि पनि खतरनाक हुन्छ। जब मानिस समाजले आफ्नो श्रम, अनुभव र गरिमालाई सम्मान गर्दैन भन्ने ठान्छन्, तब निराशा, आक्रोश र राजनीतिक ध्रुवीकरण बढ्छ।

त्यसैले नेपालको एआई नीति केवल स्टार्टअप, सफ्टवेयर निर्यात वा डाटा सेन्टरको नीति हुनु हुँदैन। यो अवसर र त्यसको न्यायपूर्ण वितरणको नीति पनि हुनुपर्छ। विद्यालयमा डिजिटल र एआई साक्षरता विस्तार गर्नुपर्छ। स्थानीय भाषा र बोलीचालीमा प्रयोग हुने उपकरण बनाउनुपर्छ। महिला, ग्रामीण समुदाय, अपांगता भएका व्यक्ति र साना उद्यमीलाई प्रविधिमा पहुँच सुनिश्चित गर्नुपर्छ। सीप विकासलाई केवल प्रमाणपत्र वितरणको कार्यक्रममा सीमित नराखी वास्तविक काम, उत्पादन र समस्या समाधानसँग जोड्नुपर्छ।

### राज्यको भूमिका

राज्यको भूमिका तीन तहमा स्पष्ट हुनुपर्छ। पहिलो, सहजकर्ताका रूपमा उसले भरपर्दो विद्युत्, सस्तो इन्टरनेट, डिजिटल पूर्वाधार, गुणस्तरीय शिक्षा र सीपमा लगानी गर्नुपर्छ। दोस्रो, प्रयोगकर्ताका रूपमा उसले आफ्नै सेवा प्रणालीलाई डिजिटल, पारदर्शी र नागरिकमैत्री बनाउनुपर्छ। तेस्रो, नियामकका रूपमा उसले डाटा गोपनीयता, साइबर सुरक्षा, उपभोक्ता अधिकार, गलत सूचना र एआईको दुरुपयोग रोक्ने स्पष्ट मापदण्ड बनाउनुपर्छ।

नेपालसँग आज बाह्य क्षेत्रको बलियो अवस्थाले दिएको एउटा अवसर छ। तर यो अवसर अनन्तकालसम्म रहँदैन। विदेशी मुद्रा सञ्चिति थुपारेर मात्र समृद्धि आउँदैन। त्यसलाई पुँजीगत खर्च, उत्पादनशील उद्योग, ऊर्जा, कृषि, डिजिटल पूर्वाधार, शिक्षा र सीपमा रूपान्तरण गर्नुपर्छ। रेमिट्यान्सलाई उपभोगको सहारा मात्र होइन, उद्यम र स्थानीय रोजगारीको स्रोत बनाउनुपर्छ।

अर्थतन्त्रलाई लयमा फर्काउन नीतिगत स्थिरता, प्रभावकारी पुँजीगत खर्च र निजी क्षेत्रसँग भरोसायोग्य साझेदारी तत्काल आवश्यक छ। तर अब चौथो आधार पनि उत्तिकै महत्त्वपूर्ण छ– प्रविधिलाई समावेशी र न्यायपूर्ण ढंगले अपनाउने क्षमता। संसार एआईमार्फत उत्पादकत्वको नयाँ युगमा प्रवेश गरिरहेको बेला नेपाल पुरानै राजनीतिक अस्थिरता, प्रशासनिक ढिलासुस्ती र अवसरको असमानतामा अल्झिरहन सक्दैन।

### आजको प्रश्न

आजको प्रश्न केवल अर्थतन्त्रलाई कसरी चलायमान बनाउने भन्ने होइन। मूल प्रश्न– हामी कस्तो अर्थतन्त्र बनाउँदै छौं भन्ने हो। सफलता केही सीमित समूहको विशेषाधिकार हुने अर्थतन्त्र वा किसान, श्रमिक, विद्यार्थी, साना उद्यमी र प्रविधि क्षेत्रमा काम गर्ने युवा सबैले सम्मानजनक अवसर पाउने अर्थतन्त्र ? यही प्रश्नको उत्तरले नेपालको आर्थिक भविष्यका साथै सामाजिक एकता र लोकतन्त्रको दिशा पनि तय गर्नेछ।

# गरिबी निवारण कि परनिर्भरता निर्माण ?



महेश भट्टराई
(भट्टराई बागमती प्रदेश सरकारको सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव हुन्।)

बागमती प्रदेश सरकारले विशेष अनुदानमार्फत चेपाङ, दलित तथा अति विपन्न समुदायको आयआर्जन, सीप विकास र जीविकोपार्जन सुधारका विभिन्न स्थानीय तहमा कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रमको प्रभावकारिता बुझ्ने उद्देश्यले केही स्थानीय तहमा स्थलगत अनुगमन गर्दा सबै ठाउँमा कार्यक्रम सञ्चालन भएको पाइयो। कतै बाख्रापालन, कतै मौरीपालन, कतै तरकारी खेती त कतै सीपमूलक तालिम र कृषि सामग्री वितरण।

झट्ट हेर्दा कार्यक्रमहरू सक्रिय र उत्साहजनक देखिन्थे। तर कार्यक्रम सञ्चालन हुनु र यसले अपेक्षित दीर्घकालीन परिवर्तन ल्याउनु एउटै होइन।

अनुगमनका क्रममा एक गाउँपालिकाका उपाध्यक्षले भन्नुभएको थियो- 'हाम्रो गाउँपालिकामा चेपाङ समुदायलक्षित कार्यक्रम सञ्चालन गर्ने सरकारी र गैरसरकारी संस्था तीन दर्जनभन्दा बढी छन्। तर समुदायको समग्र जीवनस्तरमा अपेक्षित परिवर्तन देखिँदैन। अहिले कतिपय परिवार त कुन संस्थाले सहयोग गर्छ भनेर प्रतीक्षामा बस्ने गरेका छन्।'

यो अवस्थाले गम्भीर नीतिगत प्रश्न उठाएको छ। के यस्ता कार्यक्रमले आत्मनिर्भरता निर्माण गरिरहेको छ वा सहयोगको प्रतीक्षा गर्ने 'संस्कृति'लाई अन्जानमै बलियो बनाइरहेको छैन ?

कार्यक्रमले उत्पादन, बचत, उद्यम र श्रमभन्दा अनुदान, भत्ता र निःशुल्क वितरणलाई आकर्षक बनाउँछ भने व्यवहार पनि त्यसैतर्फ उन्मुख हुन सक्छ। त्यसैले प्रश्न समुदायको व्यवहारको होइन, कार्यक्रमको संरचना र प्रोत्साहन प्रणालीको हो।

### विश्वले सिकाएको पाठ

पछिल्ला दुई दशकमा गरिबी निवारणसम्बन्धी विश्वव्यापी अनुसन्धानले एउटा महत्त्वपूर्ण निष्कर्ष निकालेको छ। गरिबीको समाधान केवल सहायता वितरण होइन, क्षमता निर्माण र आर्थिक समावेशीकरण हो।

अर्थशास्त्री अमर्त्य सेनले एक पुस्तक (डेभलप्मेन्ट एज फ्रिडम) मा विकासलाई आयको वृद्धिभन्दा पनि मानिसको क्षमता विस्तारका रूपमा व्याख्या गरेका छन्। मानिससँग अवसर, सीप, शिक्षा, स्वास्थ्य, सामाजिक पहुँच र निर्णय गर्ने स्वतन्त्रता भए गरिबीको दुश्चक्र तोड्न सक्छ भन्ने उनको तर्क आज पनि विकास नीतिको महत्त्वपूर्ण आधार बनेको छ।

यसै अवधारणालाई व्यवहारमा सफलतापूर्वक लागू गर्ने उदाहरण बंगलादेशको समुदायबीच स्रोत परिचालन तथा विकास (बिल्डिङ रिसोर्सेस अक्रस कम्युनिटिज) ले अवलम्बन गरेको अति गरिबीबाट क्रमिक उत्थान (ग्र्याजुएसन) मोडेल हो। यस मोडेलमा अति विपन्न परिवारलाई उत्पादनमूलक सम्पत्ति, सीप विकास, नियमित परामर्श, बचत गर्ने बानी, बजारसँगको पहुँच र निश्चित अवधिसम्म निरन्तर सहजीकरण प्रदान गरिन्छ र सक्षम भएपछि कार्यक्रमबाट क्रमशः बाहिरिन्छ।

यस्तै, इथियोपियाको उत्पादनमुखी सामाजिक सुरक्षा कार्यक्रम (प्रोडक्टिभ सेफ्टी नेट प्रोग्राम) ले सामाजिक सुरक्षालाई श्रम र उत्पादनसँग जोडेको छ। विश्व बैंकले पछिल्ला वर्षहरूमा अघि बढाएका आर्थिक समावेशीकरण कार्यक्रमहरूको आधारभूत सोच पनि यही हो। यी सबै अनुभवको साझा सन्देश स्पष्ट छ। सहयोग आवश्यक छ तर सहयोगको अन्तिम उद्देश्य सहायता वितरण होइन, आत्मनिर्भरता निर्माण हुनुपर्छ।



चितवनको इच्छाकामना गाउँपालिकाका चेपाङ समुदायका किसानलाई व्यक्तिगत रूपमा हाते ट्र्याक्टर वितरण गर्दै एक व्यक्ति। तस्बिर : कान्तिपुर

### नेपाल किन अपेक्षित परिणाममा पुग्न सकेन ?

विश्वका धेरै मुलुकले लक्षित समुदायको जीवनस्तरमा उल्लेखनीय परिवर्तन ल्याउन सफल भएका छन् तर नेपालमा भने धेरै कार्यक्रमहरूले अपेक्षित परिणाम किन दिन सकेनन् ?

यसको उत्तर कुनै एक कारणमा सीमित छैन। समस्या समुदायमा भन्दा बढी हाम्रो विकास अभ्यास, कार्यक्रमको संरचना र कार्यान्वयन प्रणालीमा देखिन्छ।

पहिलो, हामीले परिणामभन्दा गतिविधिलाई सफलता मान्ने गरेका छौं। कति जनालाई तालिम दिइयो, कति सामग्री वितरण गरियो वा कति बजेट खर्च भयो भन्ने आधारमा कार्यक्रमको मूल्यांकन गरिन्छ। तर कार्यक्रम सम्पन्न भएको ३ वा ५ वर्षपछि लाभग्राहीको आय बढ्यो कि बढेन, उद्यम टिक्यो कि टिकेन वा जीवनस्तरमा स्थायी परिवर्तन आयो कि आएन भन्ने प्रश्न विरलै सोधिन्छ।

दोस्रो, हाम्रा धेरै कार्यक्रम वितरणमुखी छन्, रूपान्तरणमुखी होइनन्। विपद्, खाद्य संकट वा चरम गरिबीको अवस्थामा राहत अपरिहार्य हुन्छ। तर राहतलाई नै दीर्घकालीन विकास रणनीति बनाइयो भने त्यसले आत्मनिर्भरता निर्माण गर्न सक्दैन। आयआर्जन कार्यक्रम उत्पादन, बजार, वित्तीय पहुँच र उद्यमसँग नजोडिएसम्म तिनको प्रभाव सीमित रहन्छ।

तेस्रो, तालिम र बजारबीचको दूरी अझै पनि ठूलो छ। हामीले हजारौं व्यक्तिलाई विभिन्न सीप विकास तालिम दिएका छौं। तर ती सीपबाट उत्पादन भएको वस्तु कहाँ बिक्री हुन्छ ? कच्चा पदार्थ कसरी प्राप्त हुन्छ ? व्यवसाय सुरु गर्न वित्तीय पहुँच कसरी सुनिश्चित हुन्छ ? उद्यम सञ्चालनका क्रममा प्राविधिक परामर्श कसले दिन्छ ? यस्ता प्रश्न कार्यक्रमको प्रारम्भिक डिजाइनमै पर्याप्त रूपमा समेटिएका हुँदैनन्। परिणामस्वरूप तालिम सम्पन्न हुन्छ, प्रमाणपत्र वितरण हुन्छ तर उद्यम भने सञ्चालन हुन सक्दैन।

चौथो, कार्यक्रमहरूबीच समन्वयको अभाव छ। एउटै समुदायमा संघ, प्रदेश, स्थानीय सरकार, विकास साझेदार र गैरसरकारी संस्थाले समान प्रकृतिका कार्यक्रम सञ्चालन गरिरहेका हुन्छन्। जसका कारण कतिपय परिवारले पटक-पटक सहयोग पाउँछन् भने वास्तविक आवश्यकता भएका परिवार छुट्ने अवस्था छ।

पाँचौं, धेरै कार्यक्रममा प्रवेशको व्यवस्था छ तर सफल बहिर्गमनको रणनीति छैन। सहायता कहिलेसम्म दिने, कुन अवस्थामा कार्यक्रमबाट बाहिरिने र त्यसपछि लाभग्राही कसरी आत्मनिर्भर रहने भन्ने स्पष्ट योजना हुँदैन।

### अबको बाटो : वितरणबाट रूपान्तरणतर्फ

नेपालले गरिबी न्यूनीकरणका कार्यक्रम सञ्चालनको दृष्टिकोणमा केही गुणात्मक सुधार गर्न आवश्यक छ। सबैभन्दा पहिले, गरिबी निवारणका कार्यक्रमको केन्द्रबिन्दु वितरण होइन, आर्थिक रूपान्तरण हुनुपर्छ। सहायता आवश्यक छ तर त्यो आत्मनिर्भर बन्ने यात्राको सुरुवात हुनुपर्छ, अन्तिम गन्तव्य होइन।

दोस्रो, सबै तहका सरकार र विकास साझेदारबीच एकीकृत लाभग्राही सूचना प्रणाली विकास गर्नुपर्छ। कसले, कसलाई, कहाँ, कस्तो र कति सहयोग प्रदान गरिएको छ भन्ने स्पष्ट अभिलेख भए दोहोरोपन घट्छ र स्रोत वास्तविक आवश्यकतामा केन्द्रित गर्न सकिन्छ।

तेस्रो, प्रत्येक आयआर्जन कार्यक्रमलाई बजारसँग जोड्नुपर्छ। सीप विकास, उत्पादन, वित्तीय पहुँच, उद्यम व्यवस्थापन र बजारलाई एउटै मूल्य शृंखलाका रूपमा हेर्न सकिए मात्र यसले दीर्घकालीन आर्थिक परिणाम दिन सक्छ।

चौथो, अनुगमनको आधार खर्च होइन, परिणाम हुनुपर्छ। कार्यक्रम सम्पन्न भएपछि कम्तीमा ३ वर्षसम्म लाभग्राही परिवारमा आएको परिवर्तनको नियमित मूल्यांकन गर्ने प्रणाली विकास गर्न आवश्यक छ।

पाँचौं, सहयोगसँग उत्तरदायित्व पनि जोडिनुपर्छ। अनुदान प्राप्त गर्ने परिवारले उत्पादन, बचत, उद्यम सञ्चालन वा सीपको प्रयोगजस्ता स्पष्ट प्रतिबद्धता पूरा गर्ने व्यवस्था गरिनुपर्छ।

यसका अतिरिक्त, स्थानीय सरकारलाई केवल कार्यक्रम कार्यान्वयन गर्ने निकायका रूपमा होइन, आर्थिक रूपान्तरणको नेतृत्वकर्ताका रूपमा विकास गर्नुपर्ने आवश्यकता छ। स्थानीय तहले आफ्नो क्षेत्रको सामाजिक, आर्थिक र सांस्कृतिक यथार्थ सबैभन्दा राम्रोसँग बुझेका हुन्छन्। त्यसैले कार्यक्रमको योजना, कार्यान्वयन, बजार व्यवस्थापन र अनुगमनमा उनीहरूको नेतृत्वकारी भूमिका अझ सुदृढ हुनुपर्छ।

# बदल्ने कि सुधार्ने ?



दिपेश घिमिरे

(त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक घिमिरेले समाजशास्त्रमा विद्यावारिधि गरेका छन् । उनी सुशासन र भ्रष्टाचार नियन्त्रणका विषयमा अध्ययन अनुसन्धान गर्छन्)



तस्बिर : प्रधानमन्त्रीको सचिवालय

परिवर्तनका नाममा पुरानो सबैलाई अस्वीकार गर्ने विषय राजनीतिक रूपमा अति आकर्षक देखिन्छ । तर शासन सञ्चालनको दृष्टिकोणले त्यो अत्यन्तै जोखिमपूर्ण हुन्छ । वास्तविक परिवर्तन भनेको विगतका असल अभ्यासलाई संरक्षण गर्दै, कमजोरीहरूलाई साहसपूर्वक सुधार गर्दै, विद्यमान संस्थाप्रति नागरिकको विश्वास बढाउने नयाँ संस्कृतिको विकास गर्नु हो ।

२००७ को क्रान्तिदेखि २०८२ को जेन-जी विद्रोहसम्मका हरेक राजनीतिक परिवर्तनपछि नागरिकमा व्यापक आशा र अपेक्षा बढेको पाइन्छ । स्थापित व्यवस्था तथा नेतृत्वलाई आन्दोलनबाट हटाउन जति सहज छ, त्यसपछि नागरिकको अपेक्षाअनुरूप सुधार गर्नु उति नै चुनौतीपूर्ण हुने गर्छ । किन यस्तो हुन्छ र सरकार कसरी अगाडि बढ्दा नागरिकका अपेक्षालाई सम्बोधन गर्न सक्छ ? यसै विषयमा यो लेख केन्द्रित छ ।

अमेरिकी चिकित्सक तथा प्रणाली विश्लेषक जोन गलले सन् १९७५ मा 'सिस्टम्यान्टिक्स : हाउ सिस्टम्स रियल्ली वर्क' नामक पुस्तक प्रकाशित गरेका थिए । उक्त पुस्तकमा गलले प्रतिपादन गरेको सिद्धान्त 'गल्स ल सिद्धान्त' का रूपमा चर्चित छ । ठूला र जटिल प्रणालीहरू एकै पटक पूर्ण रूपमा निर्माण गर्नु बुद्धिमानी नहुने बरु राम्रोसँग काम गर्ने जटिल प्रणाली कुनै सफल सरल प्रणालीबाट क्रमिक रूपमा विकसित भएको हुन्छ र एक्कासि पूर्ण नयाँ र जटिल प्रणाली निर्माण गर्ने प्रयासहरू प्रायः असफल हुन्छन् भन्ने यसको मान्यता छ ।

**पुराना सबै खराब हुँदैनन्**

जनआन्दोलन, विद्रोह वा निर्वाचनमार्फत हुने राजनीतिक परिवर्तनले नयाँ नेतृत्व स्थापित गर्छ । यसरी स्थापित नेतृत्वमा अघिल्ला सरकारले गरेका सम्पूर्ण काम खराब र असफल थिए भन्ने मनोवैज्ञानिक प्रवृत्ति हाबी भएको देखिन्छ । यसले विगतका असल अभ्यास र संस्थागत अनुभवलाई अस्वीकार गर्दछ । तर कुनै पनि परिवर्तन तब मात्र सफल हुन्छ, जब त्यसले विगतका असल अभ्यासलाई आत्मसात् गर्दै कमजोरीहरू सच्याउँछ । हरेक परिवर्तन असफल तब हुन्छ, जब त्यसले विगतका उपलब्धिहरूलाई समेत अस्वीकार गर्छ ।

नेपालमा अहिले पुराना सबै खराब हुन् भन्ने भाष्य हाबी छ । पुराना दलप्रति बढ्दो असन्तुष्टि, उच्च तहको भ्रष्टाचार, राजनीतिक हस्तक्षेप, सार्वजनिक सेवा प्रवाहको कमजोर अवस्था, निर्णय प्रक्रियामा हुने अनावश्यक ढिलाइले नागरिकमा गहिरो निराशा उत्पन्न भएको थियो । यही असन्तुष्टिको जगमा युवा आक्रोशित भएकैले जेन-जी विद्रोह भयो । नवपुस्ताको सोही आक्रोशलाई सम्बोधन गर्दै उनीहरूलाई विश्वास दिलाएर रास्वपाले आफूलाई विकल्पका रूपमा प्रस्तुत गर्‍यो । नागरिकले पत्याए । निर्वाचनमा उसले करिब दुईतिहाइ सिट जित्यो । मतदाताले निर्वाचनपछि नयाँ अनुहार मात्र होइन, नयाँ राजनीतिक संस्कार, कार्यशैली तथा विश्वासयोग्य शासनको अपेक्षा राखेका छन् । तर बुझ्नुपर्छ- पुराना नेतृत्व तथा दलहरूप्रति असन्तुष्ट हुनु र त्यसबेलाका सम्पूर्ण प्रणाली असफल हुनु एउटै विषय होइन ।

गल्स ल सिद्धान्तले भन्छ- 'कुनै पनि सफल जटिल प्रणाली विगतमा सफलतापूर्वक सञ्चालन भएको सरल प्रणालीबाट क्रमिक रूपमा विकसित भएको हुन्छ ।' यसको अर्थ हो- कुनै पनि प्रणालीमा कमजोरी भए पनि त्यसभित्र केही यस्ता असल अभ्यास, प्रक्रिया तथा संस्थागत ज्ञान हुन्छन्, जसले समग्र प्रणालीलाई टिकाइराखेका हुन्छन् । त्यसैले सुधारको पहिलो पूर्वसर्त भनेको सबै कुराको विनिर्माण गर्नु होइन, बरु के कमजोरी भयो, के असफल भयो, के सफल भयो भन्दै छुट्याएर अघि बढ्नु हो । सुधार र विघटनबीचमा हुने यो आधारभूत भिन्नतालाई बुझ्न सकेमा मात्र सफलता प्राप्त हुन्छ ।

शासन सञ्चालनको परिवर्तन राजनीतिक नेतृत्वको इच्छाशक्तिले मात्र सम्भव हुँदैन । यसका लागि वर्षौंको अनुभवबाट विकसित भएका कानुनी परम्परा, प्रशासनिक प्रक्रिया, कार्यशैली, संस्कृति र संस्थागत स्मृतिको उत्तिकै महत्त्व हुन्छ । उदाहरणका लागि, निजामती प्रशासनमा धेरै कमजोरी छन् । यद्यपि यसले राज्य सञ्चालनको निरन्तरता कायम राखेको छ । सेवा प्रवाहदेखि विपद् व्यवस्थापनसम्म, निर्वाचन सञ्चालनदेखि बजेट कार्यान्वयनसम्मका धेरै कार्य यही निकायको संस्थागत प्रक्रियाबाट मात्रै सम्भव भएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोगजस्ता संवैधानिक आयोगहरूले आफ्नो क्षेत्रमा संस्थागत अभ्यास तथा प्रणाली विकास गरेका छन् । स्थानीय तहहरूले स्वास्थ्य, शिक्षा, स्थानीय पूर्वाधार विकास, सामाजिक सुरक्षालगायतका क्षेत्रमा सकारात्मक प्रणाली विकास गरेका छन् । आमसञ्चारमाध्यम तथा नागरिक समाजले सार्वजनिक निगरानीको क्षेत्रमा महत्त्वपूर्ण अनुभव हासिल गरेका छन् । यी सबै पक्षहरू विगतका प्रणालीभित्र विकसित भएका सकारात्मक संस्थागत सम्पत्ति हुन् ।

यस्तो अवस्थामा यदि नयाँ सरकारले विगतका सबै कुरा खराब र असफल थियो भन्ने निष्कर्ष निकालेर अगाडि बढ्ने हो भने त्यसले संकट ल्याउन सक्छ । संस्थागत अनुभव भएका कर्मचारीलाई नयाँ नियम बनाएर बाहिर पठाउने, स्थापित प्रशासनिक प्रक्रियालाई बेवास्ता गर्ने, स्वतन्त्र तथा स्वायत्त संवैधानिक आयोगहरूको संवैधानिक सीमालाई भत्काउने हो भने त्यसले संस्थागत ज्ञान र स्मृतिको विनाश निम्त्याउँछ । कुनै पनि संस्थाले वर्षौंको अभ्यासबाट आर्जन गरेको संस्थागत स्मृति ध्वस्त हुँदा त्यसले स्वयं शासकलाई लाभभन्दा धेरै हानि पुर्‍याउँछ । संस्थागत स्मृति कमजोर भयो भने नयाँ प्रणाली निर्माण गर्न आवश्यक आधार कमजोर बन्छ । परिणामतः नयाँ संरचना कागजमा आकर्षक देखिए पनि व्यवहारमा प्रभावकारी नहुन सक्छ । धेरै देशको अनुभवले यही पाठ सिकाउँछ ।

सफलतापूर्वक शासन सुधार गरेका देशले पुराना संस्था र तिनले गरेका असल अभ्यासलाई पूर्ण रूपमा विस्थापित नगरी कमजोरीलाई पहिचान गरी क्रमिक सुधारको बाटो अपनाएका थिए । उदाहरणका लागि एस्टोनियालाई लिन सकिन्छ । एस्टोनियाले डिजिटल शासनको विकास गर्दा पनि पुराना प्रशासनिक संरचनालाई आधार मानेर क्रमिक रूपमा अगाडि बढेको थियो । सिंगापुरले पनि औपनिवेशिक प्रशासनिक संरचनालाई पूर्ण रूपमा ध्वस्त नपारी त्यसलाई थप व्यावसायिक बनाउँदै विश्वसनीय संस्थाका रूपमा विकास गरेको थियो । यी उदाहरणले गल्स ल सिद्धान्तको आधारभूत मान्यतालाई पुष्टि गर्छन् । उक्त सिद्धान्तले भनेजस्तै सुधार भनेको सबै कुरालाई पुनः शून्यबाट सुरुवात गर्नु नभई विद्यमान संस्थागत आधारलाई थप सक्षम र विश्वसनीय बनाउँदै जानु प्रभावकारी बाटो हो ।

परिवर्तनका नाममा पुरानो सबैलाई अस्वीकार गर्ने विषय राजनीतिक रूपमा अति आकर्षक देखिन्छ । तर शासन सञ्चालनको दृष्टिकोणले त्यो अत्यन्तै जोखिमपूर्ण हुन्छ । वास्तविक परिवर्तन भनेको विगतका असल अभ्यासलाई संरक्षण गर्दै, कमजोरीहरूलाई साहसपूर्वक सुधार गर्दै, विद्यमान संस्थाप्रति नागरिकको विश्वास बढाउने नयाँ संस्कृतिको विकास गर्नु हो । यदि नयाँ नेतृत्वले परिवर्तनलाई प्रतिस्थापन नभई संस्थागत रूपान्तरणका रूपमा बुझिदियो भने छिटो अनि विश्वासिलो सुधार सम्भव छ ।

**सुधारका लागि प्रणाली भत्काउनै पर्दैन**

परिवर्तनपछि आउने प्रायः नयाँ नेतृत्वले नयाँ संस्था स्थापना गर्ने, नयाँ कानुन र नीति बनाउने वा पुराना संरचना तथा नीति नियमको विघटन गर्ने कार्यलाई सुधारको मुख्य एजेन्डा बनाउने गर्छ । देशका महत्त्वपूर्ण संस्था, संवैधानिक निकाय तथा आधारभूत संरचनाहरू भत्काएर सुधार हुनै सक्दैन । कुनै पनि प्रणालीको वास्तविक शक्ति त्यसको बाहिरी संरचनामा भन्दा पनि संस्थागत संस्कृति, कार्यशैली, नागरिक विश्वासमा निर्भर हुन्छ । त्यसैले प्रणाली निर्माण भनेको नयाँ कार्यालय स्थापना गर्नु, भवन बनाउनु वा संगठनको नाम परिवर्तन गर्नु होइन । बरु त्यस्ता निकायले काम गर्ने तरिका, निर्णय गर्ने शैलीमा परिवर्तन ल्याउनु हो ।

संस्था भनेको औपचारिक संरचना मात्र होइन । यो त साझा अभ्यास, जिम्मेवारी बोध, प्रक्रियागत ज्ञान, नेतृत्वको निरन्तरता, सामाजिक स्वीकृति तथा विश्वासको समग्र संयोजन हो । कुनै पनि संस्थामा कार्यरत व्यक्तिलाई उसको भूमिकालाई स्पष्ट रूपमा बुझाउने हो भने मात्रै पनि धेरै सुधार हुन्छ । नेपालमा धेरै बलिया संस्थाहरू स्थापित छन् । भ्रष्टाचार नियन्त्रणका लागि स्थापना भएको अख्तियार दक्षिण एसियाकै बलियो निकाय हो । सार्वजनिक खरिद प्रणाली, सूचनाको हकसम्बन्धी कानुन पनि उत्कृष्ट छन् । यद्यपि यस्ता संरचनाको प्रभावकारिता र नागरिक विश्वासको अवस्था कमजोर छ । जसले गर्दा यस्ता निकायहरूमा सुधार आवश्यक थियो । तर नयाँ सरकारले कैयौं संरचनागत सुधारका कार्य गरे पनि नागरिकको दैनिक अनुभवमा अपेक्षित परिवर्तन देखिएको छैन । उदाहरणका लागि अख्तियारको विकल्पमा सम्पत्ति छानबिन आयोग गठन भयो । तर भ्रष्टाचारप्रतिको धारणामा सुधार आएन । यसले संस्थाको अभावका कारण समस्या निम्तिएको नभई कार्यक्षमता, कार्यशैली तथा उत्तरदायित्वमा समस्या रहेको देखिन्छ ।

जब कानुन प्रभावकारी रूपमा कार्यान्वयन हुँदैनन्, प्रक्रियाहरू व्यवहारमा पालना हुँदैनन्, संस्थागत संस्कृति परिवर्तन हुँदैनन्, तब जस्तोसुकै नयाँ संरचना बनाए पनि अपेक्षित परिणाम दिन सक्दैन । समस्या जस्ताको तस्तै रहन्छ । यहाँ गल्स ल सिद्धान्तको सान्दर्भिकता देखिन्छ । उक्त सिद्धान्तका अनुसार प्रभावकारी प्रणाली निर्माण गर्न संरचना थपेर मात्र हुँदैन, बरु त्यसलाई बिस्तारै सक्षम, परिणाममुखी र विश्वसनीय बनाउँदै लैजानु पर्छ । यसर्थ, विद्यमान प्रणाली भत्काएर नयाँ बनाउँदैमा देशले भोगिरहेका समस्याको समाधान सम्भव छैन । बरु विद्यमान संस्थालाई पारदर्शी, जवाफदेही, सक्षम, नागरिकमैत्री र विश्वसनीय बनाउन प्रयास गर्दा छिटो परिणाम हात लाग्छ ।

**नयाँ सरकार : ठूला अपेक्षा, झन् ठूला चुनौती**

जेन-जी विद्रोहको प्रमुख माग तत्कालीन सरकार परिवर्तन मात्र थिएन । यसले खराब राजनीतिक संस्कृतिको रूपान्तरणको आवश्यकता पनि औंल्याएको थियो । आन्दोलनकारीले समान अवसर, भ्रष्टाचारमुक्त शासन, उत्तरदायी नेतृत्व, छिटो र प्रभावकारी सेवा प्रवाह, योग्यतामा आधारित सार्वजनिक नियुक्ति तथा डिजिटल प्रविधिमैत्री शासनको पनि माग गरेका थिए । यही कारणले अहिलेको सरकारप्रति नागरिकको अपेक्षा ठूलो रहेको देखिन्छ । तर अपेक्षा जति ठूलो हुन्छ, त्यसलाई व्यवहारमा कार्यान्वयन गर्ने चुनौती झन् ठूला हुन्छन् ।

सुधारका लागि पुरानो संस्कार र संस्कृतिलाई परिवर्तन गर्नु आवश्यक छ । तर राज्य सञ्चालनका आधारभूत संस्थाहरू, कानुनी प्रणाली तथा प्रशासनिक प्रक्रियालाई विघटन गर्न वा कमजोर बनाउन आवश्यक छैन । यसो गर्दा झन् ठूला चुनौतीबाट सरकार घेरिन पुग्छ । नयाँ सरकारले विगतमा स्थापित भएका संवैधानिक निकायहरूबीचको संस्थागत शक्ति सन्तुलनलाई कमजोर बनाउने, छिटो परिणाम देखाउने नाममा कानुनी तथा प्रक्रियागत मापदण्डहरू मिच्ने, प्रशासनिक प्रक्रियालाई बेवास्ता गर्ने प्रयास गर्‍यो भने त्यसले सुधार गर्दैन, जोखिम निम्त्याउँछ । त्यसैले नयाँ सरकारले नागरिक अपेक्षा पूरा गर्नका लागि पुरानो प्रणालीको विघटन वा प्रतिस्थापनको बाटो नभई विद्यमान संस्थालाई क्रमिक सुधारको बाटोमा अगाडि बढाउनु श्रेयस्कर छ । गल्स ल सिद्धान्तले यही सन्तुलित दृष्टिकोणबाट मात्र परिवर्तनको जनअपेक्षालाई दीर्घकालीन संस्थागत सफलतामा रूपान्तरण गर्न सकिन्छ भन्ने मान्यता बोक्छ ।

**पुरानो हटाउने होइन, विश्वसनीय बनाऔं**

अहिले नेपालले भोगिरहेको ठूलो समस्या राजनीतिक अस्थिरता, प्रशासनिक कमजोरी वा आर्थिक सुस्तता मात्र नभई नागरिक विश्वासमा आएको क्षयीकरण पनि हो । पछिल्ला वर्षमा भएका विभिन्न सर्वेक्षणले राज्यका संस्था तथा नेतृत्वप्रति नागरिकको विश्वास कमजोर रहेको देखाएका छन् । त्यसैले अहिलेको सरकारका लागि सबैभन्दा ठूलो चुनौती भनेको राज्यका संस्थाहरूलाई नागरिकको दृष्टिमा विश्वसनीय बनाउनु हो ।

नागरिकले नाराबाजी, स्टन्ट, भाषण वा महत्त्वाकांक्षी घोषणाका आधारमा नभई परिणामका आधारमा सरकारको मूल्यांकन गर्छन् । यदि सरकारले विद्यमान संस्थाको विघटन गर्दै नयाँ निर्माण गर्दैमा नागरिकले सार्वजनिक सेवा लिँदाका झन्झट, ढिलाइ तथा घूस दिनुपर्ने अवस्था निरन्तर रह्यो भने त्यस्ता सुधार अर्थहीन बन्न पुग्दछन् । त्यसैले नागरिक विश्वास आर्जन विद्यमान प्रणालीको विघटन र नयाँको घोषणाबाट नभई क्रमिक रूपमा अनुभवमा ल्याउने सुधारबाट सम्भव हुन्छ । जब नागरिकले कुनै एउटा क्षेत्रमा वास्तविक सुधार देख्छन्, तब उनीहरूमा सरकारप्रति विश्वास जागृत हुन्छ । यही विश्वासले थप सुधारका लागि सरकारले नागरिक समर्थन प्राप्त गर्छ ।

सरकारको सफलता कति पुराना भत्कायो र नयाँ संस्था स्थापना गर्‍यो भन्ने आधारमा निर्धारण हुँदैन । बरु नागरिकको विश्वास पुनःस्थापित गर्न कति सफल भयो भन्ने आधारमा हुन्छ । त्यसैले नेपालले संरचनागत उथलपुथलभन्दा पनि व्यवहारमा रूपान्तरण, घोषणाभन्दा बढी परिणाम र संस्थागत विश्वसनीयता खोजिरहेको छ । यही बाटोमा सरकार हिँड्यो भने सहज रूपमा नागरिकको अपेक्षालई दीर्घकालीन विश्वासमा रूपान्तरण गर्न सक्छ ।

**नयाँ नेतृत्वलाई पाँच सन्देश**

गल्स ल सिद्धान्तको दृष्टिकोणबाट वर्तमान देशको अवस्थालाई विश्लेषण गर्दा नयाँ नेतृत्वलाई पाँच वटा सन्देश दिन सकिन्छ । पहिलो- विनाश होइन, सुधारवादी बाटो छिटो, सहज र प्रभावकारी हुन्छ । विनाशले क्षणिक लोकप्रियता दिन सक्छ तर सुधारवादी बाटोले दीर्घकालीन संस्थागत स्थायित्व र नागरिक विश्वास बढाउन सक्छ । दोस्रो- नागरिक विश्वास साना सफलताबाट जागृत गर्न सकिन्छ । यसका लागि ठूला घोषणाभन्दा पनि साना सवालहरूको सुधारमा ध्यान केन्द्रित गर्नु वाञ्छनीय हुन्छ । तेस्रो- संस्थाहरू कानुनी व्यवस्थाले मात्र बलिया हुँदैनन् । कुनै पनि संस्थाको वास्तविक शक्ति त्यसको संस्थागत संस्कृति, कर्मचारीको व्यवहार, नेतृत्वको गुणस्तर, नागरिकप्रतिको जवाफदेहितामा निर्भर हुन्छ । त्यसैले सरकारले प्रत्येक निकाय र कर्मचारीको कार्यसम्पादन सुधारमा ध्यान दिन आवश्यक छ । चौथो- नयाँ प्रणाली प्रयोगशालाबाट नभई समाजबाट विकसित हुन्छ । त्यसैले नेतृत्वले माथिबाट परिवर्तनका एजेन्डा थोपर्नेभन्दा पनि नागरिक तथा सरोकारवालाको सहभागितामा प्रणालीगत सुधारमा ध्यान दिनुपर्दछ । पाँचौं- सुधारको गति र राज्यको क्षमताबीच सन्तुलन कायम गर्नु जरुरी हुन्छ । तीव्र गतिको परिवर्तन आवश्यक भए पनि राज्यको स्रोत, साधन, संस्थागत क्षमता तथा तयारीभन्दा छिटो गरिएका सुधारले समाधानभन्दा पनि समस्या निम्त्याउँछ । त्यसैले राजनीतिक नेतृत्वले परिवर्तनको अपेक्षा र राज्यको क्षमताबीच सन्तुलन कायम गर्नुपर्छ ।

यसर्थ, आजको आवश्यकता भनेको सबै कुरा भत्काएर नयाँ सुरुवात गर्ने नभई पुरानो प्रणालीका सकारात्मक पक्षको संरक्षण गर्दै र कमजोरीलाई सुधार गर्दै नागरिक विश्वासमा आधारित नयाँ शासन प्रणाली निर्माण गर्नु हो । सुधार्दै गए अवश्य बदलिन्छ, एक्कासि बदल्न खोज्दा नसुधारिन सक्छ ।

# छोटो कपाल, लामो संघर्ष



सिर्जना काफ्ले

(काफ्ले सामाजिक न्यायका क्षेत्रमा अध्ययन अनुसन्धान गर्छिन्)

कपाल मानिसको शरीरको एउटा प्राकृतिक र सामान्य भाग हो । तर, हाम्रो समाजमा यसको लम्बाइ र बनावटले व्यक्तिको चरित्र, संस्कार, परिपक्वता र लैंगिक भूमिकासम्म तय गरिदिन्छ । नेपाली समाजमा कपाललाई लिएर अनेकौं भाष्य र उखानसँग जोडेर हेर्ने गरिन्छ । 'कपाल लामो, बुद्धि छोटो' जस्ता उखानहरू एकातिर समाजमा आजैसम्म सुनिन्छन्, जसले महिलाको बौद्धिकतामाथि व्यंग्य गर्छ । अर्कोतिर, नारी सौन्दर्यको व्याख्या गर्दा लामो, बाक्लो र कालो कपाल नै नारीको वास्तविक गहना र शृंगार हो भन्ने मान्यतालाई जबर्जस्ती स्थापित गराइएको छ । यही विरोधाभासपूर्ण सामाजिक दृष्टिकोणका बीच सानै उमेरदेखि छोटो कपाल राख्ने मेरो आफ्नै बेग्लै कथा, सकस, पहिचान र रमाइला अनुभवको यात्रा छ ।

**बाल्यकालका किस्सा**

सानो छँदा बुबाले मेरो औंला समातेर नाउ (हजाम) कहाँ कपाल काट्न लैजानुहुन्थ्यो । कपाल काटेर फर्कंदा म एउटा छुट्टै खुसी र फूर्तिका साथ घर फर्कन्थें । कहिलेकाहीं घरमै पनि माहिलो बुबाले कपाल काटिदिनुहुन्थ्यो, घरका केटाकेटीको । केटाकेटी उमेरमा घरमा काटेको कपाल सोचेजस्तो नहुँदा चित्त बुझ्दैनथ्यो । 'फेरि लामो होला नि' भनेर मन बुझाउँथें । तर, मेरो कपालको लम्बाइसँगै छिमेक र समाजको चासो भने अस्वाभाविक रूपमा बढ्दै गएको थियो ।

छोरीको कपाल किन केटाको जस्तो काटेको ? यो प्रश्न मेरा बुबाले अनगिन्ती पटक सुन्नुपर्‍यो । यस प्रकारका प्रश्नहरूले मलाई कता-कता नरमाइलो लाग्थ्यो । तर, मेरो बुबा प्रगतिशील विचारधाराको भएका कारण सजिलै त्यस्ता प्रश्नको प्रतिक्रिया दिनुहुन्थ्यो । आमालाई पनि समाजले तारन्तार यही प्रश्न सोधेर दबाब दिइरहन्थ्यो । फलस्वरूप, आमाले पनि कहिलेकाहीं 'अब त ठूली भइस् छोरी, कपाल पाल' भन्नुहुन्थ्यो । मलाई भने कपाल लामो बनाउनुभन्दा छोटो राख्नुमै आनन्द आउँथ्यो ।

हाम्रो समाजको एउटा पुरानो र कडा नियम छ- लामो कपाल भएकी महिलालाई 'अनुशासित', 'सहनशील' र 'परिपक्व' मान्ने । तर, छोटो कपाल भएकी महिलाले भने हरेक मोडमा आफ्नो क्षमता, योग्यता र परिपक्वता पटक-पटक प्रमाणित गरिरहनुपर्ने अवस्था पनि छ । यसको एउटा प्रत्यक्ष साक्षी म आफैं पनि हुँ ।

कहिलेकाहीं विभिन्न संघ-संस्था वा सामाजिक क्षेत्रमा काम गर्दा छोटो कपालकै कारण मानिसले उमेर सानै भएको अनुमान गरिदिन्थे । मेरो उमेर र अनुभवका साथीहरूले बौद्धिक र निर्णायक जिम्मेवारी पाउँदा मलाई भने 'तपाईं त अझै युवा नै हुनुहुन्छ नि' भन्दै अलि तल्ला तहका वा युवालक्षित जिम्मेवारीहरूमा सीमित गरिन्थ्यो । कपालकै आधारमा मानिसको बौद्धिक क्षमतामाथि शंका गरिनु वा उमेरको गलत मापन हुनु मेरा लागि निकै निराशाजनक अनुभव थियो । ठूलो हुँदै गएपछि मेरो मनमा एउटा उत्कट चाहना थियो कि कपाल छोटो नै होस् तर त्यसको स्टाइल केटाको जस्तो नभएर 'लेडिज/फिमेल' शैलीको होस् । तर, उबेलाको नेपालमा सैलुन र पार्लरको संरचना नै अर्कै थियो ।



तस्बिर : एआई निर्मित

जबसम्म समाजले महिलाको शरीर र त्यसका अवयवहरूलाई आफ्ना परम्परागत फ्रेमभित्र कैद गर्न खोज्छ, तबसम्म महिलाको व्यक्तिगत अधिकार र विकासका बाटाहरू साँघुरिरहन्छन् ।

तीन-चार दशकअघिको हाम्रो समाजमा महिलाले कपाल छोटो पारेर ठाँटिएर हिँड्छन् भन्ने सोच नै थिएन । जब समाजमै त्यो अवधारणा थिएन भने पार्लर र सैलुन चलाउनेहरूसँग पनि त्यस्तै सीमित ज्ञान र सीप मात्रै हुनु अस्वाभाविक थिएन ।

पछि-पछि सहरी जीवनमा छोटो कपाल राख्ने महिलाहरू देखिन थाले । त्यतिबेला कि त 'बोइज् कट' चल्थ्यो कि अलि पछि 'थाई कट' आयो । मन लागोस् वा नलागोस्, सुहाओस् वा नसुहाओस्, छोटो कपालको कथा यिनै दुई कटमा सीमित थियो । मलाई भने यी दुवै 'कट' चित्त बुझ्दैनथ्यो ।

मेरो कपालले धेरै ठाउँमा चिनिन त सजिलो भयो तर मलाई आफ्नो बाहिरी कपालको बनावटले भन्दा पनि आफ्ना अन्य मानवीय गुण, विचार र व्यक्तिगत व्यक्तित्वबाट चिनिने इच्छा थियो । तर, समाजको साँघुरो दृष्टिकोणले मेरो सिंगो व्यक्तित्वलाई नै 'छोटो कपालवाली' मा परिणत गरिदियो ।

वर्षौंसम्म नेपालमा महिलाको छोटो कपालको सही रूप नपाएर जुधिरहेको मलाई सन् २०१७ मा अमेरिका जाने अवसर मिल्यो । त्यहीं एक जना अमेरिकी महिलाले मेरो कपाल काट्नुभयो । जब कपाल काटेर सकियो, जीवनमै कहिल्यै नपाएको अद्भुत सन्तुष्टि मिल्यो । महिलाको छोटो कपाल पनि कति सुन्दर र 'फेमिनाइन' देखिन सक्ने रहेछ भन्ने त्यतिबेलै बुझें । समाजको लैंगिक दृष्टिकोण परिमार्जित हुनेबित्तिकै त्यसको प्रभाव व्यावसायिक साहित्य, सीप, कला र बजारसम्म कसरी पर्ने रहेछ भन्ने कुरा मैले प्रत्यक्ष अनुभव गरें ।

अमेरिकाबाट फर्किएपछि मभित्र एउटा नयाँ आत्मविश्वास थियो । अमेरिकामा कपाल काटेपछिको फोटो बोकेर काठमाडौंका ठूला-ठूला सैलुन र युनिसेक्स पार्लरहरू धाउन थालें- 'मलाई ठ्याक्कै यस्तै कपाल बनाइदिनुस् ।' तर विडम्बना, आजका दिनसम्म पनि नेपालमा 'फेमिनाइन छोटो कपाल' पाउनु एउटा संघर्ष नै छ । पहिलेको तुलनामा केही सुधार त पक्कै भएको छ तर अझै पनि शुद्ध लेडिज पार्लरमा जाँदा 'छोटो कपाल काट्न आउँदैन' भनेर फर्काइन्छ । युनिसेक्स सैलुनमा जाँदा पुरुष बारबरहरूले प्रयास त गर्छन् तर कानतिरको कपाल मिलाउने बेलामा उनीहरूको आत्मविश्वास धर्मराउँछ ।

हाम्रो समाजले महिलाका लागि 'लामो कपाल' लाई नै एक मात्र मानक र महत्त्व दिएका कारण त्यसभन्दा बाहिरको बजार र सीप विकसित हुनै सकेन । यो मेरो नितान्त व्यक्तिगत भोगाइ र विचार हो । छोटो कपाल राख्ने अन्य महिलाहरूका आफ्नै बेग्लै अनुभवहरू हुन सक्छन् ।

मेरो यात्राले मलाई एउटै कुरा सिकायो- कपालको लम्बाइले न त कसैको महिलापन घटाउँछ, न त क्षमता नै । जबसम्म समाजले कपालको लम्बाइबाट मानिसको योग्यता र पहिचान जोख्न छाड्दैन, तबसम्म हाम्रा सोच, संरचना र विकासका दायराहरू यसरी नै साँघुरिइरहनेछन् ।

**शरीरको नियन्त्रण र महिलावादी विश्लेषण**

यस सम्पूर्ण भोगाइका अन्तरनिहित दार्शनिक तथा समाजशास्त्रीय दृष्टिकोणबाट समीक्षा गर्दा यसलाई महिलावादी शरीरको राजनीति र शरीरमाथिको नियन्त्रणको सिद्धान्तसँग जोडेर हेर्नु सान्दर्भिक हुन्छ । पितृसत्तात्मक समाजले महिलाको शरीर (जसअन्तर्गत उसको कपालको लम्बाइ, पहिरन र बाहिरी रूपरंगसमेत पर्छ) कै माध्यमबाट समेत महिलालाई 'मर्यादित' देखाउन वा 'विद्रोही' सावित खोजिरहेको हुन्छ ।

जब एउटा महिलाले आफ्नो कपाल छोटो वा लामो राख्ने निर्णय गर्छिन्, तब उनी केवल एउटा फेसनको रोजाइ, उनले समाजले महिलाको शरीरमाथि चलाउँदै आएको अदृश्य स्वामित्व र नियन्त्रणमाथि ठाडो चुनौती दिइरहेको मानिन्छ । समाजको यो नियन्त्रण केवल सोचमा मात्र सीमित छैन, यो त बजारका संरचना (सैलुन र पार्लर) हरू, नैतिक उपदेश र कार्यस्थलका मूल्यांकनहरूमा समेत संस्थागत रूपमा फैलिएको हुन्छ । कपालबारे निर्माण भएको विचार एउटा संस्था बनिसकेको छ, जसबाट समाजलाई प्रभावित पारिरहेको छ ।

तसर्थ, छोटो कपाल राख्नु वा आफ्नो शरीरको बनोटमा आफ्नै किसिमले स्वायत्त हुनु भनेको शारीरिक स्वतन्त्रताको लडाइँ हो । जबसम्म समाजले महिलाको शरीर र त्यसका अवयवहरूलाई आफ्ना परम्परागत फ्रेमभित्र कैद गर्न खोज्छ, तबसम्म महिलाको व्यक्तिगत अधिकार र विकासका बाटाहरू यसरी नै साँघुरिरहन्छन् । कपाल काट्ने यो सामान्य वैयक्तिक छोटकरी कथा वास्तवमा महिलाको आफ्नै शरीर र पहिचानमाथिको अधिकार स्थापना गर्ने एउटा सानो तर अर्थपूर्ण सामाजिक संघर्ष हो ।

# ‘बासमती’ भारतको मात्रै हुन नसक्ने अस्ट्रेलियाली अदालतको निष्कर्ष

## भारतले ‘बासमती’ शब्दलाई ट्रेडमार्कका रूपमा दर्ता गर्न आग्रह गर्दै दिएको पुनरावेदन अस्ट्रेलियाली संघीय अदालतले गऱ्यो खारेज

**उपेन्द्रराज पाण्डेय** (काठमाडौं)

अस्ट्रेलियाको संघीय अदालतले भारतको कृषि तथा प्रशोधित खाद्य उत्पादन निर्यात विकास प्राधिकरण (एपिडा) ले ‘बासमती’ शब्दलाई प्रमाणीकरण ट्रेडमार्कका रूपमा दर्ता गर्न माग गर्दै दायर गरेको पुनरावेदन खारेज गरेको छ। न्यायाधीश डाउलिङ जेले मंगलबार फैसला सुनाउँदै एपिडाले प्रस्ताव गरेको ‘बासमती’ शब्दले एपिडाबाट प्रमाणित चामल र अन्य बासमती चामलबीच फरक नछुट्टिने निष्कर्ष निकालेका हुन्।

‘बासमती चामल हिमालयको फेदीमुनि रहेको सिन्धु-गंगा मैदानमा उत्पादन हुन्छ, जसमा उत्तर भारत र पाकिस्तानका केही भूभाग पर्छन्। यसको विशिष्ट विशेषतामा नटी अरोमा (काजु बदामको जस्तो सुगन्ध), लामो र पातला दाना, नरम बनोट तथा हल्का बाँगिएको आकार पर्छन्,’ अस्ट्रेलियन अदालतले फैसलामा भनेको छ। भारतले ‘बासमती’ शब्दलाई नै ट्रेडमार्कका रूपमा दर्ता गर्न खोजेको थियो।

२८ अगस्ट २०१८ मा एपिडाले अस्ट्रेलियाको ट्रेडमार्क रजिस्ट्रारको कार्यालयमा ‘बासमती’ शब्दलाई चामलको प्रमाणीकरण ट्रेडमार्कका रूपमा दर्ता गर्न आवेदन दिएको थियो। पछि २२ डिसेम्बर २०२२ मा अस्ट्रेलियाको ट्रेडमार्क रजिस्ट्रारका प्रतिनिधिले उक्त आवेदन अस्वीकार गरेपछि एपिडाले २०२३ मा अस्ट्रेलियाको संघीय अदालतमा त्यसविरुद्ध पुनरावेदन गरेको हो। अदालतले ‘बासमती’ शब्द भारतको मात्र हुन नसक्ने फैसला सुनाएको छ। भारतबाहिर र एपिडाबाट भौगोलिक संकेत प्राप्त नगरेका वा प्रमाणित नभएका बासमती चामलका उत्पादकले पनि बासमती शब्द प्रयोग गर्न सक्ने अदालतको ठहर छ।

अदालतले भारतबाट अस्ट्रेलियामा ठूलो मात्रामा बासमती चामल बिक्री हुँदै आएको र उपभोक्तामा ‘बासमती’ तथा भारतबीच केही सम्बन्ध देखिए पनि त्यसले शब्दलाई एपिडाको प्रमाणीकरणको संकेतका रूपमा स्थापित नगरेको बताएको छ। भारत र पाकिस्तान दुवै समेटिएको बासमती उत्पादन क्षेत्र तथा दुवै देशको बासमतीमा पाइने समान विशेषताले एपिडाबाट प्रमाणित चामललाई मात्र छुट्याउन नसक्ने अदालतको भनाइ छ।



काठमाडौंको शंखमूलस्थित एक स्टोरमा राखिएका विभिन्न ब्रान्डका चामल। तस्बिर : अंगद ढकाल/कान्तिपुर

एपिडाले प्रस्तुत गरेको उपभोक्ता सर्वेक्षणले पनि ‘बासमती’ शब्दलाई एपिडाको प्रमाणीकरणसँग जोडेको प्रमाणित नगरेको फैसलामा उल्लेख छ। अदालतले ट्रेडमार्क ऐन, १९९५ को दफा १७७ अन्तर्गत ट्रेडमार्क दर्ता गर्न नमिल्ने निष्कर्ष निकालेको छ। साथै एपिडालाई प्रतिवादीको मुद्दा खर्च भराउनसमेत आदेश दिएको छ।

उता पाकिस्तानले भने अस्ट्रेलियाली अदालतको फैसलाको स्वागत गरेको छ। पाकिस्तानको वाणिज्य मन्त्रालयले अदालतको निर्णयको स्वागत गर्दै बासमतीलाई भौगोलिक संकेतका रूपमा मान्यता दिनुपर्ने पाकिस्तानको निरन्तर अडानको पुष्टि भएको जनाएको छ। पाकिस्तानी वाणिज्य मन्त्रालयले बासमतीको उत्पत्तिसम्बन्धी आफूले राख्दै आएको अडानले जितेको मन्त्रालयको भनाइ छ।

मन्त्रालयका अनुसार बासमती ऐतिहासिक रूपमा पाकिस्तान र भारतका विभिन्न भूभागमा फैलिएको उत्पादन क्षेत्रबाट उत्पत्ति भएको समेत स्मरण गराएको छ। कुनै एक देशको निकायले बासमती शब्दमा अन्य वैधानिक उत्पादक तथा निर्यातकर्तालाई प्रयोगबाट वञ्चित गर्ने गरी एकाधिकार दाबी गर्न नसक्ने पाकिस्तानले बताएको छ।

बासमती मुद्दामा पाकिस्तानको वैधानिक अधिकार र हित संरक्षणका लागि समन्वयात्मक प्रयास गर्ने मन्त्रालयको टोली, सम्बन्धित अधिकारी तथा सरोकारवालालाई पाकिस्तानी वाणिज्यमन्त्री जम कमाल खानले धन्यवाद दिएका छन्। उनले अदालतको निर्णयलाई पाकिस्तानको कृषि विरासत, व्यावसायिक हित र निर्यात पहिचानका लागि महत्त्वपूर्ण उपलब्धि भएको बताएको पाकिस्तानको प्रेस इन्फर्मेसन डिपार्टमेन्टले जनाएको छ।

अन्तर्राष्ट्रिय बजारमा बासमती नाममा भारतले एकाधिकार कायम गर्न खोजेका प्रयासको निरन्तर विरोध गर्दै आएको पाकिस्तानको भनाइ छ। पाकिस्तानका सम्बन्धित राष्ट्रिय निकाय र सरोकारवालासँगको समन्वयमा बासमती उत्पादक, मिल सञ्चालक तथा निर्यातकर्ताको व्यावसायिक र बौद्धिक सम्पत्ति अधिकार संरक्षणका लागि काम भइरहेको पनि मन्त्रालयले जनाएको छ।

अस्ट्रेलियाली अदालतको पछिल्लो फैसलाले पाकिस्तानी उत्पादक तथा निर्यातकर्तालाई अस्ट्रेलियामा वास्तविक पाकिस्तानी बासमती बजारमा लैजाने अधिकार सुरक्षित गरेको पाकिस्तानको दाबी छ। नेपालमै उत्पादन-प्याकेजिङ भएको बासमतीमा पनि भारतले आपत्ति जनाउँदै आएको अवस्थामा नेपालका लागि पनि यो फैसला महत्त्वपूर्ण हुनेछ। ‘यो फैसला नेपालका लागि निकै लाभदायक हुन्छ। किनकि फैसलामा बासमती भारतीय उपमहाद्वीप क्षेत्रमा फल्छ भनिदियो,’ बौद्धिक सम्पत्ति तथा अन्तर्राष्ट्रिय व्यापार कानुनका विज्ञ अधिवक्ता गौरीशकृष्ण खरेलले भने। यस्तो फैसलाले नेपालले अन्तर्राष्ट्रिस्तरमा आफ्नो पक्ष राख्न सहज हुने भए पनि सरकारी तवरबाट खासै पहल हुने नगरेको उनको भनाइ छ।

> नेपालमै उत्पादन-प्याकेजिङ भएको बासमतीमा पनि भारतले आपत्ति जनाउँदै आएको सन्दर्भमा फैसला महफवपूर्ण हुने विज्ञको भनाइ

नेपालले ईयूमा प्रतिवाद गरेपछि एपिडाले नेपालका उद्योगले लिएका बासमती ट्रेडमार्कविरुद्ध उद्योग विभागमै उजुरीको ताँती लगाएको छ। एपिडाले उजुरी दिए पनि कतिपय मुद्दामा नेपाली कम्पनीले जितेका छन्। तर कतिपय मुद्दा भने उसैले जितेको छ। अस्ट्रेलियाली अदालतले आफ्नो फैसलामा पनि बासमती चामल फल्ने क्षेत्र भारतबाहिर पनि रहेको भनेको छ।

‘बासमती चामल भारतीय उपमहाद्वीपको हिमालयको फेदीमुनिको क्षेत्रमा उत्पादन हुन्छ, जसमा उत्तर भारतका केही भूभाग र त्यससँग जोडिएका पाकिस्तानका भूभाग पर्छन्। यो क्षेत्र इन्डो-गंगेटिक मैदानको एक हिस्सा हो, जसलाई ‘बासमती उत्पादन क्षेत्र’ भनिन्छ,’ फैसलामा भनिएको छ।

अदालतले बासमतीबारे पाककला पुस्तक, शब्दकोश र ‘अक्सफोर्ड कम्प्यानियन टु फुड’ लगायतका स्रोतसमेत अध्ययन गरेको जनाएको छ। ती स्रोतमा बासमतीलाई पाकिस्तान र उत्तर भारतमा उत्पादन हुने, लामो-पातलो दाना र विशेष सुगन्ध भएको चामलका रूपमा वर्णन गरिएको अदालतको फैसलमा उल्लेख छ। ‘बासमती’ लाई कुनै एक देशको प्रमाणित उत्पादनका रूपमा मात्र लिन नमिल्ने अदालतको भनाइ छ।

# चीनमा एआइप्रेमीमाथि प्रतिबन्ध

## नयाँ नियमावलीले मानिस र प्रविधिबीचको भावनात्मक सम्बन्धलाई कानुनी रूपमै नियमन गरिँदै

बेइजिङ (एजेन्सी)- चीनले कृत्रिम बुद्धिमता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) कम्प्यानिअन वा भर्चुअल साथी सेवाहरूमा प्रतिबन्ध लगाएपछि प्रयोगकर्ताहरूले गुनासो गरेका छन्। १५ जुलाईदेखि कार्यान्वयनमा आएको नयाँ नियमावलीले मानिस र प्रविधिबीचको भावनात्मक सम्बन्धलाई कानुनी रूपमै नियमन गर्ने प्रयास गरेको छ।

चीनको साइबर स्पेस प्रशासन (क्याक) र अन्य निकायले जारी गरेको ‘इन्टेरिम मेजर्स फर द एडमिनिस्ट्रेसन अफ ह्युमन-लाइक इन्ट्याक्टिभ सर्भिसेज बेस्ड अन आर्टिफिसियल इन्टेलिजेन्स’ नियमावलीले भर्चुअल पार्टनर सेवामा प्रतिबन्ध लगाएको हो। समाचार संस्था एसोसिएटेड प्रेसका अनुसार यो नियम लागू भएसँगै चीनका ठूला प्रविधि कम्पनीले आफ्ना लोकप्रिय एआई कम्प्यानियन सेवा बन्द गरेका छन्।

त्यसरी सेवा बन्द गर्नेमा टिकटकको प्यारेन्ट कम्पनी बाइटडान्स, ई-कमर्स क्षेत्रको ठूलो कम्पनी अलिबाबा र सामाजिक सञ्जाल एप विच्याटको सञ्चालक टेन्सेन्ट रहेका छन्। यी कम्पनीले आफ्ना प्लाटफर्मबाट प्रयोगकर्तालाई मनपर्ने गायक, एनिमे चरित्र वा प्रेमीका रूपमा एआई एजेन्ट बनाउन दिने फिचर हटाएका छन्।

चीनले यस नियममार्फत विशेषगरी नाबालक र किशोरकिशोरीलाई भर्चुअल मित्र वा प्रेमीजस्ता एआई सेवा प्रदान गर्न पूर्ण रूपमा रोक लगाएको हो। प्रयोगकर्तालाई मानसिक रूपमा परनिर्भर बनाउने र भावनात्मक शोषण गर्ने वा अनपेक्षित निर्णय लिन बाध्य पार्ने खालका एआई कन्टेन्ट उत्पादन गर्न प्रतिबन्ध लगाइएको छ। साथै, एआई कम्पनीहरूले प्रयोगकर्तालाई उनीहरू एआईसँग कुराकानी गरिरहेका छन् भन्ने कुरा प्रत्येक दुई घण्टामा स्मरण गराउनुपर्नेछ।

कार्यालयहरूको कस्टमर केयर, प्रश्न-उत्तर, वर्क असिस्टेन्ट, शैक्षिक र वैज्ञानिक अनुसन्धानमूलक एआईहरूमा भने यो नियम लागू नहुने स्पष्ट पारिएको छ। ‘मानवरूपी अन्तरक्रियात्मक सेवा प्रदायकहरूले नाबालिगहरूलाई भर्चुअल आफन्त वा भर्चुअल पार्टनरजस्ता सेवा प्रदान गर्नु हुँदैन,’ नियमावलीको धारा १४ मा भनिएको छ, ‘सेवा प्रदायकले १४ वर्षमुनिका नाबालिगलाई अन्य मानवरूपी अन्तरक्रियात्मक सेवा प्रदान गर्छन् भने नाबालिगका आमाबुबा वा अन्य अभिभावकको स्वीकृति लिनुपर्नेछ।’



प्रविधि क्षेत्रको अनलाइन पोर्टल ‘रेस्ट अफ वर्ल्ड’ का पत्रकार किनलिन लोका अनुसार यो प्रतिबन्धले चिनियाँ प्रयोगकर्तालाई निराश बनाएको छ। वर्षौंदेखि एआई साथीसँग कुराकानी गरिरहेका हजारौं युवाले अचानक आफ्नो ‘भर्चुअल पार्टनर’ गुमाउनुपरेको छ। आफ्ना डिजिटलप्रेमीसँग बिदासमेत माग्न नपाई बिछोडिनुपर्दा कतिपय प्रयोगकर्ता दुःखी बनेका छन्।

समाचार संस्था एपीले एआइप्रेमी गुमाएकी २४ वर्षीया ली लिनलिनको पीडालाई समाचारमा समेटेको छ। उनले दुई वर्षको अवधिमा आफ्नो एआइप्रेमीसँग झन्डै सात लाख शब्दहरू आदानप्रदान गरेकी थिइन्। तर, पूर्वजानकारीबेगर बाइटडान्स सेवा बन्द गरिएपछि उनी निकै दिनसम्म रोएर बसिन्।

प्रयोगकर्ताहरूले आफूलाई मनपर्ने गायकको अनुहार भएको भर्चुअल एआई साथी बनाउनेदेखि मृत्यु भइसकेका आफ्ना परिवारका सदस्य वा आफन्तहरूको सम्झनामा उनीहरूकै जस्तो स्वरूप र स्वभाव भएको भर्चुअल पात्र सिर्जना गरेर कुराकानी गर्ने गरेका थिए।

यस्तै, रेस्ट अफ वर्ल्डसँग कुरा गर्दै २१ वर्षीया कलेज विद्यार्थी ब्यागेल सुले पनि आफ्नो अनलाइनप्रेमी हराएपछि साता दिनसम्म रोएको पीडा सुनाएकी छन्। प्रयोगकर्ताहरूले सामाजिक सञ्जालमा यस प्रतिबन्धको विरोधसमेत गरिरहेका छन्। कतिपयले एआईसँगको कुराकानीको इतिहास डाउनलोड गरेर अन्य एपमा आफ्नो प्रेमीलाई ब्युँताउने प्रयास गरेको पाइएको छ। घट्दो जनसंख्या र प्रजनन दर सुधार्न चीन सरकारले नागरिकलाई वास्तविक जीवनमा सम्बन्ध बनाउन प्रोत्साहित गर्ने उद्देश्यले यो प्रतिबन्ध लगाएको हुन सक्ने कतिपय स्थानीयवासीको अड्कल छ। तर, प्रयोगकर्ता सुका अनुसार यस्ता प्रतिबन्धले अचानक वास्तविक प्रेमी खोज्न वा बच्चा जन्माउन बाध्य बनाउन सक्दैन।

# कोलोम्बिया भूकम्प : ३६ घण्टापछि महिलाको जीवितै उद्धार

## भूकम्पमा परी कम्तीमा २५० को मृत्यु, भग्नावशेषमा पुरिएका मानिसको जीवितै उद्धारका लागि खोजी जारी

एजेन्सी (बोगोटा)- दक्षिण अमेरिकी मुलुक कोलोम्बियामा सोमबार गएको शक्तिशाली भूकम्पमा परेकी ३२ वर्षीया महिलाको ३६ घण्टापछि जीवितै उद्धार गरिएको छ। भूकम्पबाट सबैभन्दा प्रभावित क्षेत्रमध्येकै एक पेरेइरा सहरमा भत्किएको भवनको भग्नावशेषबाट डानिएला लार्गोलाई १० घण्टाको उद्धार प्रयासपछि सकुशल निकालिएको हो। चार वटा कंक्रिटका स्ल्याबमुनि पुरिएकी उनलाई उद्धारकर्ताले स्ल्याबमुनिबाट खनेको सुरुङमार्फत भेट्टाउन सफल भएको बीबीसीले जनाएको छ।

कोलोम्बियाको इतिहासमा अभिलेख राख्न थालिएयताकै शक्तिशाली भूकम्पमध्ये एकबाट देश यतिबेला प्रभावित भएको छ। स्थानीय समयअनुसार सोमबार बिहान ७ बजेर ३४ मिनेटमा ७.४ म्याग्निच्युडको भूकम्प गएको थियो। भूकम्पमा परी मृत्यु हुनेको संख्या कम्तीमा २ सय ५० जना पुगेको रोयटर्सले उल्लेख गरेको छ। भग्नावशेषमा पुरिएका मानिसको जीवितै उद्धारका लागि खोजी जारी नै छ। सरकारी अधिकारीहरूका अनुसार भूकम्पमा परेर १३ सय जनाभन्दा बढी मानिस घाइते भएका छन् भने करिब २ हजार जना बेपत्ता छन्। अग्निनियन्त्रक, सैनिक, प्रहरी, स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरू भत्किएका र क्षतिग्रस्त संरचनामा फसेका मानिसको खोजीमा जुटेका छन्।

क्यालीमा उद्धारकर्मीहरूले भूकम्प गएको झन्डै २४ घण्टापछि पनि भत्किएका भवनबाट दर्जनौं मानिसलाई जीवितै उद्धार गरेका थिए। कमजोर बनेका थप संरचना भत्किन सक्ने जोखिमका कारण अस्थिर भवन आसपास आवतजावतमा अधिकारीहरूले प्रतिबन्ध लगाएका छन्।

कोलोम्बियाली सरकारले राष्ट्रिय आपत्काल घोषणा गर्दै सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमा सेना र थप स्रोतसाधन परिचालन गरेको छ। उद्धारकर्ताको प्राथमिकता जीवित व्यक्तिको खोजी गर्नु तथा प्रभावित नागरिकलाई स्वास्थ्य उपचार, आश्रय र अत्यावश्यक सामग्री उपलब्ध गराउनु रहेको छ। साथै, घर, अस्पताल, सडक तथा अन्य अत्यावश्यक सेवामा पुगेको क्षतिको मूल्यांकन पनि भइरहेको छ। छिमेकी भेनेजुएलामा गत जुनको अन्त्यतिर लगातार दुई वटा भूकम्पमा ६ हजारभन्दा बढी मानिसको मृत्यु भएको र कोलोम्बियामा शक्तिशाली भूकम्पपछि विपत्ति आइलागेको हो।

### दशकयताकै शक्तिशाली भूकम्प

अमेरिकी भूगर्भ सर्वेक्षण (यूएसजीएस) का अनुसार सोमबारको भूकम्प ७.४ म्याग्निच्युडको थियो र १०० किलोमिटर गहिराइमा गएको थियो। यसको तुलनामा जुनको अन्त्यमा भेनेजुएलामा गएका ७.२ र ७.५ म्याग्निच्युडका लगातारका दुई शक्तिशाली भूकम्प २० किलोमिटरभन्दा कम गहिराइमा गएका थिए।



कोलोम्बियामा अहिलेसम्मकै शक्तिशाली भूकम्प सन् १९०६ मा गएको ८.८ म्याग्निच्युडको भूकम्प हो। इक्वेडरको उत्तरी तटबाट करिब ५० किलोमिटर पर गएको उक्त भूकम्पले शक्तिशाली सुनामी निम्त्याएको थियो, जसमा सयौं मानिसको मृत्यु भएको थियो। त्यस भूकम्पले पछिल्लो भूकम्पको तुलनामा १२६ गुणा बढी ऊर्जा उत्सर्जन गरेको थियो।

आपत्कालीन घटनासम्बन्धी तथ्यांकअनुसार कोलोम्बियामा सन् १९९९ मा गएको भूकम्प मानवीय क्षतिका हिसाबले सबैभन्दा घातक थियो, जसमा १ हजारभन्दा बढी मानिसको मृत्यु भएको थियो। त्यसयता ज्यान जाने गरी गएको अन्तिम भूकम्प सन् २००८ को थियो। ठूला भूकम्पपछि परकम्प जाने सम्भावना हुन्छ, जसले पहिलो भूकम्पबाट क्षतिग्रस्त संरचनामा फर्कने मानिसका लागि गम्भीर जोखिम निम्त्याउन सक्छ। मंगलबार दिउँसोसम्म कोलोम्बियामा १०० भन्दा बढी परकम्प रेकर्ड भएका थिए।

चिली र जापानजस्ता भूकम्पको उच्च जोखिममा रहेका देशहरूले भवनहरू शक्तिशाली कम्पन थेग्न सक्ने सुनिश्चित गर्न कडा मापदण्ड लागू गरेका छन्। त्यहाँ बलिया तर लचकदार संरचना निर्माण गरिन्छ, जसले भूकम्पका बेला भवनलाई केही हल्लिन दिन्छ तर भाँचिनबाट जोगाउँछ।

कोलोम्बियाले सन् १९७० को दशकदेखि भूकम्प प्रतिरोधी भवन निर्माणको डिजाइन सुरु गरेको थियो। पोपायानमा विनाशकारी भूकम्प गएपछि सन् १९८४ मा पहिलो भवन निर्माणसंहिता लागू गरेको थियो। हालको भवन निर्माणसंहिता सन् २०१० मा स्थापना गरिएको हो।

तर अव्यवस्थित आवास तथा भवन निर्माणमा इन्जिनियरिङ र सुरक्षामा पर्याप्त लगानी नहुँदा बाक्लो बस्ती भएका सहरमा भूकम्पले ठूलो क्षति पुऱ्याउन सक्छ। सन् २०१० को हाइटी भूकम्पमा ३ लाखभन्दा बढी मानिसको मृत्यु भएको अनुमान छ। त्यसबाट भएको आर्थिक क्षति अघिल्लो वर्षको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को १२० प्रतिशत बराबर थियो।

कोलोम्बियाको राष्ट्रिय विश्वविद्यालयका भूगर्भविद् जर्मन प्रिएटोका अनुसार भूकम्प प्रतिरोधी सहर निर्माणका लागि स्थान, निर्माण सामग्री र भवन निर्माण संहिताको पालना महत्त्वपूर्ण हुने बताए। उनले यस साता भएको क्षतिको अध्ययन गरी विद्यमान भवन निर्माण मापदण्ड सुधार गर्नुपर्नेमा जोड दिएका छन्। सोमबारको भूकम्पको केन्द्रबिन्दु चोको प्रान्तको सान होसे देल पाल्मार गाउँ नजिक थियो।

### भूकम्प नयाँ राष्ट्रपतिको पहिलो प्रमुख चुनौती

भूकम्पको केन्द्रबिन्दु रहेको चोकोमा भने अझै सहायता पुग्न नसकेको एक आदिवासी नेताले सीएनएनलाई बताएका छन्। चोको कोलोम्बियाको सबैभन्दा गरिब क्षेत्र हो। स्थानीय अधिकारीहरूले खाद्यान्न र औषधि पठाउन आग्रह गरेका छन्।

यो भूकम्प कोलोम्बियाका नयाँ दक्षिणपन्थी राष्ट्रपति अबेलार्दो दे ला एस्प्रिएलाका लागि पहिलो प्रमुख चुनौतीमध्ये एक बनेको छ। उनले एक साताअघि मात्रै पदभार सम्हालेका थिए। उनले कोलोम्बियाका आपराधिक समूह र वामपन्थी विद्रोहीविरुद्ध कडा कदम चाल्ने प्रतिबद्धता जनाएका छन्।

एस्प्रिएलाले मंगलबार भूकम्प प्रभावितका लागि आर्थिक राहतका कार्यक्रम घोषणा गरेका छन्। उनले घर गुमाएका मानिसलाई अस्थायी आवास भाडामा लिन आर्थिक सहयोग उपलब्ध गराउने बताएका छन्।


हार्दिक समवेदना



जन्म मिति : वि.सं. २०००/१०/०१

स्वर्गारोहण मिति : वि.सं. २०८३/०४/१६

(स्व. बाल कुमारी भण्डारी)

हाम्रा सहकर्मी श्री गोपाल भण्डारीज्यूकी ममतामयी आमा **श्री बाल कुमारी भण्डारी**को असामयिक निधनले हामी मर्माहत एवं दुःखी भएका छौं। स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा वहाँको दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद् घडीमा परिवारजनलाई परेको पिडाप्रति गहिरो समवेदना ब्यक्त गर्दै शोकाकुल सम्पूर्ण परिवारजनलाई धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी ईश्वरसँग प्रार्थना गर्दछौं।

NTB

नेपाल पर्यटन बोर्ड परिवार


## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** कुनै कामविशेषले कतै जानुपर्ला। समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ। घरमा कसैको आगमन हुन सक्छ।

**वृष** सकेसम्म आफैंले काम सक्ने प्रयास गरिनेछ। जे कुरा जोसित सम्बन्धित छ, उसैसित गर्नु मुनासिब रहनेछ।

**मिथुन** पारिवारिक वातावरण सुमधुर रहनेछ। आर्थिक कार्यमा संलग्न हुनुपर्नेछ। कुनै कुराको सम्पन्नताले मन ढुक्क रहला।

**कर्कट** काम गर्दा कसैको साथ आवश्यक पर्न सक्छ। तपाईंको कुरालाई बुझ्ने प्रयास गरिनेछ। आर्थिक काम गर्दा सजग रहनुपर्ला।

**सिंह** समय आफू अनुकूल बन्दै जानेछ। मनमा भएको तुष हटेर जानेछ। कुनै कुराले गर्दा मन ढुक्क रहला।

**कन्या** कुनै कुराले गर्दा अलमल हुन सक्छ। कसैको कुनै कुरा चित्त नबुझ्न सक्छ। आफ्नै सुझबुझले काम गर्नु नै मुनासिब रहनेछ।

**तुला** समय आफू अनुकूल बन्दा काममा सहजता हुनेछ। मनपर्दो क्रियाकलापमा समय दिन पाइनेछ। जसरी पनि आफूखुसी रहने प्रयत्न गरिनेछ।

**वृश्चिक** मनमा भएको तनाव हटेर जानेछ। समयले भनेजस्तो साथ दिनेछ। कुनै कामको सम्पन्नताले मन खुसी रहनेछ।

**धनु** कुनै कुराको जिम्मेवारी आइलाग्न सक्छ। समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ। मिलेसम्म आफ्नै कामका लागि पनि केही समय छुट्याइनेछ।

**मकर** कुनै कुराले गर्दा मनमा दोधार हुन सक्छ। काम गर्दा कसैको सुझाव आवश्यक पर्न सक्छ। समयावस्था विचारेर काम फत्ते गर्ने प्रयत्न गरिनेछ।

**कुम्भ** मनमा भएको तनाव हटेर जानेछ। व्यक्तिगत काममा सफल भइनेछ। समयलाई आफूअनुरूप तह लगाइनेछ।

**मीन** कुनै कुराले मन उत्साहित हुनेछ। मनमा भएको भ्रम हटेर जानेछ। विविध कुराले गर्दा मन खुसी रहनेछ।

| विदेशी मुद्रा | |
|---|---|
| अमेरिकी डलर | १५३.०० |
| युरो | १७६.४८ |
| पाउन्ड स्टर्लिङ | २०६.५७ |
| अस्ट्रेलियन डलर | १०७.९६ |
| कतारी रियाल | ४१.९७ |

राष्ट्र बैंकको आधारमा

सुन रू. ३,०६,७००

चाँदी रू. ४,७४५

# सेयर बजारमा १० लाख बालबालिकाका डिम्याट खाता

- बैंक र ब्रोकर कार्यालय भन्छन्- 'बच्चा जन्मेको केही दिनमै धेरै अभिभावक डिम्याट खाता खोल्न आउने क्रम बढ्दो छ'
- दोस्रो बजारमा १९ अर्ब २७ करोड ६४ लाख ८८ हजार ६ सय ९८ कित्ता सेयर सूचीकृत भएकामा १८ अर्ब ६० करोड २९ लाख ५८ हजार ७ सय ८२ कित्ता डिम्याट

**यज्ञ बञ्जाडे** (काठमाडौं)

- नेपाल पुँजीबजार लगानीकर्ता संघकी अध्यक्ष राधा पोखरेलकी छोरी आठ महिनाकी भइन् । केही दिनअघि मात्र पोखरेलले आफ्नी छोरीको डिम्याट खाता खोलिदिइन् । छोरीको मुख हेरेको, पास्नीलगायत माध्यमबाट जम्मा भएको दक्षिणा उनले घरमै राखेकी थिइन । सोही पैसा सेयरमा लगानी गर्न उनले डिम्याट खाता खोलेकी हुन् । छोरीले कम्तीमा पनि एसईई र प्लस टु पास गरेपछि उनलाई आवश्यक पैसाको जोहो गरिदिन उनले छोरीको पैसा सेयरमा लगानी गर्ने योजना बनाएकी हुन् ।
- काठमाडौं सतुंगलकी शोभा दाहालले आफ्ना तीन जना बच्चाको डिम्याट खाता खोलेकी छन् । उनीहरूको पैसा बचतका लागि र भविष्यमा आवश्यक पर्ने गर्जो टार्न उनले सबै बच्चाको नाममा डिम्याट खाता खोलेकी हुन् । बच्चाहरूको लगानी आईपीओमा मात्र गरिरहेकी शोभाका सन्तानको सेयर पोर्टफोलियो ३/४ लाख पुगिसकेको छ ।
- केही दिनअघि एक वाणिज्य बैंकमा महिना दिनको बच्चाका नाममा 'डिम्याट' खाता खोल्न आएका एक अभिभावक भेटिए । प्राथमिक बजारमा सेयरमा आवेदन दिनकै लागि उनले नाबालक छोराका नाममा खाता खोल्दै थिए । मापदण्ड पुगेका सबै आवेदकलाई न्यूनतम १० कित्ता सेयर वितरण गर्नुपर्ने व्यवस्था छ । त्यसैले बच्चाका नाममा डिम्याट खाता खोल्न आएको ती अभिभावकको भनाइ छ ।

यी प्रतिनिधि उदाहरण मात्र हुन् । गत सातासम्म यस्ता १० लाखभन्दा बढी डिम्याट खाता बच्चाका नाममा खुलेका छन् । बच्चा जन्मेको केही दिनमै धेरै अभिभावक डिम्याट खाता खोल्न आउने क्रम जारी रहेको बैंक र ब्रोकर कार्यालयका कर्मचारी बताउँछन् । अहिले प्राथमिक सेयर निष्कासन (आईपीओ) मा सेयर हालेमा चिट्ठा विधिअन्तर्गत कम्तीमा १० कित्ता सेयर पर्न सक्ने सम्भावना भएकाले धेरै जनाको नामबाट सेयर भर्दा कुनै न कुनैमा त पर्ला नि भन्ने उद्देश्यले बच्चा जन्मिनासाथ (अथवा १८ वर्ष नपुग्दै) खाता खोल्न आउने क्रम बढेको आर्यतारा इन्भेस्टमेन्ट एन्ड सेक्युरिजिटका (ब्रोकर नं ५७) का सञ्चालक रामचन्द्र भट्टराईले बताए ।

भट्टराईले पनि आफ्ना बच्चाको डिम्याट खाता खोलेर सेयरमा लगानी गरिरहेका छन् । 'सबैभन्दा पहिला आईपीओ खोल्न र त्यसपछि दोस्रो बजारमा कारोबारका लागि बच्चाको नाममा डिम्याट खाता खोल्न अभिभावकको आकर्षण बढेको देखिन्छ,' उनले भने, 'पछिल्ला महिनामा एक वर्षभन्दा कम उमेरका बच्चाको डिम्याट खोल्ने क्रम धेरै बढेको छ ।' कागजी अवस्थामा रहेको भौतिक धितोपत्रलाई विद्युतीय प्रणालीमा अभिलेख राखिने खातालाई डिम्याट भनिन्छ ।

१८ वर्षभन्दा कम उमेरका बालबालिकाको नामामा खाता खोल्न पाइने कानुनी व्यवस्था नै छ । बच्चा १८ वर्ष नपुग्दासम्म अभिभावकको संरक्षकत्वमा बैंक खाता र डिम्याट खाता खोल्न पाइन्छ । खातावाला बालक १८ वर्ष पुगेपछि उसैले खाता पूर्ण रूपमा सञ्चालन गर्न पाउँछ । हाल दोस्रो बजारमा भौतिक सेयरको कारोबार हुँदैन । सोही कारण सेयरमा आवेदन दिन तथा दोस्रो बजारमा कारोबार गर्न डिम्याट खाता र बैंक खाता अनिवार्य हुनुपर्ने प्रावधान छ ।

न्यूनतम १० कित्ता सेयर सबैलाई वितरण गर्नुपर्ने व्यवस्था पनि नाबालक (माइनर) का नाममा डिम्याट खाता खोल्ने र आवेदन दिने क्रम बढेको सीडीएससीको तथ्यांकले पनि देखाउँछ । गत सातासम्म १० लाख ३ हजार ६ वटा नाबालक खाता खुलेको सीडीएससीका प्रवक्ता सुरेश न्यौपानेले जनाए । हालसम्म कुल ८१ लाख २० हजार ७ सय डिम्याट खाता खुलेका छन् । तीमध्ये ४६ लाख ४४ हजार ९६ पुरुष र ३४ लाख ७६ हजार ५ सय ८० वटा महिलाका नाममा खुलेका छन् । ९ हजार ६ सय ५ वटा संस्थापक र बाँकी ७७ वटा अन्य शीर्षकमा डिम्याट खाता खुलेका छन् ।

एक व्यक्तिले एकभन्दा बढी डिम्याट खाता पनि खोल्न पाउँछ । यसका आधारमा जति खाता खुलेका छन्, त्यति नै लगानीकर्ता संख्या छन् भन्न सकिने अवस्था छैन । तर सीडीएससी स्रोतका अनुसार हालसम्म खुलेका ८१ लाख हाराहारी खातामध्ये ५ देखि ६ लाखसम्म मात्र दोहोरिएको छ । तीमध्ये धेरै खाता आईपीओ हाल्न मात्रै उपयोग हुने गरेको र करिब २० देखि ३० लाख खाता सेयरविहीन रहेको स्रोतले जानकारी दिएको छ ।

नाबालकका नाममा डिम्याट खाता खोल्नुको अर्थ उनीहरू पनि सेयर लगानीकर्ता हुन् भन्ने हो । यसका आधारमा पनि सेयर बजारमा करिब सवा तीन लाख नाबालक सेयर लगानीकर्ता रहेको रूपमा विश्लेषण गर्न सकिन्छ । डिम्याट खाता खोल्दैमा सबैले सेयरका लागि आवेदन दिन्छन् र उनीहरूलाई सेयर पर्छ नै भन्ने पनि हुँदैन । तर पनि अहिले सेयर बजार तातेको अवस्थामा डिम्याट खोले पनि आवेदन दिन्छन् भन्ने अनुमानका आधारमा यस्तो विश्लेषण गरिएको हो ।

उमेर समूहअनुसार हेर्दा सबैभन्दा बढी डिम्याट खाता १८ देखि ३० वर्ष उमेर समूहका छन् । कुल ८१ लाख २० हजार डिम्याटमध्ये २४ लाख ४३ हजार खाता यही उमेर समूहका छन् । ७० वर्षभन्दा बढी उमेर समूहका २ लाख ५० हजार ८ सय ४० मात्र डिम्याट खाता खुलेका छन् ।

मुलुकको कुल जनसंख्याको एकचौथाइ हिस्सा आबद्ध भइसक्दा पनि लगानी र लगानीकर्ताको सुरक्षा तथा प्रतिफलका हिसाबले सेयर बजार परिपक्व बन्न सकेको छैन । सेयर बजार (प्राथमिक र दोस्रो) मा लगानीका लागि गत सातासम्म ८१ लाखभन्दा बढी हितग्राही खाता (डिम्याट एकाउन्ट) खुलेका छन् । नेपालमा हरेक दिन औसत ४ हजार २ सय नयाँ 'डिम्याट' खाता थपिने गरेका छन् । सेयर बजारमा लगानीकर्ताको आकर्षण बढेसँगै डिम्याट खाता खोल्ने क्रम पनि बढेको हो । यसले बजारमा लगानीकर्ताको आकर्षण बढेको देखाउँछ । तर सूचना प्रवाह, लगानीकर्ता संरक्षण कोष, बजारको स्थायित्व, नियमन तथा सुपरिवेक्षण, अर्थतन्त्रको क्षेत्रगत प्रतिनिधित्वलगायतमा बजार निकै पछाडि छ ।

एक दशकअघि कुल बजार पुँजीकरणमा बैंक तथा वित्तीय संस्था र बिमा कम्पनीको हिस्सा ८० प्रतिशतभन्दा बढी थियो, अहिले घटेर ५० प्रतिशत हाराहारी छ । यस अवधिमा उत्पादनमूलकमध्ये जलविद्युत्का धेरै, सिमेन्टका केही र अन्य क्षेत्रका सीमित कम्पनी सेयर बजारमा भित्रिएका छन् । अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान दिइरहेको कृषि, म्यानुफ्याक्चरिङ, उद्योगलगायत क्षेत्रको प्रतिनिधित्व भने अझै हुन नसकेको जानकार बताउँछन् ।

नागरिक सहभागिताका हिसाबले नेपालको सेयर बजारमा आकर्षण निकै राम्रो भए पनि त्यसअनुरूप बजारको विकास हुन नसकेको एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडका प्रमुख कार्यकारी अधिकृत निरञ्जन फुयाँलले जनाए ।

'स्थापनाको साढे तीन दशक र एकचौथाइ नागरिक आबद्ध भइसक्दा पनि हाम्रो बजारमा इक्विटी मात्र कारोबार हुन्छ । अन्य औजारको विकास, लगानीकर्ताको सुरक्षा, वित्तीय साक्षरतालगायतमा अपेक्षित सुधार हुन सकेको छैन,' उनले भने, 'हामी डेरिभेटिभ, अप्सन, स्वापलगायत औजारमा जान नसके पनि बन्ड बजारको विकास गर्न सक्थ्यौं । सरकारी ऋणपत्रलाई कारोबारमा ल्याउन सकिन्थ्यो । वित्तीय साक्षरता विस्तारमा धेरै काम गर्न सकिन्थ्यो ।'

सेयर बजार लगानीको उपयुक्त क्षेत्र र राष्ट्रिय पुँजी निर्माणको आधार बन्न नसके पनि लगानीकर्ताका आकर्षण निकै उत्साहजनक रहेको उनको भनाइ छ । सीडीएससीका अनुसार पाँच वर्षमा डिम्याट खाता संख्या २६ लाख ६३ हजारले बढेको छ । सेयर कारोबारबारे व्यक्तिगत विवरण रहने एप 'मेरो सेयर' मा हाल ७० लाख ९६ हजार ८३ प्रयोगकर्ता छन् । तीमध्ये ५१ लाख ४८ हजार ८ सय ९३ सक्रिय प्रयोगकर्ता रहेको सीडीएससीको तथ्यांक छ ।

पाँच वर्षअघि आर्थिक वर्ष २०७८/७९ मा ४३ लाख ९५ हजारमा मेरो सेयर एपका प्रयोगकर्ता रहेकामा २०७९/८० मा ४८ लाख २६ हजार, त्यसपछिका दुई आर्थिक वर्षमा क्रमशः ५३ लाख ६९ हजार र ५९ लाख ७६ हजार पुगेका थिए ।

हाल दोस्रो बजारमा १९ अर्ब २७ करोड ६४ लाख ८८ हजार ६ सय ९८ कित्ता सेयर सूचीकृत भएकामा १८ अर्ब ६० करोड २९ लाख ५८ हजार ७ सय ८२ कित्ता डिम्याट (भौतिक सेयर विद्युतीय सेयरमा रूपान्तरण) भएको सीडीएससीले जनाएको छ । संख्यात्मक हिसाबले सेयर बजारमा नागरिकको सहभागितामा ठूलो छलाङ देखिए पनि कारोबारको अवस्था, नियमन तथा सुपरिवेक्षण, वित्तीय साक्षरण लगायतमा अपेक्षित विकास हुन नसकेको नेपाल इन्भेस्टर्स फोरमका पूर्वअध्यक्ष अम्बिका पौडेलको तर्क छ । 'सबैभन्दा ठूलो कमजोरी हामीले १० कित्ते नीति प्रोत्साहन गरिरहेका छौं । ७/८ वर्षयता संस्थागत लगानीकर्तालाई प्रोत्साहन होइन, सेयर किन्न र बेच्न पनि प्रतिबन्ध लगाएको जस्तो अवस्था छ,' उनले भने, 'जनसंख्याको अनुपातमा सेयर बजारमा सहभागिता अन्तर्राष्ट्रिय रूपमै अद्भुत प्रगति हो । तर कारोबार, नियमन तथा सुपरिवेक्षण लगायतमा हेर्दा अन्तर्राष्ट्रिय बजारमै हामी सबैभन्दा कमजोर छौं ।'

## कुन उमेरसमूहका डिम्याट खाता कति ?




## पठनपाठनसँगै विद्यार्थी बने सेयरधनी

**पर्वत पोर्तेल** (इलाम)

विद्यालय जाने उमेरमै नगद बचत गर्न सिकेका इलामको रोङ गाउँपालिकाका बालबालिका अहिले त्यही रकमबाट सेयर खरिद गरेर 'लगानीकर्ता' बनेका छन् । गाउँपालिकाले बालबालिकालाई विद्यालयमा टिकाउने उद्देश्यले सुरु गरेको कार्यक्रमले विद्यार्थीलाई सेयरधनी बनाएको हो । बाल बचत अहिले पुँजी बजारसम्म विस्तार भएको छ ।

रोङ गाउँपालिकाले 'अध्यक्षसँग विद्यार्थी विद्यालयमा आधारित उद्यमशीलता कार्यक्रम कार्यविधि, २०८०' बनाएर विद्यार्थीलाई बचत, सामाजिक सुरक्षा र उद्यमशीलतासँग जोडेको छ । कार्यविधिअन्तर्गत अहिले एक रुपैयाँ विद्यार्थी बचत, अभिभावकविहीन विद्यार्थी व्यवस्थापन, विद्यार्थी उद्यमशीलता र प्रोत्साहन कार्यक्रम छन् । चारमध्ये प्रोत्साहन कार्यक्रम भने चाँडै सुरु गर्ने योजना रहेको गाउँपालिका अध्यक्ष मनिकुमार स्याङ्बोले बताए । 'त्यसको एउटा महत्त्वपूर्ण चरणका रूपमा विद्यार्थीलाई प्राथमिक सेयर (आईपीओ) मा सहभागी गराउन थालिएको हो,' उनले भने ।

१ मंसिर २०८० देखि सुरु भएको कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीमा सानैदेखि बचत गर्ने बानी बसाल्नु हो । कार्यक्रम सुरु भएको ३२ महिनामा पालिकाका २ हजार १ सय २९ विद्यार्थीका बैंक खाता सञ्चालनमा छन् । ती खातामा अहिलेसम्म ७० लाख ५८ हजार ३ सय ६५ रुपैयाँ बचत भएको गाउँपालिकाले जनाएको छ ।

'हामीले बचतमा मात्र सीमित राखेनौं, विद्यार्थीको बैंक खातालाई उनीहरूको आर्थिक सुरक्षासँग जोड्ने आधारका रूपमा विकास गर्‍यौं,' अध्यक्ष स्याङ्बोले भने, 'विद्यार्थीलाई छात्रवृत्ति बाँड्ने परम्परागत अभ्यासभन्दा हाम्रो गाउँपालिकाले सुरु गरेको प्रयोग केही फरक छ ।'

पालिकाले १ देखि ८ कक्षासम्म अध्ययनरत विद्यार्थीलाई दिने छात्रवृत्तिको रकम सोझै विद्यार्थीको खातामा जम्मा गरिदिन्छ । उक्त खातामा वार्षिक पालिकाले १० र सिद्धि हाइड्रोले २० हजार रुपैयाँ जम्मा गरिदिन्छन् । 'यही ३० हजार रुपैयाँले विद्यार्थीका नाममा सेयर किनिदिन्छौं,' उनले भने । विद्यार्थीले अध्ययन गर्ने र सबैलाई यसबारे जानकारी नहुने हुनाले पालिका र विद्यालयले समन्वय गरेर सेयर किनिदिन्छन् ।

कार्यक्रममा विद्यार्थीका नाममा बैंक खाता खोलिन्छ । त्यसमा रकम जम्मा गर्न सुरु गरेपछि तत्काल खर्च गर्न नदिई भविष्यसँग जोड्ने व्यवस्था गरिएको छ । गाउँपालिकाका अनुसार प्राइम कमर्सियल बैंकमा खोलिएका खाताबाट पालिकाको सिफारिसबिना रकम निकाल्न नमिल्ने सम्झौता गरिएको छ ।

यही बचतलाई पुँजी बजारसँग जोड्न गाउँपालिकाले विद्यार्थी उद्यमशीलता कार्यक्रम अघि बढाएको हो । पहिलो चरणमा सबै विद्यार्थीलाई पुँजी बजारसँग जोड्ने लक्ष्यअनुसार डिम्याट खाता खोल्ने, त्यसमा सीआरएन नम्बर लिंक गर्ने र आईपीओ भर्ने व्यवस्था पालिकाले सहजीकरण गरिरहेको छ । विद्यालयका अनुसार अहिलेसम्म ४ सय ६० विद्यार्थीको डिम्याट खाता खोलिएको छ भने १ सय ५८ विद्यार्थीको सीआरएन लिंकको काम पुरा भएको छ । ९ जना विद्यार्थीले आईपीओसमेत पारिसकेका छन् ।

**उद्यमशीलता कार्यक्रम कार्यविधि बनाएर विद्यार्थीलाई बचत, सामाजिक सुरक्षा र उद्यमशीलतासँग जोड्दै रोङ गाउँपालिका**

रोङ-३ को शंकर आधारभूत विद्यालयमा कक्षा १ मा पढ्ने मेघना भुजेल पनि आईपीओ पाउने विद्यार्थीमध्येकी हुन् । केही दिनअघि उनलाई गाउँपालिका अध्यक्ष मनिकुमार स्याङ्बोले स्नो रिभर हाइड्रोको आईपीओ परेको जानकारी गराए । उनले त्यसबारे आमालाई खुसी हुँदै सुनाइन् । 'छोरीका नाममा आईपीओ परेको खबर मैले पनि पालिकाबाटै थाहा पाएँ,' मेघनाकी आमा कविताले भनिन् ।

आईपीओबारे त्यति धेरै जानकारी नभए पनि यसले आफूहरूलाई फाइदै हुने सुनेको उनले बताइन् । 'सय रुपैयाँ पछि बढ्दै जान्छ भनेका छन् । यसले राम्रै गर्ला कि । हामीलाई नभए पनि छोरी माथि-माथि क्लासमा पढ्ने बेला पैसा काम लाग्ला,' उनले भनिन् ।

पालिकाको विवरणअनुसार कालिञ्चोक हाइड्रो, स्नो रिभर्स हाइड्रो, एपोलो हाइड्रो, कलंगा हाइड्रो, सानिगार्ड हाइड्रो, टक्सार पिखुवा खोला हाइड्रो, एभरेस्ट कलर, सर्वोत्तम पेन्ट्स र माउन्ट एभरेस्ट हाइड्रोलगायत कम्पनीको आईपीओ विद्यार्थीका नाममा परेको छ ।

# नाइमा एक्स्पोमा बैंक तथा बिमाको अफर, सस्तो ब्याज र धेरै सुरक्षण

**ग्लोबल आईएमई बैंक, एनएमबी बैंक, सिद्धार्थ बैंक, मुक्तिनाथ विकास बैंकलगायतले अटो कर्जामा आकर्षक ब्याजदर तथा अन्य सुविधासहितका योजना**

**प्रकृति दाहाल** (काठमाडौं)

नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६' लाई लक्ष्य गर्दै बैंक तथा बिमा कम्पनीले सवारीसाधन कर्जामा विशेष ब्याजदर तथा विभिन्न सहुलियतपूर्ण योजना सार्वजनिक गरेका छन् । ग्लोबल आईएमई बैंक, एनएमबी बैंक, सिद्धार्थ बैंक र मुक्तिनाथ विकास बैंले अटो कर्जामा आकर्षक ब्याजदर तथा अन्य सुविधासहितका योजना ल्याएका हुन् ।

बैंकहरूले आधार दरमा कम प्रिमियम जोडेर अटो कर्जा उपलब्ध गराउनेदेखि कर्जा प्रक्रियामा सहजीकरण गर्ने र विभिन्न शुल्कमा छुट दिने योजना अघि सारेका छन् । एनएमबी बैंकले विद्युतीय सवारीसाधन बुक गर्ने ग्राहकलाई लक्षित गर्दै नयाँ विद्युतीय सवारीसाधनका लागि आधार दरमा ०.५ प्रतिशत ब्याजदर मात्र थपेर कर्जा दिने भएको छ । बैंकले सेकेन्ड ह्यान्ड गाडीको मूल्यांकन गरेर त्यसको अधिकतम ५५ प्रतिशतसम्म रकम कर्जाका रूपमा उपलब्ध गराउने तर कर्जाको सीमा बढीमा ३५ लाख रुपैयाँसम्म हुने बैंककी रिलेसन म्यानेजर ऋचा पाण्डेले बताइन् ।

ग्लोबल आईएमई बैंकले ५.२५ प्रतिशतदेखि प्रिमियम सुरु हुने गरी विशेष योजना ल्याएको छ । बैंकले प्रकाशन गरेको आधार ब्याजदरमा १ देखि ३ प्रतिशतसम्म प्रिमियम जोडिने भए पनि एक्स्पोका लागि ०.५ प्रतिशतदेखि नै प्रिमियम सुरु अफर ल्याएको छ । ग्लोबल आईएमई बैंकका प्रतिनिधि मञ्जिल श्रेष्ठका अनुसार ग्राहकका सबै आवश्यक कागजात र प्रक्रिया पूरा भएको अवस्थामा एक्स्पोमै तुरुन्त कर्जा उपलब्ध गराउन सकिने 'नाइमा फेस्टिभ' योजना अघि सारिएको छ ।

ग्लोबल आईएमई बैंकले नयाँ ईभी गाडी खरिद गर्ने ग्राहकका लागि ३ वर्षसम्म ५.९९ प्रतिशत स्थिर ब्याजदरको विशेष योजना पनि ल्याएको छ । ३ वर्षपछि उक्त कर्जाको ब्याजदर बैंकको आधार दरमा अधिकतम २ प्रतिशत प्रिमियम थप गरी कायम हुनेछ । बैंकले अटो लोन अधिकतम सात वर्षसम्मका लागि उपलब्ध गराउँदै आएको श्रेष्ठले जानकारी दिए । तीन वर्ष चलिसकेको गाडीका लागि बाँकी चार वर्षसम्मको अवधिमा कर्जा दिन सकिने उनले बताए ।



**भृकुटीमण्डपमा जारी नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६ को दोस्रो दिन बुधबार अवलोकनकर्ताको भीड ।** **तस्बिर** : कान्तिपुर

अन्य बैंकबाट कर्जा लिइरहेको गाडी ल्याएर फाइनान्स गर्न चाहने ग्राहकको सन्दर्भमा पनि सम्बन्धित बैंकमा रहेको रकमलाई आधार बनाएर कर्जा सुविधा दिन सकिने र व्यक्तिगत ग्राहकका लागि गाडीको बजार मूल्यको ६० प्रतिशतसम्म फाइनान्स गर्न सकिने उनको भनाइ छ । 'एक्स्पोमा बैंकले डिजिटल माध्यमबाट कर्जा प्रक्रियामा समन्वय गर्ने तथा ग्राहकलाई आवश्यक परामर्शसमेत दिने व्यवस्था गरिएको छ,' ग्लोबल आईएमई बैंकका प्रतिनिधि श्रेष्ठले भने, 'एक्स्पोका लागि ब्याजदरमा फरक सुविधा हुनुका साथै कर्जा प्रक्रिया छिटो र सहज रूपमा उपलब्ध गराउनु बैंकको लक्ष्य छ ।'

सिद्धार्थ बैंकले अफरअन्तर्गत ०.५ प्रतिशत प्रोसेसिङ शुल्क र ब्याजदरमा वार्षिक १ प्रतिशत प्रिमियमको व्यवस्थाको अफर ल्याएको छ । बैंकले नयाँ गाडी खरिदका लागि ५.५ प्रतिशत आकर्षक ब्याजदरमा कर्जा उपलब्ध गराउने भएको छ । केन्द्रीय बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाले आफ्नो आधार दरमा अधिकतम ३ प्रतिशतसम्म प्रिमियम जोडेर अटो लोनको ब्याजदर आफैं तय गर्ने व्यवस्था छ । तर बैंकहरूको आधार दर घटेसँगै अटो लोनको ब्याजदर पनि घट्दै गएको छ ।

बैंकमा अत्यधिक तरलता भएका कारण व्यवहारमा भने सबै ग्राहकले समान ब्याजदरमा कर्जा पाउने अवस्था नरहेको एनआईसी एसिया बैंकका डेपुटी प्रमुख कार्यकारी अधिकृत अर्जुन खनियाँले बताए । राम्रो (क्लास फ्लो गर्न सक्ने) ग्राहकलाई जिरो बेस रेटमा नै कर्जा दिने अवस्था रहेको उनले जानकारी दिए । 'ग्राहक हेरेर कर्जा दिनुपर्ने हुन्छ, त्यससँगै सम्बन्धित जोखिमलाई पनि हेर्नुपर्छ, ग्राहकको नगद प्रवाह कस्तो छ, कर्जा तिर्ने क्षमता कस्तो छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ,' खनियाँले भने, 'नगद प्रवाह असाध्यै सुनिश्चित भएको ग्राहकलाई आधार दरमै कर्जा दिइरहेको अवस्था छ ।'

उनका अनुसार ग्राहकको आम्दानी तथा नगद प्रवाहमा केही जोखिम देखिएमा भने बैंकले आधार दरमा थप ब्याजदर जोडेर कर्जा दिने गर्छ । यस्तो अवस्थामा जोखिमका आधारमा आधार दरमा १ देखि २ प्रतिशतसम्म थप ब्याज लिने गरिएको उनको भनाइ छ । खनियाँले बजारमा करिब साढे १२ खर्ब रुपैयाँ बराबरको तरलता रहेको र साउन मसान्तसम्म यो रकम अझै बढ्न सक्ने अवस्था रहेको बताउँदै कर्जाको मागभन्दा निक्षेप वृद्धि बढी हुँदा बैंकहरूसँग लगानी गर्न मिल्ने रकम बढ्दै गएको जानकारी दिए ।

नेपाल बैंककी सूचना अधिकारी प्रतिभा डंगोलले पछिल्लो समय बैंकको आधार दर घट्दै गएको बताइन् । आधार दर घटेसँगै कर्जाको ब्याजदरमा पनि त्यसको प्रभाव पर्ने भएकाले ऋण लिन चाहने ग्राहकका लागि अहिलेको अवस्था विगतको तुलनामा सहज बन्दै गएको उनले जानकारी दिइन् । 'बैंकले कर्जा प्रवाह गर्दा राष्ट्र बैंकले तोकेको मापदण्ड पालना गरिएको छ,' उनले भनिन् । यस्तै, मुक्तिनाथ विकास बैंकले नाइमा एक्स्पोलाई लक्षित गर्दै ग्राहकका लागि आकर्षक अटो लोन योजना सार्वजनिक गरेको छ । योजनाअन्तर्गत आधार दरमा शून्य प्रतिशत प्रिमियमको विशेष ब्याजदरमा अटो लोन उपलब्ध गराउने बैंकले घोषणा गरेको छ । योजनाअनुसार हाल बैंकको अटो लोनको ब्याजदर ५.५७ प्रतिशत कायम गरिएको छ । यो विशेष ब्याजदर योजना भदौ मसान्त २०८३ सम्म लागू हुनेछ । उक्त अवधि समाप्त भएपछि बैंकको प्रचलित सामान्य ब्याजदर लागू हुनेछ ।

ग्राहकको कर्जा आवेदन तथा आवश्यक सम्पूर्ण कागजातहरू पूरा भएको अवस्थामा बैंकले २४ घण्टाभित्र अटो लोन उपलब्ध गराउने व्यवस्था गरेको छ । यसले ग्राहकलाई आफ्नो रोजाइको सवारी साधन खरिद गर्न सहज, छिटो र सरल कर्जा सुविधा प्राप्त गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

बैंकले उक्त अटो लोन सुविधा देशभर रहेका आफ्ना १७६ वटै शाखामार्फत उपलब्ध गराउने जनाएको छ । नाइमा एक्स्पो २०२६ मा सहभागी हुने तथा नयाा सवारी साधन खरिद गर्न इच्छुक ग्राहकहरूले यस विशेष योजनाबाट लाभ लिन सक्नेछन् ।

एक्स्पोमा बिमा कम्पनी एनएलजी, सलिको इन्सुरेन्स पार्टनर छन् । बिमामा दुर्घटना, आगलागी, प्राकृतिक विपत्ति, चोरी र तेस्रो पक्षको दायित्व तथा व्यक्तिगत घटनासम्म समेटिएका छन् । एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडले स्वास्थ्य बिमाअन्तर्गत अस्पताल भर्ना भएर उपचार गर्दा हुने खर्चको आर्थिक सुरक्षा दिने उद्देश्यले 'एनएलजी हेल्थ सहारा' स्वास्थ्य बिमा योजना ल्याएको छ । योजनाले अस्पताल भर्ना, डे-केयर प्रक्रिया, कोठा तथा आईसीयू, अपरेसन थिएटर, चिकित्सक तथा विशेषज्ञको शुल्क, औषधि, डायग्नोस्टिक, प्याथोलोजी र रेडियोलोजी लगायतका उपचार खर्च समेट्छ ।

मोटर बिमाअन्तर्गत एनएलजी इन्स्योरेन्स कम्पनीले कार, चारपाङ्ग्रे, विद्युतीय सवारी, ट्याक्सी, बस र ट्रकलाई समेटेको कम्पनीका अन्डर राइटिङ डिपार्टमेन्ट प्रमुख अनिल काजी श्रेष्ठले बताए । तेस्रो पक्ष, सवारीसाधन क्षति लगायतको बिमा गरिने बताउँदै उनले एक्स्पोमा सिधै कम्पनीमा जोडिएमा प्रिमियममा २.५ प्रतिशत छुट दिइएको जनाए ।

# नाइमामा ग्राहकको रोजाइमा परेका केही विद्युतीय सवारी

## सर्वसाधारणलाई मूल्यमा छुटदेखि विभिन्न अफर दिएर आकर्षित गर्दै अटो कम्पनी

**विमल खतिवडा** (काठमाडौं)

काठमाडौंको भृकुटीमण्डपमा मंगलबारदेखि सुरु 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' मा सहभागीहरूको भीड बढ्दो छ। दुई दिनमै ५५ हजारले नाइमा एक्स्पो अवलोकन गरेका छन्। नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले आयोजना गरेको एक्स्पोमा बुकिङ गर्नेहरू पनि उत्तिकै छन्। धेरैको नजर विद्युतीय सवारीमा छ। नाइमामा साढे १८ लाखमै पाइने विद्युतीय सवारी पनि राखिएको छ। साढे १८ लाखदेखि ५० लाखसम्मका विद्युतीय कारका कम्पनीबीच छुट अफरको प्रतिस्पर्धा छ। हामीले यहाँ ५० लाखभन्दा कम मूल्य रहेका केही विद्युतीय सवारीका विशेषता र मूल्य प्रस्तुत गरेका छौं।

### हेनरी भोल्ट्सका ईभी कार




नाइमा एक्स्पोमा सबैभन्दा सस्तो विद्युतीय सवारी हेनरी भोल्ट्सका छन्। एस क्युब इन्टरप्राइजेजले नाइमामा राखेका हेनरी भोल्ट्सको हेनरी भोल्ट्स मोडल एचको मूल्य २१ लाख ५० हजार हो। तर नाइमामा कम्पनीले १८ लाख ५० हजारमा किन्न सकिने सुविधा दिएको छ। यसमा ८० प्रतिशत फाइनान्स सुविधा दिइएको कम्पनीले जनाएको छ। ३ लाख ७० हजार रुपैयाँमै यो सवारी बुकिङ गर्न सकिन्छ। २२ लाख ५० हजारमा किन्न सकिने यसको अर्को मोडल सी प्रो पनि छ। यसमा एक वर्षको बिमा, सडक कर र नामसारी खर्च कम्पनीले नै दिने जनाएको छ। सानो र सस्तो भए तापनि यसले ३ सय किमिसम्मको रेन्ज दिने कम्पनीको भनाइ छ।

### वुलिङको मिनी ईभी




पारामाउन्ट मोटर्सले वुलिङ कम्पनीका विद्युतीय सवारी नाइमा मोबिलिटी एक्स्पोमा छुट अफरमा राखेको छ। सानो मिनी ईभीदेखि सेभेन सिटर एसयुभी, सेभेन सिटर एमपीबीलगायत सवारी प्रदर्शनमा राखिएको छ। २ सय किमि रेन्जको मिनी ईभी कारलाई २० लाख ९९ हजार रुपैयाँ रहेको कम्पनीले जनाएको छ। यसमा चार सिट छन्।

### हन्री बोमा




नाइमा एक्स्पोमा ईभी राइड प्रालिले राखेको हन्री विद्युतीय सवारीमा धेरैको दृष्टि परेको छ। ३ सय किमि रेन्ज दिने यो सवारीको ब्याट्री पावर ३५ किलोवाट रहेको कम्पनीले जनाएको छ। २६ लाखमा बिक्री भइरहेको यसलाई नाइमा एक्स्पोमा २५ लाखमै किन्न सकिन्छ। गाडी किन्दा विभिन्न उपहार हातैमा पाइने कम्पनीले बताएको छ। एक वर्षको सडक कर र बिमा कम्पनीले नै गरिदिने बताइएको छ।

### जीडब्लूएमको ओरा-५




जीडब्लूएमको एसयुभी ईभी ओरा-५ नाइमा एक्स्पोको आकर्षण बनेको छ। ग्राउन्ड क्लियरेन्स २ सय एमएम रहेको यो सवारीमा १४.६ इन्चको टच स्क्रिन छ। सर्ट ब्लेट ब्याट्री ड्र्यागन आर्मल सिल छ। यसको मिड भेरियन्टको मूल्य नाइमाका अवसरमा ४८ लाख ४९ हजार रुपैयाँ राखिएको कम्पनीले जनाएको छ।

### टाटाका टियागो र पन्च ईभी




सिप्रदी ट्रेडिङले टाटाको टियागो र पन्च ईभी अपडेटेड भेरिएन्टमा सार्वजनिक गरेको छ। टियागोमा २५ किलोवाटको ब्याट्री छ। अहिले फिचर्स थप गरिएको कम्पनीले जनाएको छ। यसमा ३ सय ६० डिग्रीको भ्यु क्यामेरा छ। ६ वटा एयर ब्याग छन्। मोटर पनि ५५ किलोवाट पुऱ्याइएको छ। सबै फिचर्स थप हुँदा पनि पुरानै मूल्यमा यसलाई आफ्नो बनाउन सकिने कम्पनीले बताएको छ। नाइमाका अवसरमा २८ लाख ९९ लाख रुपैयाँमा टियागो किन्न सकिने कम्पनीको भनाइ छ। कम्पनीले न्यू पन्च ईभी पनि प्रदर्शनमा राखेको छ। यसमा एयर ब्याग ५ वटा छन्। ३३ लाख ९९ हजारको यसलाई ३२ लाख ९९ हजारमा नाइमामा बुक गर्न सकिनेछ।

### चेरी क्यू



पायोनियर मोटोकर्पले यो सवारी प्रदर्शनमा राखेको छ। यसमा ४१.२ किलोवाटको ब्याट्री र ९० किलोवाटको मोटर छ। ३२ लाख ९९ हजार रुपैयाँ मूल्य रहेकामा यसलाई नाइमा एक्स्पोमा ग्राहकले ३० लाख ९९ हजार रुपैयाँमा पाउँछन्। यो अफर नाइमा एक्स्पो अवधिभर मात्र ग्राहकले पाउने कम्पनीले बताएको छ। यसको रेन्ज ४ सय किमि छ। ग्राहकले ४० प्रतिशत डाउन पेमेन्ट गरेर यो सवारी लिन सक्नेछन्। यसमा ६० प्रतिशतको फाइनान्स सुविधा छ।

### लिप मोटरको टीओ थ्री र बीओ-३एक्स ईभी

नाइमामा साङ्ग्रिला मोटर्सको लिप मोटर टीओ थ्री ईभी ३१ लाख ९९ हजारमा बिक्री भइरहेको छ। यसमा बिमा कम्पनीले नै गरिदिने कम्पनीले जनाएको छ। एक वर्षको सडक कर कम्पनीले दिने यो सवारीले ४ सय ३ किमि रेन्ज दिन्छ। ३७.३ किलोवाटको ब्याट्री र ५० किलोवाटको पावर रहेको यसमा १ सय ६५ एमएमको ग्राउन्ड क्लियरेन्स छ।

लिपमोटर्सकै बीओ-३ एक्सको नाइमा अफर मूल्य ४४ लाख ९९ हजार छ। यसमा पनि एक वर्षको बिमा गरिदिन्छ। स्पेयर टायर, ७ किलोवाट चार्जर पनि कम्पनीले दिनेछ। १ सय ९० एमएमको ग्राउन्ड क्लियरेन्स रहेको यो सवारीले ५ सय ५ किमि रेन्ज दिन्छ। यसमा १ सय ४५ किलोवाट पावरको ब्याट्री रहेको कम्पनीले जनाएको छ।




तस्बिरहरू : दिपेश दर्शनधारी/कान्तिपुर

# बर्सेनि बढ्दै छ बियर बनाउने कच्चा पदार्थ, सिसी र बिर्को आयात

## गोर्खा, यती र राज ब्रुअरीले कृष्णनगर नाका हुँदै बियर बनाउने कच्चा पदार्थ र सिसाका बोतल ल्याउँदा आयातको ग्राफ बढेको हो

**मनोज पौडेल** (कपिलवस्तु)

बियर बनाउने कच्चा पदार्थ र त्यसलाई राखिने काँचको सिसी र बोतल आयात बर्सेनि बढ्दै गएको छ। नेपालका ठूला लिकर उद्योग गोर्खा, यती र राज ब्रुअरीले कृष्णनगर नाका हुँदै बियर बनाउने कच्चा पदार्थ र सिसाका बोतल ल्याउँदा आयातको ग्राफ बढेको हो।

बियरको बोतलमा लगाउने बिर्को पनि आयात हुने गरेको छ। मुलुकका १० ठूला भन्सार नाकामध्ये कृष्णनगर नाका हुँदै चार वर्षयता कच्चा पदार्थ र बोतल दुबैको आयात बढ्दै गएको छ। आर्थिक वर्ष २०८२/८३ मा मात्र ३ अर्ब ४७ करोड २५ लाख मूल्य बराबरको बियर बनाउने कच्चा पदार्थ माल्ट (फर्मेन्टेड जौ), सिसाको बोतल र बियरमा लगाउने बिर्को आयात भएको छ।

गत आर्थिक वर्षमा एक अर्ब ९५ करोड बराबरको ७ लाख २९ हजार ४ सय ८३ ग्रुस काँचको बोतल आयात भएको छ। एक ग्रुसमा एक सय ४४ बोतल हुन्छन्। यसबाट ५० करोड ६२ लाख भन्सार राजस्व प्राप्त भएको छ।

२०८१/८२ को तुलनामा २०८२/८३ मा आयात दोब्बर भएको हो। २०८१/८२ मा ९७ करोड २५ लाख ७५ हजार बराबरको ३ लाख ३४ हजार ४ सय ६३ ग्रुस बोतल आयात भएको थियो। यसबाट २१ करोड ४१ लाख ८१ हजार भन्सार राजस्व प्राप्त भएको थियो। गत आर्थिक वर्षमा ३७ करोड ९९ लाख बराबरको एक करोड ६५ लाख ग्रुस बिर्को आयात हुँदा १३ करोड ५३ लाख राजस्व संकलन भएको थियो।

बियरका लागि बर्सेनि काँचको सिसी बोतल आयात बढ्दै गएको कृष्णनगर भन्सार कार्यालयका सूचना अधिकारी भन्सार अधिकृत मयंक कर्णले बताए। कृष्णनगर नाकाबाट मूल्यका आधारमा आयात हुने मालवस्तुमा काँचको सिसी बोतल चौथो र बढी राजस्व संकलन हुने मालवस्तुमा तेस्रो नम्बरमा रहेको उनको भनाइ छ। मूल्यका आधारमा बढी आयात हुने बियरको कच्चा पदार्थ माल्ट पाँचौं नम्बर र राजस्व संकलन बढी हुने मालवस्तुमा चौथोमा रहेको उनले जनाए।

२०८२/८३ मा एक अर्ब १४ करोड मूल्य बराबरको बियरको कच्चा पदार्थ माल्ट १५ हजार ४ सय ९ टन आयात भएको छ। त्यसबाट ३४ करोड २० लाख राजस्व संकलन भएको छ। त्यस्तै २०८१/८२ मा एक अर्ब ९५ लाख २३ हजार बराबरको १४ हजार एक सय २३ टन माल्ट आयात भएको थियो। त्यसबापत ३१ करोड ८३ लाख राजस्व संकलन भएको छ। माल्ट आयात पनि बर्सेनि बढ्दै गएको छ।

नेपालमा बियरको उपभोग बढेसँगै त्यसका लागि चाहिने कच्चा पदार्थ र बोतलको आयात बढ्दै गएको कपिलवस्तु नगरपालिका चेम्बर अफ कमर्सका अध्यक्ष गोपीकृष्ण शर्माले बताए। भारतको फिरोजाबाद सहरबाट काँचका सिसी बोतल र माल्ट आउँछन्। भारतको उत्तर प्रदेश राज्यको आगरानजिकैको फिरोजाबाद सहर सिसाका भाँडाकुँडा र चुरा बनाउने भारतको प्रमख केन्द्र हो। नेपाली उद्योगले त्यहीँबाट सिसाका बोतल अर्डरमा बनाएर ल्याउने गरेको प्रमुख भन्सार अधिकृत फणीन्द्र खतिवडाको भनाइ छ। उद्योगहरूले बोतलमा नाम लेखेर तयारी अवस्थामै ल्याउने गरेका छन्।

टुबोर्ग, कार्ल्सबर्ग र सानमिगेल बियरका ब्रान्ड उत्पादन गर्ने नवलपुरको गोर्खा ब्रुअरी, अर्ना बियर ब्रान्ड उत्पादन गर्ने चितवनको यती ब्रुअरी र बडवाइजर ब्रान्ड उत्पादन गर्ने नवलपरासीको राज ब्रुअरी उद्योगले कच्चा पदार्थ र सिसाको बोतल आयात गरिरहेको खतिवडाले जनाए।

भन्सार कार्यालयमा अन्यत्र जस्तो भीड नभई जुन दिन आयो, उही दिन जाँचपास भएर लैजान सकिने हुँदा कृष्णनगर नाका बढी प्रयोग हुने गरेको कृष्णनगर नगरपालिका प्रमुख रजतप्रताप शाह बताउँछन्। यो नाका हुँदै मूल्यका आधारमा आयात हुने मालवस्तुमा पहिलोमा शुद्ध फलाम र दोस्रोमा कोइला छ।

गत आर्थिक वर्षमा ३ अर्ब ६५ करोड बराबरको ८१ हजार ५ सय ११ मे.टन शुद्ध फलाम आयात भएको छ। त्यसबापत ५१ करोड ९२ लाख राजस्व संकलन भएको छ। त्यस्तै गत आर्थिक वर्षमा ३ अर्ब ३५ करोड बराबरको २ लाख ३३ हजार मे.टन कोइला आयात हुँदा ७६ करोड ६६ लाख राजस्व संकलन भएको छ।

मूल्यका आधारमा धेरै आयात हुने वस्तुमा बदाम छैटौं नम्बरमा छ। ९१ करोड ४२ लाख मूल्य बराबरको ६ हजार ७ सय ३९ टन बदाम आयात भएको छ।


**नेपाल क्षयरोग निवारण संस्था**

फोन नं. ०१-५३७५३९५

**शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२८**

यस संस्थाको डी.आर. होस्टेल तथा अस्पतालका बिरामीहरुका लागि खाद्यान्न सामाग्रीहरु आवश्यक भएकोले नेपाल सरकारमा दर्ता भएका योग्य र ईच्छुक सप्लायर्स/कम्पनी तथा फर्महरुबाट यो सूचना प्रकाशित मितिले १५ दिनभित्र रीतपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

| बोलपत्र नं. | विवरण | व्यहोरा विशिष्टिकरण |
|---|---|---|
| २०८३।८४-१ | खाद्यान्न सामाग्री | शिलबन्दी बोलपत्र फाराम बमोजिम |

**शिल्ड कोटेशन आव्हान सम्बन्धी सूचना**

यस संस्थामा आर्थिक वर्ष २०८३।८४ को लागि सामानहरु सप्लाई गर्नका लागि सूचीमा दर्ता भएका सप्लायर्सबाट ७ दिनभित्र दररेट सहित शिल्ड कोटेशन आव्हान गरिएको छ।

**विस्तृत विवरण संस्थाको सूचनापाटीमा टाँस गरिएको छ।**


## अर्थ संक्षेप

### वेब होस्टिङ र डोमेन सेवासहितका सुविधा दिँदै एनसेल बिजनेस




काठमाडौं (कास)- एनसेलले एनसेल बिजनेस क्लाउडसुइट सेवा सुरु गरेको छ। यो स्थानीय रूपमा समर्थित प्लेटफर्म हो, जसले डोमेन दर्ता र व्यावसायिक वेब होस्टिङ सेवा एकै ठाउँमा उपलब्ध गराउने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। यो सेवा नेपालभरिका व्यवसाय, स्टार्टअप, उद्यमी, शैक्षिक संस्था र विभिन्न संगठनका लागि लक्षित रहेको कम्पनीको भनाइ छ। 'नेपाली व्यवसाय डिजिटल माध्यममा रूपान्तरण हुँदै जाँदा देशभित्रै सहज पहुँच र व्यवस्थापन गर्न सकिने भरपर्दो वेब पूर्वाधारको आवश्यकता बढ्दै गएको छ,' विज्ञप्तिमा भनिएको छ, 'एनसेल बिजनेस क्लाउडसुइटको उपभोग गर्दै ग्राहकले एकीकृत प्लेटफर्म डोमेनमार्फत दर्ता गर्न, वेबसाइट होस्ट गर्न र आफ्नो अनलाइन उपस्थिति व्यवस्थापन गर्न सक्छन्।' यस प्लेटफर्मले डोमेन नवीकरण, ट्रान्सफर सहयोग, डीएनएस व्यवस्थापन, डोमेन फर्वार्डिङ, सबडोमेन म्यानेजमेन्ट र केन्द्रीकृत डोमेन एड्मिनिस्ट्रेसन सुविधा पनि समेट्ने कम्पनीले जनाएको छ।

### तथ्यांकमार्फत पदयात्रा पर्यटन सुरक्षित बनाउने पहल

काठमाडौं (कास)- नेपालको पदयात्रा पर्यटनलाई थप सुरक्षित र व्यवस्थित बनाउन संरचित तथ्यांकको प्रयोगसम्बन्धी बहस सुरु भएको छ। ब्रिटिस कलेज इन्क्युबेसन सेन्टरबाट इन्क्युबेट भएको नेपाली स्टार्टअप ट्रेलम्यापरले पदयात्रा मार्ग, सुरक्षा तथा आपत्‌कालीन सूचनालाई एकीकृत गरी प्रयोग गर्न सकिने विषयमा छलफल आयोजना गरेको हो। 'हाउ स्ट्रक्चर्ड डेटा क्यान मेक नेपाल्स टुरिजम सेफर एन्ड स्मार्टर' शीर्षकमा ३१ जुलाईमा काठमाडौंको नक्सालस्थित काठमाडौं म्यारियट होटलमा आयोजित कार्यक्रममा पर्यटन व्यवसायी, संरक्षणकर्मी, शैक्षिक संस्था तथा सञ्चारमाध्यमका प्रतिनिधिसहित करिब ३५ जनाको सहभागिता थियो। कार्यक्रममा नेपाल पर्यटन बोर्डका सुधन सुवेदी, नेसनल ट्रस्ट फर नेचरका अशोक सुवेदी, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपालका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र सेढाईं तथा जीआईएस एवं विपद् जोखिम विशेषज्ञ राजु चापागाईं प्यानलिस्ट थिए। नेपालको पर्यटन क्षेत्रमा उपलब्ध पदयात्रा मार्ग, सुरक्षा तथा आपत्‌कालीन सूचना विभिन्न निकायमा छरिएर रहँदा पदयात्रीको सुरक्षामा पर्ने प्रभावबारे छलफल भयो।

### हुन्डाईका नेपालमै बनेका 'भेन्यु' र 'भेन्यु एन लाइन' सार्वजनिक




काठमाडौं (कास)- नेपालका लागि हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले नेपालमै उत्पादित नयाँ 'हुन्डाई भेन्यु' र 'भेन्यु एन लाइन' सार्वजनिक गरेको छ। नयाँ डिजाइन, प्रविधि, प्रदर्शन र सुरक्षासहितको भेन्युले कम्प्याक्ट एसयूभी बजारमा आफ्नो उपस्थिति विस्तार गर्ने कम्पनीको अपेक्षा छ। नेपालमै उत्पादित भेन्युमा ट्विन हर्न एलईडी डीआरएल, होराइजन एलईडी रियर ल्याम्प, पावर्ड टिल्ट एन्ड स्लाइड सनरुफ तथा १०.२५ इन्चको इन्फोटेनमेन्ट डिस्प्ले उपलब्ध छन्। सुरक्षाका लागि यसमा ६ वटा एयरब्याग राखिएको कम्पनीले जनाएको छ। भेन्यु १.२ लिटर पेट्रोल र १.० लिटर टर्बो पेट्रोल इन्जिन विकल्पमा उपलब्ध छ। कम्पनीका अनुसार यी इन्जिनले ड्राइभिङ सहजतासँगै इन्धन दक्षता र प्रदर्शनमा सन्तुलन कायम गर्छन्। भेन्यु एन लाइनलाई भेन्युको थप स्पोर्टी संस्करणका रूपमा सार्वजनिक गरिएको छ। यसमा एन-ब्रान्डेड सिट, एन-ब्रान्डेड एलोय ह्विल, सिग्नेचर रेड हाइलाइटसहितको बडी-कलर क्ल्याडिङ तथा एन लाइनका विशिष्ट डिजाइन एलिमेन्ट समावेश रहेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। नेपालमै उत्पादित हुन्डाई भेन्युको सुरुवाती मूल्य ४८ लाख ९६ हजार रुपैयाँ तोकिएको छ। भेन्यु एन लाइनको सुरुवाती मूल्य ६७ लाख ९६ हजार रुपैयाँ तोकिएको कम्पनीको भनाइ छ।

### एमजीको 'मेजेस्टोर', २१५.५ पीएस शक्तिको एसयूभी



काठमाडौं (कास)- नेपालका लागि जेएसडब्लू एमजी मोटरको आधिकारिक वितरक गो अटोमोबाइल्स प्रालिले काठमाडौंको भृकुटीमण्डपमा जारी 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' मा नयाँ एसयूभी 'एमजी मेजेस्टोर' सार्वजनिक गरेको छ। मेजेस्टोर नेपालमा सार्वजनिक गरिएको एमजीको हालसम्मकै ठूलो, शक्तिशाली र प्रिमियम एसयूभी रहेको कम्पनीको दाबी छ। भारतको पहिलो 'डी प्लस' एसयूभीका रूपमा प्रस्तुत गरिएको मेजेस्टोर परम्परागत फुल-साइज एसयूभीभन्दा माथिल्लो श्रेणीमा पर्ने कम्पनीको भनाइ छ। नेपालमा एमजीको प्राथमिक बजारका रूपमा रहेको र नेपाली ग्राहकलाई एमजीको विश्वव्यापी उत्पादन शृंखला उपलब्ध गराउन प्रतिबद्ध रहेको गो अटोमोबाइल्सले जनाएको छ। 'मेजेस्टोर अरूसँग प्रतिस्पर्धा गर्न आएको होइन, यसले आफ्नै श्रेणी निर्माण गरिरहेको छ,' कम्पनीले भनेको छ, 'यो कम्प्याक्ट एसयूभी वा सामान्य सातसिटे एसयूभीसँग प्रतिस्पर्धा गर्दैन। नेपाली सडकमा यसले आफ्नै प्रभावशाली उपस्थिति जनाउनेछ।'

### जीडब्लूएमको नयाँ ईभी 'हाभल जोलियन म्याक्स'




काठमाडौं (कास)- ग्रेटवाल मोटर (जीडब्लूएम) ले आफ्नो नयाँ विद्युतीय एसयूभी 'हाभल जोलियन म्याक्स' नेपाली बजारमा सार्वजनिक गरेको छ। काठमाडौंमा जारी नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ मा कम्पनीले उक्त मोडल सार्वजनिक गरेको हो। ५८.३ किलोवाट-आवर ब्याट्री रहेको जोलियन म्याक्सले एक पटकको चार्जमा ४२० किलोमिटरभन्दा बढी दूरी तय गर्ने कम्पनीको दाबी छ। एसयूभीमा १९० मिलिमिटर ग्राउन्ड क्लियरेन्स दिइएको छ। यसले नेपालका विभिन्न सडक तथा दैनिक प्रयोगका लागि उपयुक्त हुने कम्पनीको भनाइ छ। नाइमा एक्स्पो विशेष सुरुवाती मूल्यमा हाभल जोलियन म्याक्स ५९ लाख ९९ हजार ९ सय ९९ रुपैयाँमा उपलब्ध हुने कम्पनीले जनाएको छ। सुरक्षाका लागि यसमा एडाप्टिभ क्रुज कन्ट्रोल, लेन किपिङ असिस्ट, लेन चेन्ज असिस्ट, इमर्जेन्सी लेन किपिङ, फर्वार्ड कोलिजन वार्निङ, अटोनोमस इमर्जेन्सी ब्रेकिङ, रियर क्रस ट्राफिक वार्निङ तथा रियर क्रस ट्राफिक ब्रेकिङलगायत सुविधा छन्। ड्राइभर फाटिग मोनिटरिङ र ट्रान्सपरेन्ट अन्डरबडी भ्यु सिस्टम पनि यसमा उपलब्ध छ। जीडब्लूएमले नेपालमा करिब एक महिनाअघि मात्रै 'ओरा-५' ईभी सार्वजनिक गरेको थियो। छोटो अवधिमै दोस्रो विद्युतीय एसयूभी सार्वजनिक गरेसँगै कम्पनीले नेपाली बजारमा आफ्नो ईभी पोर्टफोलियो विस्तार गरेको छ।

### मोन्ट्रा इलेक्ट्रिकले ल्यायो थ्री-ह्विलर 'सुपर अटो'



काठमाडौं (कास)- पूर्णतया इलेक्ट्रिक कमर्सियल भेहिकलमा केन्द्रित भारतीय ब्रान्ड मोन्ट्रा इलेक्ट्रिकले नेपालमा प्रवेश गरेको छ। कम्पनीले काठमाडौंमा सुपर अटो इलेक्ट्रिक थ्री-ह्विलरको पहिलो ब्याच सार्वजनिक गरेको हो। मोन्ट्रा इलेक्ट्रिक नेपालका लागि आफ्नो आधिकारिक राष्ट्रिय वितरक हिप्को ट्रेडिङ प्रालिमार्फत नेपाल प्रवेश गरेको हो। काठमाडौंमा आयोजित कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद आशिष गजुरेलले मोन्ट्रा इलेक्ट्रिकको फ्ल्यागसिप यात्रुवाहक थ्री-ह्विलर सुपर अटो सार्वजनिक गरेको कम्पनीले सार्वजनिक गरेको विज्ञप्तिमा उल्लेख छ। मोन्ट्रा इलेक्ट्रिक सुपर अटोको इन्जिनियरिङ विकास नेपालका सडक तथा भू-भागमा गरिएको परीक्षण, स्थानीय वितरकबाट प्राप्त सुझाव तथा नेपालको सडक र भूगोलका मौलिक आवश्यकतालाई ध्यानमा राखेर गरिएको कम्पनीले जनाएको छ। यसले सुपर अटोलाई नेपाली बजारकै लागि भनेर विशेष रूपमा तयार गरिएको इलेक्ट्रिक सवारीसाधनका रूपमा प्रस्तुत गरेको बताइएको छ।

### नाइमामा अल्ट्राभायोलेट एक्स४७ क्रसओभर मोटरसाइकल सार्वजनिक




काठमाडौं (कास)- वैद्यज अर्गनाइजेसनले नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ का अवसरमा प्रिमियम इलेक्ट्रिक मोटरसाइकल ब्रान्ड अल्ट्राभायोलेटको नयाँ क्रसओभर मोटरसाइकल एक्स४७ नेपाली बजारमा सार्वजनिक गरिएको छ। नेपालका लागि अल्ट्राभायोलेटको आधिकारिक वितरक वैद्यज अर्गनाइजेसनले सार्वजनिक गरेको एक्स ४७ को मूल्य ६ लाख ८४ हजार ९०० रुपैयाँ तोकेको छ। क्रसओभर डिजाइन, आधुनिक प्रविधि र उच्च प्रदर्शनलाई संयोजन गरिएको यो मोटरसाइकलले नेपाली इलेक्ट्रिक मोटरसाइकल बजारमा नयाँ विकल्प थप्ने कम्पनीको विश्वास छ।अल्ट्राभायोलेट एक्स४७ दैनिक आवागमन, रोमाञ्चक यात्रा तथा एड्भेन्चर राइडिङमा रुचि राख्ने राइडरलाई लक्षित गरी विकास गरिएको कम्पनीले जनाएको छ। वैद्यज अर्गनाइजेसनले यसअघि नै नेपाली बजारमा अल्ट्राभायोलेटको एफ-७७ ओरिजिनल र एफ-७७ रिकन मोडलको बुकिङ खुलाइसकेको छ। एफ-७७ ओरिजिनलको सुरुवाती मूल्य ८ लाख ११ हजार रुपैयाँ र एफ-७७ रिकनको मूल्य ९ लाख ६९ हजार रुपैयाँ तोकिएको कम्पनीले बताएको छ। एफ-७७ मा १०.३ किलोवाट आवरको ब्याट्री प्याक जडान गरिएको छ। कम्पनीका अनुसार यसले एक पटक पूर्ण चार्जमा ३२३ किलोमिटर आईडीसी रेन्ज प्रदान गर्छ। यसमा ३० किलोवाट क्षमताको इलेक्ट्रिक मोटर छ, जसले अधिकतम १ सय एनएम टर्क उत्पादन गर्ने कम्पनीको भनाइ छ।

# सम्पत्तिमाथि प्रश्न उठिरहेका...

'हङकङ, सिंगापुर आफैं महँगो लाइफस्टाइल भएका ठाउँ हुन्, साधारण मानिसका लागि त यो कल्पना बाहिरको कुरा हो, तर महिनौंसम्म उपचार र बसाइ त्यस्ता देशमा हुन्छन् तर त्यसको स्रोत अपारदर्शी छ भने त्यसबारे अनुसन्धान र नियमनकारी निकायहरूले खोजबिन गर्नुपर्ने हो,' ती सचिव भन्छन्, 'एकातिर सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयमा अनुसन्धानमा परेका व्यक्ति, अर्कातिर उनीहरूकै अपारदर्शी विदेश बसाइ र उपचार, यो त झनै खोज्नुपर्ने विषय हो ।'

नेपाल राष्ट्र बैंकका एक अधिकारीले बताएअनुसार विदेशमा उपचारका लागि भनेर देउवा दम्पतीले विदेशी मुद्रा सटहीको सुविधा लिएका छैनन् । विदेश घुम्न जानेको हकमा एक जनाले अधिकतम ३ हजार अमेरिकी डलरसम्मको सटही सुविधा पाउँछन् ।

२०८२ साउनमा ल्याइएको आव २०८२/८३ को मौद्रिक नीतिअनुसार राष्ट्र बैंकले नेपालबाट विदेश भ्रमणमा जाने यात्रुका लागि प्रतिव्यक्ति ३ हजार अमेरिकी डलरसम्मको सटही सुविधा लिन सकिने व्यवस्था गरेको थियो । त्यसअघि यो सुविधा प्रतिव्यक्ति २५ सय डलरसम्म सीमा थियो । यसबाहेक विदेश जाँदा अरू विदेशी मुद्रा लैजानुपरे प्रयोजन खुलाएर राष्ट्र बैंकको स्वीकृति लिनुपर्छ ।

उपचार शीर्षकमा देउवा दम्पतीले विदेशी मुद्रा लैजान अनुमति लिएको नदेखिएको राष्ट्र बैंकका ती अधिकारीको भनाइ छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान अघि बढेपछि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गत कात्तिकमै देउवा दम्पती, छोरा जयवीरसिंह देउवा र केही नातेदारका नाममा भएका चल/अचल सम्पत्ति रोक्का राखेको थियो । अनुसन्धान अधिकारीहरूका अनुसार त्यो अझै कायम छ । एकातिर चल/अचल सम्पत्ति रोक्का, अर्कोतिर लामो समयदेखि विदेशमा बस्दाको खर्चको जोहो कसरी भइरहेको छ भन्ने विषयबारे यकिन पुष्टि हुन नसकेको अनुसन्धानमा संलग्न विभागकै अधिकारीको भनाइ छ ।

पूर्वप्रधानमन्त्री देउवाका भतिज भानु देउवाले देउवा दम्पतीले अनुसन्धानकारी निकायहरूलाई नेपाल आउन चाहेकोबारे जानकारी गराएको तर यताबाट त्यसबारे जवाफ नगएको बताए । उनले देउवा दम्पतीको विदेश बसाइको खर्च आफन्त, इष्टमित्र/शुभचिन्तकहरूबाट व्यवस्थापन भइरहेको बताए । देउवा नेपाल फर्केपछि उनी विभागमा आफैं गएर बयान दिन्छन् वा दिँदैनन् भन्ने यकिन भएको छैन । स्वकीय सचिव भानुले नेपाल फर्केपछि त्यसबारेमा छलफल हुने बताए । कतिपयले उनी केही समय बसेर फर्कने कार्यक्रम रहेको बताएका छन् । तर, भानुले देउवा आउनासाथ फर्किहाल्ने कुरा सत्य नभएको बताए । 'फर्कने नफर्कने कुनै कुरा तय भएको छैन,' उनले भने ।

अख्तियार र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई इमेलमार्फत दुवै जनाले आफूहरू 'स्वास्थ्य उपचारका क्रममा विदेश'मा रहेको बाहेक अरू खुलाएका छैनन् ।

राहदानी खरिद प्रकरणको अनुसन्धानका लागि तीन दिनभित्र उपस्थित हुन अख्तियारले २ असारमा बुढानीलकण्ठस्थित निवासमा म्याद तामेली गरेपछि ३ असारमा आरजु राणाले अख्तियारलाई इमेल लेखेर उपचारका क्रममा विदेशमा रहेकाले उपस्थित हुन नसक्ने जानकारी गराएकी थिइन् । अनुसन्धानमा संलग्न एक अधिकृतले नाम नबताउने सर्तमा उल्लेख गरेअनुसार आरजुको इमेल ३ असारको २:३० बजेतिर अख्तियारले पाएको हो । इमेलबाहेक आरजुसँग अरू माध्यमबाट सम्पर्क नभएको ती अधिकारीको भनाइ छ । अनुसन्धानमा संलग्न सम्पत्ति शुद्धीकरण र अख्तियारका अधिकारीहरूले अनौपचारिक रूपमा बताएअनुसार विदेशमा उपचार र बसाइबारे भएको खर्चको स्रोतबारे देउवा दम्पती पक्राउ परेका बेला वा आफैं बयानमा उपस्थित भएका बेला सोधिने विषय हो ।

सत्ता र शक्तिमा रहेकाहरूले नेपालमा मिलेमतोमा ठूला ठेक्कापट्टा लगाउने र त्यसबापत आउने कमिसन विदेशमै बुझ्ने र उतै बैंक खाता खोलेर 'व्यवस्थापन' (पार्किङ) गर्ने गरेको तथ्य सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल र टेलिकमका तत्कालीन प्रबन्ध निर्देशक सुनील पौडेलमाथि भएको अनुसन्धानबाटै खुलिसकेको छ । पौडेलद्वयले नेपालमा ठेक्का लगाएर पाएको कमिसन सिंगापुरको युनाइटेड ओभरसिज बैंक (यूओबी) मा खाता खोलेर व्यवस्थापन गरेको भेटिएको थियो ।

पूर्वमन्त्री आरजु र उनका छोरा जयवीरसिंह देउवालगायतका नाममा पनि विदेशी बैंकमा खाता रहेको सूचना आएको तर कतिपय कानुनी जटिलता र सूचनामा सहज पहुँचले यसबारे सूक्ष्म खोजबिन गर्न कठिनाइ भइरहेको अनुसन्धान सम्बद्ध स्रोतको भनाइ छ । विभागले सिंगापुर, हङकङ, बेलायत र अमेरिकाका विभिन्न बैंकमा देउवा परिवारका सदस्यका नाममा बैंक खाता खोलेर उतै व्यवस्थापन गरिएको भन्ने सूचना आएको तर त्यसबारे थप खोजबिन गर्नलाई कठिनाइ भइरहेको ती अधिकारीको भनाइ छ ।

अख्तियारले २ असारमा देउवाको बुढानीलकण्ठस्थित जेन-जी आन्दोलनमा जलाइएको घरठेगाना राखेर तीन दिनभित्र बयानका लागि उपस्थित हुन भन्दै म्याद तामेली गराएपछि भोलिपल्टै आरजुले उपचारका क्रममा विदेश भएकाले बयानमा आउन नसक्ने जानकारी गराएकी थिइन् । त्यसअघि २८ जेठमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई इमेलमार्फत देउवा दम्पतीले आफूहरू नेपाल आउन तयार रहेको र अनुसन्धानमा सहयोग गर्ने तर त्यसका लागि सहजीकरण गरिदिन अनुरोध गरेका थिए ।

देउवा दम्पती यसअघि पनि उपचारका लागि भन्दै सिंगापुरमा जाने गरेका थिए । जेन-जी आन्दोलनका क्रममा २४ भदौमा बुढानीलकण्ठस्थित घरमै सांघातिक आक्रमणमा परेका दुवै जना उपचारका लागि भन्दै १० कात्तिकमा पनि सिंगापुर गएका थिए । १८ दिन सिंगापुर बसेर २८ कात्तिकमा दुवै जना काठमाडौं फर्किएका थिए । त्यसपछि पनि उपचारकै लागि भनेर गएका उनीहरूको 'उपचार खर्च र विदेश बसाइ'को वित्तीय स्रोत के हो भन्ने विषय खुलेको छैन । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले दुवै जनाविरुद्ध अनुसन्धान भइरहेको जनाएको छ । अनुसन्धानकै क्रममा दुवै जनाको बैंक खाता पनि रोक्का राखिएको छ ।

बुढानीलकण्ठस्थित निवासमा रहेका बेला २४ भदौमा जेन-जी आन्दोलनकारीले सांघातिक आक्रमण गर्दा देउवा दम्पती घाइते भएका थिए । आक्रमणकारीले घरमै आगो लगाएर जलाइदिएका थिए । त्यस क्रममा घरमा जलेका नोटका टुक्रा भेटिएकामा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मुचुल्का उठाएर अनुसन्धान अघि बढाएको थियो । यता, आक्रमणमा परेका दुवै जनालाई त्यही दिन साँझ सेनाले उद्धार गरेर अस्पताल पुऱ्याएकामा केही साता उपचार गराएर दुवै जना डिस्चार्ज भएका थिए । उपचारपछि देउवा २८ असोजमा कांग्रेस बैठकमा सहभागी भएका थिए । त्यसको दुई सातापछि १० कात्तिकमा देउवा दम्पती थप उपचारका लागि भन्दै सिंगापुर उडेका थिए ।

दुवै जना २८ कात्तिकमा फर्केकामा २१ पुसमा आरजु राणा दिल्ली उडेकी थिइन् । उनी त्यतैबाट सिंगापुर गइन् । चुनाव (२१ फागुन) को एक साताअघि १३ फागुन राति पूर्वप्रधानमन्त्री देउवा पनि उपचारका लागि भन्दै सिंगापुर गएका थिए । दुवै जना विदेशमा रहेकै बखत उनीहरूविरुद्धको अनुसन्धान रफ्तारमा अघि बढाइएको थियो ।

२३ चैतमा विभागले देउवा दम्पतीविरुद्ध अनुसन्धानका लागि भन्दै पक्राउ पुर्जी जारीको मागसहित जिल्ला अदालत काठमाडौंसँग अनुरोध गरेको थियो । त्यसको भोलिपल्ट २४ चैतमा जिल्ला अदालतबाट देउवा दम्पतीविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो । यसबारे समाचार बाहिरिएपछि देउवाले सामाजिक सञ्जाल फेसबुकमार्फत २५ चैतमा असन्तुष्टि जनाउँदै कुनै भ्रष्टाचार नगरेको र आफ्नो जीवन खुला किताबका रूपमा रहेको उल्लेख गरेका थिए ।

'म र मेरो परिवारका बारेमा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान सुरु गरिएको भन्ने जानकारी सञ्चारमाध्यमबाट थाहा पाएँ, म र मेरो परिवारको सम्पत्तिसम्बन्धी विषयमा भ्रामक र झूटा प्रचारबाजी भएको जानकारी गराउन चाहन्छु, नेपालको कानुनअनुसार हामीले सार्वजनिक पदमा रहँदा हाम्रो सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेस गरेको अवगत गराउन चाहन्छु, देशमा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना, विधिको शासन, स्वतन्त्र न्यायपालिका, पारदर्शितासँगै राज्यका अंगहरू स्वतन्त्र र सक्षम हुनुपर्दछ भन्ने मान्यताका लागि मैले सिंगो जीवन संघर्षमै व्यतित गरेको हुँ, मेरो जीवन एउटा खुला पुस्तकका रूपमा रहेको छ,' उनले भनेका थिए ।

यता, विभागले विदेशमा भएका देउवा दम्पतीलाई नेपाल ल्याउने प्रक्रिया अघि बढाएको थियो । वैशाख दोस्रो साता इन्टरपोललाई रेड नोटिस जारीको माग गर्दै पत्र पठाएको थियो । तेस्रो साता पत्र फिर्ता भएकामा नोटिस जारी गर्न इन्कार मात्रै गरिएन, अनुसन्धानको प्रक्रियामाथि पनि प्रश्न उठाइएको थियो । २४ वैशाखमा विभागले प्रहरीमार्फत रेड नोटिस जारीका लागि दोस्रो पत्र इन्टरपोललाई पठाएकामा जेठ पहिलो साता इन्टरपोलबाट नोटिस जारी गर्न नसकिने जवाफ आएको थियो ।

पक्राउ पुर्जी जारीविरुद्ध देउवा दम्पतीका तर्फबाट सर्वोच्चमा रिट दायर भएकामा ५ जेठमा मेघराज पोखरेलको इजलासले सरकारका नाममा कारण देखाऊ आदेश दिएकामा ११ जेठमा महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेको इजलासले जिल्ला अदालतबाट जारी पक्राउ पुर्जी निष्क्रिय पारिदिएको थियो ।

त्यस्तै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट भएका अनुसन्धानका आधारमा दायर मुद्दा काठमाडौं अदालतको साटो विशेष अदालत हुने भन्दै जिल्लाबाट जारी पक्राउ पुर्जी क्षेत्राधिकार बाहिरबाट भएकाले यसलाई बदर गरिदिएको थियो । २८ जेठमै देउवा दम्पतीले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई पत्र लेख्दै आफूहरू अनुसन्धानलाई सघाउन तयार रहेको तर पक्राउ पुर्जी जारी नगरिदिन इमेलमार्फत भनेका छन् ।

विदेशमा उपचारका लागि आवश्यक विदेशी मुद्रा सटहीका लागि देउवा दम्पतीले सिफारिस नलिएको नेपाल राष्ट्र बैंक स्रोतले बताएको छ । 'पछिल्ला महिनामा वैदेशिक भ्रमण, उपचार, धार्मिक यात्रा वा अरू कुनै काममा लागि सम्बन्धित परिवारबाट विदेशी मुद्रा सटहीका लागि माग भएको जानकारी छैन,' स्रोतले भन्यो, 'नागरिकले वाणिज्य बैंकहरूबाट पनि विदेशी मुद्रा सटही सुविधा लिन सक्छन् । त्यहाँबाट लिएको भए राष्ट्र बैंकमा जानकारी हुँदैन ।'

राष्ट्र बैंकको निर्देशनअनुसार विदेश भ्रमणमा (भारतबाहेक) जाने नेपालीलाई नेपाल सरकारले जारी गरेको राहदानी र कन्फर्म्ड हवाई टिकटको आधारमा तोकिएका बैंक/वित्तीय संस्था/इजाजतपत्र प्राप्त निकायहरूले विदेशी मुद्रा सटही सुविधा दिन्छन् । जसअनुसार भारतबाहेक अन्य मुलुकहरूको भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानीबापत प्रतिपटक अमेरिकी डलर ३ हजार वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्म सटही सुविधा पाइन्छ । वैदेशिक रोजगारीमा जापान, दक्षिण कोरिया, युरोप महादेश, संयुक्त राज्य अमेरिका, क्यानडा, अस्ट्रेलिया जाने नेपालीले प्रतिव्यक्ति अधिकतम ५ सय अमेरिकी डलर, अन्य मुलुक जाने नेपालीले अधिकतम २ सय अमेरिकी डलर विदेशी मुद्रा सटही सुविधा पाइन्छ ।

यसबाहेक नेपाल सरकारले जारी गरेको यात्रा अनुमतिपत्रका आधारमा विदेश भ्रमणमा जान राहदानी सुविधा माग भई आएमा त्यस्ता व्यक्तिले १ हजार अमेरिकी डलर सटही पाइन्छ । यसबाहेक, अध्ययन, स्वास्थ्य उपचार, धार्मिक कार्यलगायतका लागि औचित्य खुलाएको अवस्थामा आवश्यकताअनुसार राष्ट्र बैंकबाट सटही सुविधा पाइन्छ । तर, देउवा दम्पतीले राष्ट्र बैंक र अन्य बैंकहरूबाट विदेशी मुद्रा सटही सुविधा नलिएको स्रोतको भनाइ छ ।

## देउवा पक्षको भेलामा ६ वटा प्रस्तावमाथि छलफल हुने

काठमाडौं (कास)- कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा पक्षको २९ देखि ३१ साउनसम्म चल्ने भेलामा ६ वटा प्रस्ताव पेस गरिने भएको छ । पूर्वउपसभापति विमलेन्द्र निधिले राजनीतिक, पूर्वप्रवक्ता प्रकाशशरण महतले आर्थिक नीति, पूर्व सहमहामन्त्री उमाकान्त चौधरीले संगठन, पूर्वकेन्द्रीय सदस्य एनपी साउदले समसामयिक विषय, पूर्वकेन्द्रीय सदस्य रमेश लेखकले विधान संशोधन, पूर्वप्रचार विभाग प्रमुख मीन विश्वकर्माले प्रचार-प्रसारसम्बन्धी प्रस्ताव प्रस्तुत गर्ने भएका हुन् ।

पहिलो दिन उद्घाटन मात्र हुनेछ भने दोस्रो र तेस्रो दिन चल्ने बन्दसत्रमा प्रस्तावमाथि छलफल गरी पार्टीले अघि सार्ने नीति र कार्यक्रम तय गरिने साउदले बताए ।

विशेष महाधिवेशनदेखि नै चलेको दुई समूहबीचको विवाद नमिलेकै कारण देउवा पक्षले भेला बोलाएको हो । अलग पार्टी गठन गर्ने तयारीसँगै भेला बोलाइएको थियो । तर, गत बिहीबार सर्वोच्च अदालतले विशेष महाधिवेशन र गगन थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई मान्यता दिने फैसलाको पुनरावलोकन गर्न अनुमति दिएपछि तत्काल पार्टी अलग हुने जोखिम टरेको छ तर संकट टरेको छैन ।

पूर्वकेन्द्रीय सदस्य रामहरि खतिवडाले पूर्वसभापति देउवा फर्किएपछि विवाद एकतामा मोडिने बताए । देउवा बिहीबार हङकङबाट फर्कंदै छन् । उनी फर्कंदा विमानस्थलमा ठूलो संख्यामा नेता तथा कार्यकर्ताले स्वागत गर्ने तयारी भेला आयोजक समितिले गरेको छ । भेलाको उद्घाटन देउवाले गर्ने भएका छन् । 'भेलालाई बृहत् पार्टी एकताकै पक्षमा सन्देश दिने तयारी भएको छ,' उनले भने । त्यसै कारण यसअघि भेलामा नजाने मनस्थिति बनाएका तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता शेखर कोइरालासमेत सहभागी हुने भएका छन् ।

कोइरालाले सहभागी हुने जानकारी आफैंले बुधबार आफ्नो निजी सचिवालयमार्फत जानकारी गराएका थिए । खड्का द्विविधामा रहेका कारण बिहीबार बिहान भेला आयोजक समितिका संयोजक शशांक कोइराला र पूर्वकेन्द्रीय सदस्य एनपी साउद खड्का निवासमा गएर भेलामा सहभागी भइदिन आग्रह गरेका थिए । 'उहाँ आउने कुरा नै भएको छ, ६ साउनमा बीपी स्मृति दिवसको कार्यक्रममा उहाँ आफैंले भेला बोलाउनुभएको हो, त्यसैले उहाँको उपस्थिति नहुने कुरै छैन,' उनले भने ।

# मिनी संसद् : नागरिकको पहरेदार कि सरकारको...

'मिनी संसद्' भनेर चिनिने संसदीय समितिहरूले कसरी काम गरिरहेका छन् भन्ने एउटा दृष्टान्त मात्र हो यो । प्रतिनिधिसभाअन्तर्गत गठित १२ समितिमध्ये अधिकांशका कामकारबाहीमा प्रश्न उठ्न थालेका छन् । १२ संसदीय समितिमध्ये सार्वजनिक लेखा समितिको नेतृत्व प्रमुख प्रतिपक्ष कांग्रेसले गरेको छ, अरू सबैमा सत्तारूढ रास्वपाको नेतृत्व छ ।

सरकारले अहिलेसम्म प्रतिनिधिसभामा १२ वटा विधेयक मात्रै दर्ता गरेको छ । तीमध्ये पनि दुई वटा विधेयक मात्रै संसदीय समितिमा छलफलमा छन् । अरू विधेयक प्रतिनिधिसभामा प्रस्तुत मात्रै भएका छन् । यस्तो बेला संसदीय समितिहरू सार्वजनिक सरोकारका मुद्दामा सक्रिय हुनुपर्ने हो । तर समाज र सडकमा उठेका प्रश्नहरूलाई साथ दिएर सरकारलाई उत्तरदायी बनाउने भूमिकाबाट समितिहरू टाढा देखिएका छन् ।

संसदीय समितिहरूले आफ्नो विषयगत मन्त्रालय र निकायअन्तर्गत पर्ने नियमित कामसँगै आमनागरिकका सरोकार, सडक र संसद्मा उठेका मुद्दा, सरकारका विवादास्पद निर्णय र कार्यान्वयनलाई लिएर छलफल गर्न र आवश्यक परे सरकारलाई निर्देशन दिन सक्छन् । शक्तिशाली जनादेशसहित बनेको सरकारमाथि दर्जनौं प्रश्न उठिरहेका छन्, सार्वजनिक सरोकारका जल्दाबल्दा विषय छन् । तर यी विषयमाथि संसदीय समितिमा गहन छलफल भएको पाइँदैन ।

प्रतिनिधिसभाअन्तर्गत संसदीय समिति गठन भएको चार महिना भएको छ । यस अवधिमा किसानले समयमा मल नपाएको, कृषि अनुदान तथा वितरणमा समस्या, व्यवस्थापनको योजनाबिना सुकुमवासी बस्ती विस्थापन, सरकारमाथि प्रश्न गर्ने सञ्चारमाध्यमका कार्यालयमा अवरोध, गणेश नेपालीको आत्मदाह, माजिद अन्सारीलगायत जेन-जी अगुवाको पक्राउका घटना भए । भारतीय सीमानाकामा भन्सारको कडाइ, ग्यास अभाव, राहदानी लिन सास्ती, सवारी लाइसेन्स वितरण प्रक्रिया अवरुद्ध, ट्राफिक जरिवाना वृद्धिजस्ता विषयमा सरकारमाथि प्रश्न उठ्यो ।

उद्योगी-व्यवसायीमाथि पक्राउ तथा अनुसन्धान तथा घरमा खानतलासीजस्ता कार्यले लगानी तथा व्यावसायिक वातावरणमा परेको गुनासो निजी क्षेत्रले गरिरहेको छ । राहादानी ठेक्का प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त तथा आयुक्तलाई बोलाएर प्रधानमन्त्री कार्यालय सचिवालयले करिब पाँच घण्टा राखेको घटना सार्वजनिक भयो । यसले संवैधानिक निकायको स्वायत्तताको प्रश्न उठ्यो । आह्वान भइसकेको संसद् अधिवेशन स्थगन गराएर सरकारले आठ अध्यादेश ल्याउँदा पनि सार्वजनिक आलोचना भयो ।

त्रिभुवन विश्वविद्यालयको एमबीएसको प्रश्नपत्र परीक्षा सुरु भएको पाँच मिनेटमै ह्वाट्सएपबाट सार्वजनिक भएको खुल्यो । सरकारी कार्यालयमा डिजिटल प्रणाली प्रभावकारी नहुँदा नागरिकले आधारभूत सेवा लिनै कठिन हुने अवस्था बन्यो । अपराध अनुसन्धान तथा पक्राउमा प्रहरी-सरकारको भूमिका, संघ, प्रदेश र स्थानीय तहबीच अधिकार तथा स्रोत बाँडफाँट र समन्वय, नियुक्ति, निर्णय प्रक्रियामाथि पनि प्रश्न उठिरहेको छ ।

जेन-जी आन्दोलनपछि गठित सुशीला कार्की नेतृत्वको सरकारले १२ कात्तिकमा संसद्का सदस्यहरूलाई दिइने स्वकीय सचिवको सुविधा खारेज गरेको थियो । यसलाई अहिलेको सरकारले ब्युँताएकामा समेत सार्वजनिक आलोचना भयो । सडकमा अनेक मुद्दा उठाएर आन्दोलन भइरहेका छन् । तर यस्ता विषय संसदीय समितिको प्राथमिकतामा परेको देखिँदैन ।

संसदीय मामिलामा लामो समय रिपोर्टिङ गरेका पत्रकार हरिबहादुर थापा संसदीय समितिहरूको काम विधेयकमा दफावार छलफल गर्ने मात्रै नभएर समाज र सडकमा उठेका प्रश्नहरूको जवाफ खोज्ने थलोसमेत रहेको बताउँछन् । मुलुकमा गम्भीर रूपमा उठेका सार्वजनिक सरोकारका मुद्दा, सरकारका निर्णयको कार्यान्वयन, सुरक्षा चुनौती, कानुनी संशोधनको आवश्यकतालगायतका विषयमा सरकारलाई जवाफदेही बनाउन र संसद्प्रति उत्तरदायी बनाउन समितिहरू चुकिरहेको उनको विश्लेषण छ । 'मिडियामा उठेका विषयलाई समेत संसदीय समितिले छलफलमा ल्याउन सक्छन्,' उनले भने, 'तर यसमा समितिहरू चुकिरहेका छन् ।'

६ असोज २०५७ मा कान्तिपुरमा प्रकाशित लाउडा विमान भाडासम्बन्धी सानो समाचारलाई लिएर सार्वजनिक लेखा समितिले तत्काल छलफल चलाएको थापाले स्मरण गरे । 'पासपोर्टको ठेक्कालाई लिएर प्रधानमन्त्रीको निजी सचिवालयका सदस्यहरूले संवैधानिक आयोगका पदाधिकारीमाथि जुन खालको हर्कत गरेको समाचार बाहिर आयो, त्यसलगत्तै राज्य व्यवस्था तथा सुशासन समितिले बैठक राखेर वास्तविकताबारे बुझ्नुपर्ने थियो तर त्यस्तो भएन,' उनले भने, 'केही समितिले बैठक राखेर छलफल त गरिरहेका छन् तर सरकारलाई निर्देशन दिने र निगरानी राख्ने कार्य भएको देखिँदैन ।'

सत्तारूढ दलले नेतृत्व गरेका समितिहरू मात्र निष्प्रभावी छैनन्, प्रमुख प्रतिपक्षी कांग्रेसले नेतृत्व गरेको लेखा समितिसमेत क्रियाशील हुन सकेको छैन । सरकारलाई जवाफदेही बनाउने दिशामा लेखा समिति नै औपचारिकताभन्दा बाहिर आउन सकेको छैन । लेखा समितिका सभापति भरतबहादुर खड्का अनुभवी सांसद हुन् ।

खड्का भने अरू समितिको तुलनामा लेखा समितिलाई चलायमान बनाएको दाबी गर्छन् । समितिको बैठक नै एक महिनाको अन्तरमा मंगलबार बस्यो । यसअघि २६ असारमा बैठक बसेको थियो । खड्काका अनुसार जेन-जी आन्दोलनका क्रममा आगलागीबाट नोक्सान भएको भौतिक संरचनाको क्षतिको रकमका विषयमा अर्थमन्त्री र अर्थ सचिवलाई बोलाएर मंगलबार बैठक राखिएको थियो ।

सार्वजनिक लेखा समितिको मुख्य जिम्मेवारी सार्वजनिक खर्च, सरकारी कोषको मितव्ययिता र महालेखा परीक्षकको प्रतिवेदनमा उल्लिखित बेरुजुको अध्ययन तथा छानबिन गर्नु हो । समितिले सरकारी निकायका कामकारबाहीको अनुगमन गरी आवश्यक निर्देशन, राय र सुझाव दिन सक्छ । सरकारलाई संसद्प्रति उत्तरदायी र सार्वजनिक खर्चलाई पारदर्शी तथा जवाफदेही बनाउन समितिको महत्त्वपूर्ण भूमिका हुन्छ । लेखा समितिले विगतमा वाइडबडी विमानजस्तो ठूलो अनियमिततामा छानबिन गरेको थियो । छानबिनपछि समितिले भ्रष्टाचारको बिगो र दोषीसमेत किटान गरेर मुद्दा चलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिएको थियो ।

पोखरा विमानस्थल, भैरहवा विमानस्थलजस्ता ठूला अनियमिततामा पनि सार्वजनिक लेखा समिति आफैंले छानबिन गरेर चर्चा कमाएको थियो । तर यस पटक लेखा समितिले बजेट संशोधन गरिएको विषयदेखि विद्युतीय सवारीसाधनको भन्सार/क्लियरेन्ससम्मका विषय सार्वजनिक रूपमा उठ्दा पनि गम्भीर छानबिन गरेन । विद्युतीय सवारीसाधनको भन्सार क्लियरेन्सका विषयमा सामान्य छलफल मात्र भयो ।

बजेटसम्बन्धी विधेयक राष्ट्रपतिबाट लालमोहर लागेर कार्यान्वयनमा आइसकेपछि प्रधानमन्त्री वालेन्द्र शाहले शिक्षा र स्वास्थ्यमा लगाइएको समता करमा फिर्ताको घोषणा फेसबुकमार्फत गरे । कानुनको विषय यसरी फेसबुक स्टाटसबाट फिर्ता लिन मिल्छ कि मिल्दैन भन्ने सार्वजनिक बहस छ । तर सार्वजनिक लेखा समितिले यसलाई पनि अनदेखा गऱ्यो ।

सभापति खड्का भने बजेट संशोधनका विषय प्रतिनिधिसभामा नै छलफलको विषय हुने भएकाले समितिमा छलफलमा ल्याउन सहज नभएको तर्क गर्छन् । 'पहिलाको जस्तो स्टन्ट गर्ने, झगडा गर्ने काम यस पटक नभएकाले समितिले काम नगरेको जस्तो लागेको हो । तर हामी शान्तपूर्ण रूपमा काम गरिरहेका छौं, १६ वर्षदेखि हुन नसकेको बेरुजु फछ्र्योटमा राज्यका सबै निकाय र अंगलाई क्रियाशील बनाएका छौं,' उनी भन्छन्, 'समितिमा सबै रास्वपाको बहुमत छ । २६ सदस्यीय लेखा समितिमा रास्वपाका मात्रै १५ जना सदस्य हुनुहुन्छ । उहाँहरू अनुपस्थित भइदिए बैठक बस्न सक्दैन । मैले फकाइफकाइ बैठक चलाइरहेको छु ।'

पत्रकार थापा लेखा समितिले बेरुजु फछ्र्योटको नियमित काममा मात्रै नभएर आर्थिक विसंगतिका हरेक विषय छानबिन गर्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'सरकार जवाफदेही छैन । नागरिक, समाज र मिडियाले उठाएका प्रश्नमा संसदीय समितिहरूले समेत सरोकार नराख्ने हो भने जवाफ खोज्न कहाँ जाने ?'

अर्को शक्तिशाली राज्य व्यवस्था समितिको अहिलेसम्म ६ वटा बैठक मात्र भएका छन् । समिति बैठकमा सामान्य अन्तरक्रिया र स्थलगत अनुगमन मात्रै सीमित छ । जबकि सरकारलाई स्वेच्छाचारी बाटोमा जान नदिन यस समितिको भूमिका हुन्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोगजस्ता निकाय यसको कार्यक्षेत्रभित्र पर्छन् । सरकारलाई निगरानी गर्ने, सुशासन कायम राख्ने, शान्ति सुरक्षा सुनिश्चित गर्ने र कानुनी शासन स्थापना गर्ने कार्यमा यो समितिको दायित्व जोडिएको हुन्छ ।

१० साउनमा सुनसरीमा दुई समुदायबीच उत्पन्न तनावका कारण दुई जिल्लामा सुरक्षाकर्मीको गोली लागेर चार जनाको मृत्यु भयो । राज्य व्यवस्था समितिका सदस्यसमेत रहेका रास्वपा सांसद अमरेश सिंह सुनसरी घटनालाई लिएर सरकारलाई जवाफदेही बनाउन नसक्नु राज्य व्यवस्था समितिको ठूलो कमजोरी भएको स्वीकार गर्छन् । 'यत्रो ठूलो घटनामा राज्य व्यवस्था समिति कतै देखिएको छैन । प्रधानमन्त्री वा गृहमन्त्रीलाई उपस्थित गराएर छलफल नगर्नु राज्य व्यवस्था समितिको कमजोरी भयो,' उनले भने ।

सिंह सबै संसदीय समितिहरूको कार्यशैलीमाथि नै प्रश्न गर्छन् । 'अहिले समितिहरू न सरकारको सहयोगी हुन सकेका छन्, न जनताको । समितिले गरिरहेको काममा छेउटुप्पो मिलेको देख्दिनँ,' उनले भने, 'अख्तियारका पदाधिकारीलाई बोलाएर सुशासनका विषयमा छलफल गर्नुपर्नेमा समिति आफैं अख्तियार गएर प्रमाण खोज्छ । राज्यका निकायलाई जवाफदेही बनाउने समिति अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थालाई समेत बोलाएर छलफल गर्न खोज्छ ।'

अघिल्लो प्रतिनिधिसभामा राज्य व्यवस्था समिति सभापति रहेका रामहरि खतिवडा अहिले प्रधानमन्त्री र मन्त्रीहरूलाई बोलाएर छलफल गर्नुपर्ने थुप्रै मुद्दा हुँदा पनि समितिले सक्रियता नबढाएको टिप्पणी गर्छन् । उनले आफू राज्य व्यवस्था समिति सभापति हुँदा तत्कालीन प्रधानमन्त्रीहरू केपी शर्मा ओली र पुष्पकमल दाहाललाई समितिमा बोलाएर छलफल गराएको सुनाए । 'तर अहिले प्रधानमन्त्री, गृहमन्त्रीलगायत माथि प्रश्न उठिरहेको छ । उनीहरूलाई जवाफदेही बनाउन समितिहरूले सकेका छैनन् । प्रतिनिधिसभा र सांसदहरू नै कार्यकारीको छायाजस्ता देखिएका छन् ।'

सार्वजनिक सरोकारका विषयमा प्रधानमन्त्रीसँग समेत जवाफ लिने विगतको अभ्यास छ । संविधान जारी भएयता मात्र केपी शर्मा ओली प्रधानमन्त्री छँदा तीन पटक संसदीय समितिको बैठकमा गएका थिए । प्रधानमन्त्रीको हैसियतमा पुष्पकमल दाहाल पनि दुई पटक संसदीय समितिको बैठकमा गएका थिए ।

संसद् सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङ सरकारलाई संसद्प्रति विश्वास नभएकै कारण समिति र सांसदहरू निरीह भइरहेको टिप्पणी गर्छन् । कतिपय समितिले कर्मचारी र सुरक्षा निकायका अधिकारीलाई बोलाएर प्रश्न गर्ने गरे पनि राजनीतिक नेतृत्वलाई बोलाएर जवाफ माग्न नसकेको उनको भनाइ छ । 'सांसदले सेनाको क्याप्टेन वा कुनै विभागका महानिर्देशकलाई सडकमै हप्काउँछन् । मन्त्रीहरू खुट्टा भाँच्ने कुरा गर्छन् । तर त्यस्ता व्यक्तिलाई जवाफदेही बनाउन समितिमा छलफल हुन सक्दैन,' उनले भने, 'सभामुख नै सरकारलाई रुलिङ गर्न नसक्ने अवस्थामा रहेपछि संसदीय समिति कसरी प्रभावकारी हुन सक्छन् र ?'

गुरुङको विश्लेषणमा सरकारले संसद् र संसद्को प्रक्रियालाई प्राथमिकतामा राखेको छैन । 'प्रतिनिधिसभाको अभिभावक सभामुख हो । तर संविधान र नियमावलीअनुसार प्राप्त अधिकार प्रयोग गर्न नसक्ने अवस्थामा सभामुख देखिन्छन् । सरकारको पनि संसद्प्रति विश्वास देखिँदैन । प्रधानमन्त्रीले संसद्मा आएर जवाफ नदिएको दुई महिनाभन्दा बढी भइसक्यो । तराई-मधेश क्षेत्रमा साम्प्रदायिक झगडाले निम्त्याएको घटनामा प्रधानमन्त्रीले संसद्मार्फत सम्बोधन गर्नुपर्ने थियो । संसद् चलेका बेला अन्यत्रबाट सम्बोधन गर्ने होइन,' उनी भन्छन्, 'सरकारलाई संसद्प्रति जवाफदेही बनाउने काम प्रतिपक्षको मात्रै होइन, सत्तापक्षले पनि गर्नुपर्छ ।'

अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति भूराजनीतिक मामलाका विषयमा आवश्यक नीति र सुझाव दिन सक्ने महत्त्वपूर्ण समिति हो । सरकारको परराष्ट्र नीति, छिमेकीसँगको सम्बन्ध र भूराजनीतिक सन्तुलनमाथि यसले साझा धारणा बनाउने दिशामा नीतिगत बहस चलाउन सक्छ । अहिलेको क्षेत्रीय तनाव, छिमेकी मुलुकसँगको कूटनीतिक सन्तुलन र अन्तर्राष्ट्रिय मञ्चमा नेपालले लिनुपर्ने अडानका विषयमा समेत आवश्यक नीति बनाउन समिति सक्रिय हुनुपर्ने हो । समितिले अहिलेसम्म गरेका ११ बैठकका मुख्य उपलब्धि नै समिति सभापतिमा निर्वाचित भएपछि सुम्निमा उदासले रुसका राजदूतलाई ६ जुलाई, जर्मनीका राजदूतलाई ५ मे र फ्रान्सका राजदूतलाई २८ अप्रिलमा गरेको भेट मुख्य छ ।

समिति सभापति उदासले समितिमा पर्यटन र अभौतिक सम्पदासम्बन्धी विधेयकमा छलफल भइरहेको बताइन् । त्यसअघि पर्यटन र परराष्ट्र मन्त्रालयअन्तर्गतको क्षेत्रमा छलफल गरिएको उनको भनाइ छ । परराष्ट्र नीति बनाउने सवालमा समितिले उपसमिति गठन गरेर काम गरिरहेको उनले जानकारी दिइन् ।

प्रधानमन्त्रीले भारतले मात्रै नभएर नेपालले पनि भारतको जमिन मिचेको छ भनी संसद्मा दिएको अभिव्यक्तिले राष्ट्र नै तातेका बेला किन छलफल नगरेको भन्ने प्रश्नमा उनले त्यही विषयलाई एजेन्डा बनाएर बैठक नराखिए पनि परराष्ट्रमन्त्रीले समितिमा आएर जवाफ दिएको बताइन् । 'भारत र चीन भ्रमणबारे जानकारी दिन समितिमा आउँदा परराष्ट्रमन्त्रीले त्यसबारे जानकारी दिनुभएको छ,' उनले भनिन् ।

अर्थ समितिले नेपाल राष्ट्र बैंक ऐन संशोधन विधेयकमा दफावार छलफल गरिरहेको छ । समितिले अहिलेसम्म २२ बैठक राखेको छ । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले फोरेन्सिक ल्याबसम्बन्धी विधेयकमा काम गरिरहेको छ । यस समितिको अहिलेसम्म १३ वटा बैठक बसेको छ । बैठकमा शिक्षा, स्वास्थ्य र सूचना प्रविधिसँग जोडिएका तत्कालीन प्रश्नमा छलफल भए पनि लामो समयदेखि रोकिएको शिक्षा विधेयकमाथि यो समिति गम्भीर देखिँदैन । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठक १३ पटक बसेको छ । तर, जनताको दैनिक सरोकारका विषयमा छलफल गरेर सरकारलाई उत्तरदायी बनाउन सकेको छैन । बजारमा देखिएको ग्यासको कृत्रिम अभाव, बजार मूल्य अस्थिर, निजी क्षेत्रमा देखिएको त्रास र अन्योल यो समितिका लागि छलफलका विषय बनेका छैनन् ।

पूर्वाधार विकास समितिले ६ वटा बैठक गरेको छ । तर राजमार्गको दयनीय अवस्था, आमनागरिकले पाइरहेको सास्ती, राजमार्ग निर्माणमा भइरहेको ढिलासुस्तीजस्ता विषयमा छलफल भएका छन् । स्थलगत अनुगमनका क्रममा पूर्वाधार विकासमन्त्रीले निर्माण व्यवसायीका प्रतिनिधिलाई खुट्टा भाँचिदिनू भनेर विवादास्पद अभिव्यक्ति दिएका थिए । यसले कानुनी प्रणालीमाथि नै प्रश्न उठाएको थियो । तर यो विषयलाई समितिले छलफलमै ल्याएन ।

पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेल पूर्वाधार विकास योजना, खानेपानी, ऊर्जा, सडक, प्रसारण लाइनलगायत विषयमा समितिले छलफल मात्रै नगरेर सरकारलाई निर्देशनसमेत दिएको बताए । 'मूल्यवृद्धिको समायोजन, सडक सुरक्षा विधेयक, सडक दुर्घटनालगायत मुद्दामा हामीले छलफल गरेका छौं । सरकारलाई दिएका निर्देशनको कार्यान्वयनबारे फलोअपसमेत गर्दै आएका छौं,' उनले भने ।

संसदीय सुनुवाइ समिति अन्य विषयगत समितिभन्दा फरक प्रकृतिको छ । प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी र राजदूतमा संवैधानिक परिषद्बाट सिफारिस भएका उम्मेदवारको संसदीय सुनुवाइ गर्ने संवैधानिक जिम्मेवारी यस समितिको हो, जुन उसले पूरा गर्दै आइरहेको छ ।

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिलाई संविधानले निर्दिष्ट गरेका राज्यका नीति तथा दायित्व सरकारबाट कार्यान्वयन भए-नभएको अनुगमन गर्ने जिम्मेवारी छ । यसले अहिलेसम्म तीन पटक मात्र बैठक गरेको छ ।

कृषि तथा प्राकृतिक स्रोत समितिले कृषि उत्पादन, मल, किसानका समस्या, वन तथा प्राकृतिक स्रोत व्यवस्थापनसँग सम्बन्धित विषयमा मन्त्रालय र सरोकारवालासँग छलफल गर्ने गरेको छ । समितिले अहिलेसम्म १० वटा बैठक राखेको छ । १३ जेठको बैठकमा रासायनिक मलका विषयमा मन्त्रालयका सचिवसहितको टोलीसँग छलफल भएको थियो तर समितिले मन्त्रीलाई बैठकमा उपस्थित गराउन सकेन ।

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक, सामाजिक सुरक्षा र सीमान्तकृत समुदायसँग सम्बन्धित विषयमा छलफल तथा सरकारी निकायको जवाफदेहितामाथि काम गर्ने महिला तथा सामाजिक मामिला समितिको बैठक १४ पटक बसेको छ ।

पूर्वमहासचिव गुरुङ यस पटक संसदीय समितिहरू ठूलो अलमलमा रहेको बताउँछन् । समितिले कर्मचारीलाई बोलाएर गाली गर्नुभन्दा नीतिगत र कानुनी समस्या पहिचान गरी विज्ञसँग छलफल गरेर सरकारलाई स्पष्ट निर्देशन दिन समितिहरूको ध्यान नपुगेको उनको भनाइ छ । 'ठूला आयोजना, बजेट कार्यान्वयन र सरकारी कामकारबाहीमा समस्या कहाँ छ भन्नेमा समितिले गहन अध्ययन गर्नुपर्ने हो,' उनले भने, 'तर हुन सकिरहेको छैन ।'

पत्रकार थापा सरकारमाथि उठेका प्रश्नहरूमा संसदीय समितिहरूले छलफल गर्न रुचि नदेखाउनुका पछि सत्ताको छाया परेको हुन सक्ने बताउँछन् । 'मुख्य बहस गर्ने र काम गर्ने थलो संसदीय समितिहरू हुन्, मूल हाउस (प्रतिनिधिसभा) त प्रदर्शन गर्ने थलो मात्रै हो,' उनले भने, 'नयाँ जनादेशपछि संसदीय समितिहरू जसरी चलायमान हुन्छन् भनेर सोचिएको थियो, त्यसअनुरूप काम हुन सकिरहेको छैन ।'

कानुन, न्याय तथा मानवअधिकार समितिकी सभापति समीक्षा बाँस्कोटा समिति नै सरकारको सहयोगी भयो भन्ने भाष्य सही नभएको तर्क गर्छिन् । 'समितिमा सत्तापक्षका सदस्य धेरै हुँदैमा समितिको काम सरकारको पक्षमा हुँदैन,' उनले भनिन्, 'कसैलाई सरकारको सहयोगी भयो भन्ने लाग्ला, सरकारलाई हामीलाई मात्रै बोलाए हुनेमा अरू संस्थाहरूलाई किन बोलाएको भन्ने लाग्ला । हामीले सरकारलाई जिम्मेवार बनाउने हो ।'

२० साउनको बैठकमा क्षेत्राधिकारबाहिर गएर छलफल गरिएको भन्ने मान्न पनि सभापति बाँस्कोटा तयार छैनन् । 'संसदीय समिति आफैंमा मिनी पार्लियामेन्ट भएकाले आफ्नो कार्यक्षेत्राधिकारभित्रका विषयमा सम्बन्धित पक्षलाई बोलाएर तथ्य बुझ्ने र आवश्यक निर्देशन दिने अधिकार समितिलाई छ,' उनले भनिन्, 'हामीले स्वतन्त्र न्यायपालिकाका विषयमा चार घण्टा छलफल गरेका छौं । यो हाम्रो क्षेत्राधिकारभन्दा बाहिरको कुरा होइन ।' बैठकमा तीन अन्तर्राष्ट्रिय संस्थालाई पनि बोलाइएको तर उनीहरूका प्रतिनिधि उपस्थित भएनन् ।

# पत्रकार श्रेष्ठ पक्राउ, वैयक्तिक गोपनीयता हनन...

हाल उनलाई जिल्ला प्रहरी परिसर काठमाडौंकै हिरासतमा राखिएको छ । बिहीबार अदालतमा उपस्थित गराउने तयारी छ ।

श्रेष्ठविरुद्ध उपसभामुख रुबि कुमारीले पनि बुधबार प्रेस काउन्सिलमा उजुरी दिएकी थिइन् । जनआस्थाबाट प्रकाशित 'सुध्रिनुस् म्याडम, अझै समय छ' शीर्षकको समाचारमा आफ्नो तस्बिरसमेत जोडेर आपत्तिजनक थम्बनेल राखेको भन्दै उनले उजुरी दिएकी थिइन् । 'उक्त सामग्रीमा तथ्य, प्रमाण र विश्वसनीय स्रोतबिना भ्रामक, आधारहीन तथा मेरो व्यक्तिगत पद, प्रतिष्ठा, चरित्र र सामाजिक मर्यादामा आँच पुऱ्याउने किसिमका विषयवस्तु सम्प्रेषण गरिएको देखिन्छ,' उनले भनेकी छन्, 'यस प्रकारको सामग्रीले मेरो सार्वजनिक प्रतिष्ठामा गम्भीर क्षति पुऱ्याउनुका साथै मानसिक तनाव तथा सामाजिक रूपमा समेत नकारात्मक असर सिर्जना गरेको छ ।'

उजुरीमा सामग्रीको भाषा, प्रस्तुति तथा प्रभावबाट कुनै व्यक्तिलाई आत्महानि वा आत्महत्या गर्न दुरुत्साहन, उक्साहट हुने अवस्था सिर्जना भएको देखिएमा त्यस कोणबाट समेत गम्भीरतापूर्वक छानबिन गरी आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकायलाई पठाइदिन भनिएको थियो । प्रहरीले चाहिँ हाल एउटा मात्र उजुरी रहेको भन्दै थप व्यक्तिहरूसँग समेत समन्वय भइरहेको बताएको छ ।


**PROCUREMENT NOTICE**

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Nepal is soliciting quotations from interested organisations/firms/companies to provide the following goods:

| | |
|---|---|
| **Reference No.:** | Request for Quotations – **UNDP/RFQ/35/2026 (UNDP-NPL-00709)** |
| **Project/Agency:** | Protecting livelihoods & assets at risk from Glacial Lake Outburst Floods (GLOF) |
| **Purpose:** | Supply and Delivery of 3 units of Electric Sports Utility Vehicles (SUVs) |
| **Deadline for bid submission:** | **25 August 2026, 5:00 PM Nepal Time** |
| **Weblink:** | https://www.undp.org/nepal/procurement |
| **Who can apply:** | National/International organisations/firms/companies |
| **How to apply:** | As per the instructions in the detailed bidding document. |

# नेपाली क्रिकेटलाई नयाँ उचाइमा पुर्‍याउने अवसर छ : कप्तान सन्दीप

## विश्व क्रिकेट लिग डिभिजन-२ का बाँकी चार खेल जित्ने हो भने एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगिने सन्दीपको भनाइ

**सुबास रोकाय** (काठमाडौं)



एसीसी प्रिमियर कप जतिबेला सुरु हुनेछ, त्यसमा उत्रने नेपाली राष्ट्रिय क्रिकेट टोली फरक रहनेछ। यही प्रतियोगितालाई लिएर क्यानले १४ सदस्यीय टोली घोषणा गरिसकेको छ। यसअघि खेलेको राष्ट्रिय टिमका ६ खेलाडी त्यसमा हुने छैनन्। अझ त्यसमध्ये सबैभन्दा ठूलो परिवर्तनमा सन्दीप लामिछानेलाई फेरि एकपल्ट कप्तानी जिम्मेवरी सुम्पिएको छ। रोहित पौडेलले कप्तानी गुमाएका छन्।

नेपालले यसअघि आईसीसी वर्ल्ड क्रिकेट लिग डिभिजन-२ खेल्न नेदरल्यान्ड्स गएको थियो। त्यहाँ नेपाल सबै खेलमा पराजित रहेको थियो। खासमा एकदिवसीय क्रिकेटमा नेपालको खराब प्रदर्शनको क्रम यो मात्रै थिएन। किन हो, ५० ओभरका क्रिकेट भनेपछि नेपालको प्रदर्शन फितलो हुन्थ्यो, विशेषतः ब्याटबाट। नेपाली टिमले गतिलो स्कोर खडा गर्न नसकेको लामै समय भइसकेको छ।

यस्तोमा सबैको अनुमान थियो, नेपाली टिममा केही परिवर्तन हुनेछ, किनभने यो आवश्यक पनि थियो। प्रतियोगिता ३० अगस्टदेखि १२ सेप्टेम्बरसम्म मलेसियामा हुँदै छ। यो प्रतियोगिता आफैंमा कति धेरै महत्त्वपूर्ण छ भने सन् २०२७ को एसिया कपको छनोट नै यसै प्रतियोगिताबाट हुनेछ। यसमा कुल १० टिमको सहभागिता छ र तिनीहरूलाई दुई समूहमा विभाजन गरिएको छ।

समूहमा सबैभन्दा पहिलो लिग चरणको आधारमा खेल हुनेछ। प्रत्येक समूहको शीर्ष दुई स्थानमा रहने टिमले सेमिफाइनल यात्रा तय गर्नेछ। नेपाल समूह 'ए' मा छ। समूहका अन्य टिममा बहराइन, मलेसिया, साउदी अरेबिया र हङकङ छन्। नेपाल अहिले यसकै तयारीमा छ। सबैभन्दा पहिले सन्दीपमाथि चुनौतीको चाङ थपिएको छ। कप्तानीमा उनको पुनरागमनको यो अवसर सहज स्थितिमा पनि रहने छैन।

डिभिजन-२ मा चार खेलमात्र बाँकी छँदा नेपालसामु आफ्नो एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगाउने चुनौती पनि छ। ठीक यही बेला प्रिमियर कपको माध्यमबाट दोस्रो पटक एसिया कप पुग्ने लक्ष्य उत्तिकै महत्त्वपूर्ण हुनेछ। नवनियुक्त कप्तान सन्दीप यी सबै परिस्थितिलाई चुनौतीभन्दा पनि अवसरका रूपमा लिन्छन्। उनी नेपाली क्रिकेटलाई अझ नयाँ उचाइमा पुर्‍याउने अवसर हो भन्छन्। यसै पृष्ठभूमिमा पुनः कप्तानी अवसर पाएका सन्दीपले बुधबार कान्तिपुरसँगको कुराकानीमा भने, 'मेरा लागि यो अवसर नै हो। अहिले सबैभन्दा महत्त्वपूर्ण कुरा टिमलाई कसरी अगाडि बढाउने भन्ने नै छ। कप्तान भएको नाताले ममाथि धेरै जिम्मेवारी हुनेछ। टिम सम्हाल्ने मात्र होइन, टिमलाई कसरी एकजुट राखेर अगाडि बढाउने भन्ने कुरा मुख्य हो। रोहित दाइले जुन उदाहरण छाडेर जानुभएको छ, त्यसलाई अगाडि बढाउनु छ।'

उनी भन्छन्, 'हामीले एकदिवसीय क्रिकेट किन महत्त्वपूर्ण छ भनेर देखाउन आफ्नो प्रदर्शनमा एकरूपता ल्याउन आवश्यक छ। डिजिभन-२ मा चार खेलमात्र बाँकी छ। यही बेला हामी एसिया कप छनोट पनि खेल्दै छौं। यी सबै सबै नेपाली टोलीका लागि निकै महत्त्वपूर्ण छ। यी दुवैमा हाम्रा लागि अहिले जितबाहेक अरू कुनै विकल्प छैन। त्यसैले आफ्नो स्थानबाट योगदान दिनुपर्नेछ।'

डिभिजन-२ का बाँकी चार खेल जित्ने हो भने एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगिने उनको भनाइ छ। उनले भने, 'हामी एक-एक पाइला गरेर अगाडि सर्नुपर्ने हुन्छ। त्यसपछि हाम्रा लागि जस्तो प्रकारको चुनौती तयार हुन्छ, त्यसका लागि तयार हुनुपर्छ।'

पछिल्लो समय नेपालले जहाँ खेलेको छ, त्यो टिमका लागि अनुकूल स्थिति नरहेको उनी मान्छन्। पछिल्ला सिरिजमा नतिजा मात्र नआएको तर सक्दो प्रयास भएको उनको भनाइ छ।

सन्दीप प्रिमियर कपमा राम्रो नतिजा आउनेमा विश्वस्त छन्। अझ उनी नेपाल एसिया कपकै लागि छनोट हुने दाबी गर्छन्। उनी भन्छन्, 'यसका लागि हामीले राम्रो खेल्नुपर्नेछ, अनुकूल नतिजा निकाल्न सक्नुपर्छ। ठोस योजनासहित खेल्नुपर्नेछ। पछिल्ला खराब नतिजा सबै खेलाडीको मनमा छँदै छ, त्यसैले राम्रो खेल्न प्रेरित रहनेछ। हामीसामु नतिजाबाट आफूलाई प्रमाणित गर्नुबाहेक अर्को विकल्प नै छैन।'

यससँगै ब्याट र बल दुवैबाट उनीमाथि आफ्नो प्रदर्शन सुधार्ने चुनौती पनि हुनेछ। यसलाई लिएर सन्दीप भन्छन्, 'मलाई एकै खेलले कोही खेलाडीको लय यस्तै हुन्छ भन्ने लाग्दैन। सबैभन्दा ठूलो खेलाडीले एकनासको प्रदर्शन गर्न सक्नुपर्छ। अबका खेलमा मेरो प्रदर्शन पक्कै पनि महत्त्वपूर्ण हुनेछ।'

सन्दीप टिममा परेका नयाँ खेलाडीबाट पनि राम्रो प्रदर्शनको आस राख्छन्, तर यसका लागि उनीहरूमाथि दबाब सिर्जना गर्ने पक्षमा उनी हुने छैनन्। उनी नयाँ खेलाडीलाई रमाएर खेल्न सुझाउँछन्।

उनले रोहितको प्रशंसा गर्दै भने, 'रोहित दाइको कप्तानीबारे भनिरहनु आवश्यक छैन। उहाँले जुन परिस्थितिमा टिमलाई अगाडि बढाउनुभयो, त्यसलाई मान्नुपर्छ। नेपाली टिम भताभुङ रहेका बेला उनले जसरी टिम सम्हालेर एकजुट गर्नुभयो त्यो ठूलो कुरा हो। उहाँमा शान्तपन छ, ख्यालठट्टा गरिरहने बानी छ। कप्तान त्यसै बनिँदैन, उहाँ कस्तो हुनुहुन्छ, त्यो धेरै पटक खेलले नै प्रमाणित गरेको छ। उहाँ वास्तवमै उत्कृष्ट कप्तान हुनुहुन्छ।'

# रिहाना र नीता सेमिफाइनलमा




**प्रतिस्पर्धाका क्रममा एपीएफकी रिहाना शेरचन।** **तस्बिर** : कान्तिपुर

**कान्तिपुर संवाददाता** (काठमाडौं)

एपीएफका क्षितिज खनाल, पिस फिटनेसका विष्णु कटुवाल र आर्मीका प्रफुल महर्जन बुधबार लिनिङ चौधौं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टनको सेमिफाइनलमा पुगेका छन्। शीर्ष आठ वरीयताका पुरुष एकलतर्फ समूह 'ए' क्षितिजले दोस्रो जित हात पार्दै सेमिफाइनलमा स्थान बनाए। क्षितिजले बुधबार नेपाल पुलिस क्लबका जीवन आचार्यलाई २१-१३, २३-२१ ले हराए। क्षितिजले पहिलो खेलमा नेपालका नम्बर एक प्रिन्स दाहाललाई हराएका थिए।

एपीएफका प्रिन्सले बुधबार पुलिसका सुनिल जोशीमाथि २१-१४, २१-१९ को जित निकाले। यस समूहमा प्रिन्स र सुनिलले एक-एक जित पाएका छन्। सेट जितको आधारमा प्रिन्स सुनिलभन्दा अगाडि छन्। सुनिलले पहिलो खेलमा पुलिसकै जीवनलाई हराएका थिए।

समूह 'बी' मा विष्णु र प्रफुलले सेमिफाइनलमा स्थान बनाएका हुन्। आफ्नो दोस्रो खेलमा विष्णुले पुलिसका दीपक बोहरालाई २१-१७, २१-१७ ले हराए। प्रफुलले पनि एपीएफका देवराज रानालाई प्रतिस्पर्धात्मक सेटमा २१-१९, ११-२१, २१-१९ ले पन्छाए। प्रफुल सेट जितका आधारमा दोस्रो स्थानमा रहे। शुक्रबार लिगको अन्तिम खेल हुनेछ।

महिला शीर्ष आठ वरीयतातर्फ समूह 'बी' मा तीनमा दुई खेलमा जित्दै एपीएफकी रिहाना शेरचन र पुलिसकी नीता लम्साल सेमिफाइनलमा पुगेका छन्। सेट जितका आधारमा रिहाना अगाडि छिन्। समूह विजेताको टुंगो बिहीबारको खेलबाट हुनेछ।

समूह 'ए' मा नेपालकी नम्बर एक आर्मीकी रसिला महर्जन र पुलिसकी शेष्णा श्रीपालीको समान एक जित पाएका छन्। यस समूहबाट सेमिफाइनल पुग्नेको टुंगो लिगको अन्तिम खेलपछि हुनेछ। बुधबार शेष्णाले आर्मीकी अनुमाया राईलाई १७-२१, २१-११, २१-१३ ले हराइन्। पहिलो खेलमा शेष्णा उनै रसिलासँग पराजित भएकी थिइन्।

यल स्पोर्टस एकेडेमीको कभर्डहलमा भइरहेको प्रतियोगिताको गर्ल्स यू-१९ सिंगलतर्फ कस्तुरी कलेजकी अन्जिला राई, चितवनकी सुष्मा भुजेल, एपीएफका प्रिन्सा श्रेष्ठ र अजरेन्का शेरचन, धादिङकी निष्ठा श्रेष्ठ, एपीएफकी स्वर्लिन श्रेष्ठ, एसबीएकी सविज्ञा दाहाल, एपिएफकी आश्रुति कार्की, आर्मीकी समृद्धि श्रेष्ठ र फिट नेपालकी श्रीषा पौडेल अन्तिम १६ मा पुगेकी छन्। ब्वाइज यू-१९ मा पुलिसका कविर केसी र आर्मीका प्रतीक विष्ट विजयी भएका छन्। कविरले धन्यन्तरीका सुहम कार्कीलाई २१-१९, २१-१९ ले र प्रतीकले धादिङका आयुष मगरलाई २१-१०, २१-९ ले पराजित गरेका हुन्। आर्मीका सौर्य महर्जनले पुलिसका रितिक आचार्यलाई २१-१०, २१-९ ले पराजित गरे।

# फिफाको प्रतिबन्धपछि धरानमा प्रशिक्षणरत ३० किशोरको भविष्य अन्योल






**एन्फा टेक्निकल सेन्टर धरानमा प्रशिक्षण लिइरहेका किशोर खेलाडी (माथि)। एन्फा टेक्निकल सेन्टर भवन।** **तस्बिर** : **अर्जुन**/कान्तिपुर

**अर्जुन सुवेदी** (सुनसरी)

बिहानको घाम चर्किनुअघि नै धरानस्थित एन्फा टेक्निकल सेन्टरको मैदानमा ३० किशोर खेलाडी दौडिरहेका हुन्छन्। कसैले बल नियन्त्रण गरिरहेका हुन्छन्, कसैले गोलपोस्टतिर प्रहार। प्रशिक्षकको सिटी बज्दा खेलाडीहरू फेरि दौडिन्छन्। मैदानमा उनीहरूको गति उस्तै छ, तर मनमा एउटा प्रश्न थपिएको छ, अबको बाटो कहाँसम्म ?

राष्ट्रिय टोलीको जर्सी लगाउने सपना बोकेर यहाँ प्रशिक्षण गरिरहेका यी किशोरहरूका लागि नेपाली फुटबलको ठूलो समस्या अहिले मैदानमा देखिएको छैन। समस्या मैदानबाहिर छ।

अखिल नेपाल फुटबल संघ (एन्फा) माथि अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) ले लगाएको निलम्बन लम्बिँदै गए त्यसको असर उनीहरूले प्रशिक्षण गर्ने मैदान, खाने खाना, पाउने खेल सामग्रीदेखि नयाँ खेलाडी छनोट र अन्तर्राष्ट्रिय एक्सपोजरसम्म पुग्ने जोखिम देखिएको छ। अहिले धरानको टेक्निकल सेन्टर चलिरहेको छ। प्रशिक्षण रोकिएको छैन। खेलाडीको आवासीय व्यवस्था पनि यथावत् छ। तर यसको अर्थ समस्या छैन भन्ने होइन।

एन्फाको आर्थिक तथा प्राविधिक संरचनामा निर्भर रहेको यो केन्द स्थानीय र प्रदेश सरकारको सीमित सहयोगका भरमा कति समय धान्न सकिन्छ भन्ने प्रश्न उठेको छ। 'अहिले नै प्रशिक्षण बन्द गर्नुपर्ने अवस्था छैन,' टेक्निकल सेन्टर व्यवस्थापन समितिका अध्यक्ष किशोर राईले भने, 'तर प्रतिबन्ध लम्बिँदै गयो भने यसको असर प्रत्यक्ष रूपमा पर्न सक्छ।' राईका अनुसार धरानको अवस्था अन्य केही एकेडेमीको तुलनामा सहज छ। स्थानीय तह र कोशी प्रदेश सरकारले केही बजेट छुट्याएका कारण तत्काल सञ्चालनमा ठूलो समस्या देखिएको छैन। तर एन्फाबाट आउने नियमित सहयोग र विकास कार्यक्रम प्रभावित भए त्यसको दीर्घकालीन असर रोक्न कठिन हुने उनको भनाइ छ।

धरानको टेक्निकल सेन्टरमा जिल्ला, प्रदेश र केन्द्रस्तरको छनोट पार गरेर आएका ३० किशोरले २०८१ जेठ १५ देखि आवासीय रूपमा प्रशिक्षण लिइरहेका छन्। उनीहरूको दिन मैदानमा मात्रै बित्दैन। बिहान र बेलुका फुटबल प्रशिक्षण हुन्छ। दिउँसो विद्यालय तथा कलेज जान्छन्। खेलाडीलाई प्रशिक्षण गराएर मात्र एकेडेमी चल्दैन। खानपान, शिक्षा, पोसाक, खेल सामग्री, प्रशिक्षक र आवासीय व्यवस्थापनका लागि निरन्तर खर्च चाहिन्छ। एकेडेमीका इन्चार्ज गोपाल कार्कीका अनुसार खेलाडी र कर्मचारीको व्यवस्थापनमा मासिक करिब १ लाख २५ हजार रुपैयाँ खर्च हुन्छ। प्रशिक्षकसहित ९ कर्मचारी रहेको केन्द्रमा खेलाडीको खानामा मात्रै वार्षिक करिब ५४ लाख रुपैयाँ खर्च हुने उनले बताए। 'हामी हरेक दिन फरक-फरक मेनु बनाएर पोषणयुक्त खाना र नास्ता खुवाउँछौं,' कार्कीले भने, 'शिक्षण शुल्कदेखि पोसाक र खेल सामग्रीसम्म व्यवस्थापन गर्नुपर्छ।'

खर्चको ठूलो हिस्सा खानामा मात्रै जाने भए पनि एन्फाबाट आउने रकम सीमित छ। कार्कीका अनुसार एकेडेमी सञ्चालनमा एन्फाले वार्षिक २६ लाख ४० हजार रुपैयाँ उपलब्ध गराउँदै आएको छ। उक्त रकम पर्याप्त नभएपछि थप १० लाख रुपैयाँ माग गरिएको थियो। तर, एन्फा निलम्बनमा परेपछि थप रकमको प्रक्रिया रोकिएको उनले बताए। 'अहिले सबै कुरा जसोतसो चलिरहेको छ,' कार्कीले भने, 'तर प्रतिबन्ध लम्बियो र स्रोतमा समस्या आयो भने सबैभन्दा पहिले नियमित सेवा र खेलाडीको सुविधामा असर पर्न सक्छ।' उनले सम्भावित जोखिमतर्फ संकेत गर्दै भने, 'अहिले चना, अण्डालगायत पोषणयुक्त खाना खुवाइरहेका छौं। तर अवस्था बिग्रियो भने चिया-बिस्कुटमै सीमित हुनुपर्ने अवस्था आउँदैन भन्न सकिन्न।'

टेक्निकल सेन्टरका प्रशिक्षक हेम गुरुङका अनुसार यो केवल बजेटको प्रश्न होइन। यहाँ प्रशिक्षण गरिरहेका किशोरको भविष्यसँग जोडिएको विषय हो। 'यी खेलाडीहरू राष्ट्रिय टोलीको जर्सी लगाउने सपना लिएर प्रशिक्षण गरिरहेका छन्,' उनले भने, 'एन्फा र फिफाबीचको विवादले नेपाली फुटबलको विकास प्रणाली नै प्रभावित भयो भने यसको असर अहिलेभन्दा केही वर्षपछि देखिन सक्छ।'

फिफाको विकास कार्यक्रमअन्तर्गत स्थापित प्राविधिक केन्द्रहरू खेलाडी उत्पादनको आधारभूत संरचना हुन्। यस्ता केन्द्रमा प्रशिक्षण मात्र हुँदैन। प्रतिभा छनोट, प्रशिक्षकको क्षमता विकास, खेल सामग्री, प्रतियोगिता र अन्तर्राष्ट्रिय अवसरको बाटोसमेत यही संरचनासँग जोडिन्छ। धरानको टेक्निकल सेन्टर फिफाको 'गोल परियोजना'अन्तर्गत स्थापना भएको हो। सहायक प्रशिक्षक आशिष कार्कीले अहिले प्रशिक्षण नियमित भए पनि प्रतिबन्ध लम्बिँदै गए नयाँ खेलाडी छनोट, प्रशिक्षक तालिम, अन्तर्राष्ट्रिय एक्सपोजर र विकास कार्यक्रम प्रभावित हुनसक्ने बताए। यसको मानसिक असर खेलाडीमा पनि पर्न थालेको उनको भनाइ छ। टेक्निकल सेन्टरका खेलाडी करुण थापाका लागि धरानको यो मैदान केवल प्रशिक्षण गर्ने ठाउँ होइन। राष्ट्रिय टोलीसम्म पुग्ने सपना सुरु भएको ठाउँ हो। 'हामी राष्ट्रिय खेलाडी बन्ने सपना लिएर आएका हौं,' उनले भने, 'प्रतिबन्ध लामो समय रह्यो भने हाम्रो सपना के हुन्छ भन्ने चिन्ता लाग्न थालेको छ।'

अर्का खेलाडी अनिश गुप्ताको चिन्ता पनि उस्तै छ। 'धरानबाट जिल्ला, प्रदेश हुँदै राष्ट्रिय टोलीसम्म पुग्ने बाटो कमजोर भयो भने हामीजस्ता खेलाडीको अवसर घट्छ,' उनले भने। यही चिन्ता नेपाली फुटबलको दीर्घकालीन विकाससँग जोडिएको टेक्निकल सेन्टरका अध्यक्ष राई बताउँछन्। राष्ट्रिय टोलीमा खेलाडी अचानक तयार हुँदैनन्। उनीहरू विद्यालय, जिल्ला, प्रदेश हुँदै प्राविधिक केन्द्र र एकेडेमीबाट विकसित हुन्छन्। त्यसैले राष्ट्रिय टोलीलाई बचाउने हो भने प्रतिभा उत्पादन गर्ने संरचना पनि बचाउनुपर्ने राईको भनाइ छ। एन्फा निलम्बनको प्रत्यक्ष असर तत्काल अन्तर्राष्ट्रिय प्रतियोगिता र राष्ट्रिय टोलीमा देखिन सक्छ। तर यसको कम देखिने असर धरानजस्ता प्राविधिक केन्द्रमा पर्न सक्छ। नियमित बजेट रोकियो, प्रशिक्षक विकास कार्यक्रम रोकिए, नयाँ प्रतिभा छनोट हुन छाड्यो र अन्तर्राष्ट्रिय एक्सपोजर घट्यो भने त्यसको परिणाम केही वर्षपछि मात्र देखिने र त्यतिबेला अहिले मैदानमा दौडिरहेका किशोरमध्ये कतिपय फुटबलबाटै बाहिरिइसकेका हुन सक्ने एन्फा कोशीका सह-महासचिव केशव कार्कीको भनाइ छ। टेक्निकल सेन्टरका अध्यक्ष राईका अनुसार अहिले नेपाली फुटबलको चुनौती अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताभन्दा ठूलो विषय बनेको छ। 'अन्तर्राष्ट्रिय प्रतियोगितामा अनुपस्थिति एउटा समस्या हो,' उनले भने, 'तर भावी पुस्ताको फुटबल विकासलाई जोगाउनु अझ ठूलो चुनौती हो।'

# आफू धेरै लामो समय खेलिरहनेमा मेसीको शंका



ब्युनस आयर्स (एएफपी)- अर्जेन्टिनाका सुपरस्टार लियोनल मेसीले बुधबार आफूले 'धेरै लामो समयसम्म' फुटबल खेलिरहने कि नरहने भन्नेमा गम्भीर शंका रहेको बताएका छन्।

विश्वकप २०२२ मा अर्जेन्टिनालाई विश्वकप उपाधि दिलाएका मेसीले यसपालिको विश्वकपमा टोलीलाई फाइनलसम्म पुर्‍याएका थिए।

'तपाईंविना म के गर्नेछु, मलाई थाहा छैन। कसरी अगाडि बढ्ने भन्ने पनि थाहा छैन। मैले त फुटबल मात्र खेल्दै आएको थिएँ, तर अब धेरै लामो समयसम्म यसरी खेलिरहने कि नरहने भन्नेमा मलाई गम्भीर शंका छ,' बुवा जोर्गे मेसीको निधनपछि विक्षिप्त बनेका ३९ वर्षीय मेसीले सामाजिक सञ्जालमा लेखेका छन्। उनका बुवा तथा एजेन्टसमेत रहेका जोर्गेको गत साता ६८ वर्षको उमेरमा निधन भएको थियो।

मेजर लिग सकर क्लब इन्टर मियामीसँग सन् २०२८ को सिजनको अन्त्यसम्म सम्झौतामा रहेका मेसीले उक्त सन्देशमा आफ्ना बुवाको जीवनका अन्तिम महिनाहरूको स्मरण गरेका छन्। ती महिनाहरू सन् २०२६ को विश्वकपसँगै बितेका थिए।

'मैले तपाईंलाई हामी फाइनलमा पुग्नेछौं र तपाईं आउन सक्नुहुनेछ भनेर बारम्बार भन्दै आएको थिएँ,' आइतबार भएको बुवाको अन्त्येष्टिपछि मंगलबार राति अमेरिका फर्किएका मेसीले भने, 'हामी फाइनलमा पुग्यौं, तर तपाईं त्यहाँ हुन सक्नुभएन। म त्यो जितेर तपाईंलाई समर्पण गर्न र अर्को उपाधि देखाउन चाहन्थें तर सकिनँ।'

'यस पटक मैले आफ्नो शारीरिक सीमाभन्दा पनि माथि गएर प्रयास गर्ने कोसिस गरें तर सकिनँ। मलाई कहिल्यै पनि ठीक महसुस भएन,' न्यु जर्सीमा भएको फाइनलमा स्पेनसँग १-० ले पराजित भएपछि पहिलो पटक प्रतिक्रिया दिँदै मेसीले भने।

मेसीले आफ्नो जीवन र करियरमा बुवाको महत्त्वपूर्ण भूमिकालाई पनि उल्लेख गरे। उनले भने, 'तपाईं बुवा, साथी र एजेन्ट हुनुहुन्थ्यो। हरेक क्षणमा मेरा लागि तपाईं जस्तो हुनु आवश्यक थियो, त्यस्तै हुनुभयो र तपाईंले कहिल्यै गलत कदम चाल्नुभएन।'

जुनमा सम्पन्न विश्वकपमा जर्ज मेसीको अनुपस्थितिले यसअघि नै धेरैको ध्यान खिचेको थियो। जर्जको स्वास्थ्यबारे लगातार आइरहेका अफवाहबीच मेसीको परिवारले प्रतियोगिताका क्रममा सञ्चारमाध्यमलाई 'मानवीय संवेदना' देखाउन आग्रह गरेको थियो।

समूह चरणको खेलमा अल्जेरियाविरुद्ध गोल गरेपछि भावुक हुँदै आँसु झारेका मेसीले आफूले 'खेलकुदबाहिरको एउटा परिस्थितिसँग' जुधिरहेको स्वीकारेका थिए।

आठ पटकका बालोन डी'अर विजेता मेसीले आइतबार रोजारियो नजिकैको पेरेज सहरमा परिवारका सदस्य, आफन्त र अर्जेन्टिनी केही सहकर्मी खेलाडीको उपस्थितिमा बुवालाई अन्तिम बिदाइ दिएका थिए। जोर्गे मेसीको मृत्युको कारण सार्वजनिक गरिएको छैन। तर स्थानीय सञ्चारमाध्यमका अनुसार उनी क्यान्सरपीडित थिए।

# स्लटको रोजाइ क्लब नै

एम्स्टरडम (एपी)- लिभरपुलका पूर्व प्रशिक्षक आर्ने स्लटले बुधबार डच टिमको जिम्मेवारी सम्हाल्नुको सट्टा आफू क्लब फुटबलमै केन्द्रित हुन चाहेको बताएका छन्। यससँगै उनले नेदरल्यान्ड्सको राष्ट्रिय टिमको प्रशिक्षक बन्न त्यहाँको फुटबल संघसँग भइरहेको संवाद तोडेको पनि बताए।

उनलाई पछिल्लो सिजन लिभरपुलले बर्खास्त गरेको थियो। त्यस अगाडि ४७ वर्षीय प्रशिक्षकले लिभरपुलका लागि २० औं लिग उपाधि जितेका थिए। गत सिजन भने लिभरपुल निराशाजनक रूपमा पाँचौं स्थानमा रह्यो। विश्वकप २०२६ मा नेदरल्यान्ड्स बाहिरिएपछि प्रशिक्षक रोनाल्ड कोमनले राजीनामा दिएका थिए।

त्यससँगै डच टिमको प्रशिक्षक पद खाली थियो। नेदरल्यान्ड्स अन्तिम ३२ को खेलमा मोरक्कोसँग पेनाल्टी शुटआउटमा पराजित थियो। स्लटले सन् २०२३ मा फेयर्नउडका लागि डच माथिल्लो डिभिजनको लिग उपाधि पनि जितेका थिए। उनले अहिलेका लागि आफूलाई क्लब प्रशिक्षकमै केन्द्रित हुन ठीक लागेको बताए।

उनी भन्छन्, 'अहिलेको मेरो प्रशिक्षक जीवनमा म टिमसँग प्रत्येक दिन प्रशिक्षण गर्न चाहन्छु। यो तथ्य डच टिमबाट सम्भव हुन्न। मलाई के लाग्छ भने अहिले मेरो लागि क्लब फुटबलमा संलग्न रहनु ठीक हो।' उनले भविष्यमा कुनै दिन डच टिम सम्हाल्ने सपना भने अझै कायम रहेको बताए।




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रधानसम्पादक : गोकर्ण अवस्थी